# अनुसूची - ५

## विभिन्न मितिमा गठन गरिएका उप समिति/कार्यदलमा रहनु भएका मा० सदस्यहरुको नामावली र उपसमितिका प्रतिवेदनहरु

| सि.नं. | उप समिति /कार्यदल गठन मिति | मा० सदस्यको नामावली | कार्यक्षेत्र | कार्यावधि | प्रतिवेदन पेश गरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०६५।९।९ | मा. श्री मंगलसिद्धि मानन्धर – संयोजक<br>मा. श्री नरहरी आचार्य<br>मा. श्री निलम के.सी. (खड्का)<br>मा. श्री प्रतिभा राणा<br>मा. श्री रामकुमार शर्मा<br>मा. श्री सर्वदेव प्रसाद ओझा<br>मा. श्री हितमान शाक्य | समितिको कार्य तालिका तथा कार्य विवरण निर्माण गर्ने उपसमिति । | ३ दिन | २०६५।९।१३ | |
| २ | २०६५।१०।२७ | मा. श्री मंगलसिद्धि मानन्धर – संयोजक<br>मा. श्री नरहरी आचार्य<br>मा. श्री प्रतिभा राणा<br>मा. श्री रामकुमार शर्मा<br>मा. श्री लक्की शेर्पा<br>मा. श्री विश्वभक्त दुलाल<br>मा. श्री सर्वदेव प्रसाद ओझा | जनताको राय सुझाव संकलन गर्ने प्रयोजनका लागि प्रश्नावली तयार गर्ने उपसमिति । | ३ दिन | २०६५।१०।२९ | |
| ३ | २०६५।१२।२९ | मा. श्री चन्द्रदेव जोशी – संयोजक<br>मा. श्री अनिल कुमार झा<br>मा. श्री आरजु राणा देउवा<br>मा. श्री ओनसरी घर्ति मगर<br>मा. श्री नरहरी आचार्य<br>मा. श्री नारायण मान विजुक्छे<br>मा. श्री निलम के.सी. (खडका)<br>मा. श्री प्रतिभा राणा<br>मा. श्री वुद्धरत्न मानन्धर<br>मा. श्री मंगलसिद्धि मानन्धर<br>मा. श्री रामकुमार शर्मा<br>मा. श्री विश्वभक्त दुलाल<br>मा. श्री शंकर पोखरेल<br>मा. श्री सन्त वहादुर नेपाली<br>मा. श्री सर्वदेव प्रसाद ओझा<br>मा. श्री हितमान शाक्य | समितिको कार्य क्षेत्र भित्र पर्ने अवधारणापत्रको बुदाँहरु तयार गरी प्रारम्भिक मस्यौदा तयार गर्ने उपसमिति । | १८ दिन | २०६६।१।६ | |
| ४ | २०६५।१२।२९ | १. मा० डा. मंगलसिद्धि मानन्धर – संयोजक<br>मा० श्री ओनसरी घर्तिमगर<br>मा० श्री सन्तबहादुर नेपाली | परिच्छेद १ र ५ को अवधारणापत्रको मस्यौदा तयार गर्ने कार्यदल । | ३ दिन | २०६६।१।५ | |
| | २०६५।१२।२९ | २. मा० श्री नरहरि आचार्य – संयोजक<br>मा० श्री सर्वदेव ओझा<br>मा० श्री नारायणमान विजुक्छे | परिच्छेद २ र ३ को अवधारणापत्रको मस्यौदा तयार गर्ने कार्यदल । | " | " | |
| | २०६५।१२।२९ | ३. मा० श्री हितमान शाक्य – संयोजक<br>मा० डा. आरजु राणा देउवा<br>मा० श्री रामकुमार शर्मा | परिच्छेद ६ र ७ को अवधारणापत्रको मस्यौदा तयार गर्ने कार्यदल । | " | " | |
| | २०६५।१२।२९ | ४. मा० श्री विश्वभक्त दुलाल – संयोजक<br>मा० श्री प्रतिभा राणा<br>मा० श्री निलम के.सी (खड्का) | परिच्छेद ८ र ९ को अवधारणापत्रको मस्यौदा तयार गर्ने कार्यदल । | " | " | |
| | २०६५।१२।२९ | ५. मा० श्री शंकर पोखेल – संयोजक<br>मा० श्री बुद्धरत्न मानन्धर<br>मा० श्री अनिल कुमार झा | परिच्छेद ४ को अवधारणापत्रको मस्यौदा तयार गर्ने कार्यदल । | " | " | |
| ५ | २०६६।१।१८ | मा० डा. मंगलसिद्धि मानन्धर – संयोजक<br>मा० श्री नरहरि आचार्य | कार्यदलले तयार गरेको अवधारणापत्रको मस्यौदामा रहनु पर्ने | ४ दिन | २०६६।१।२२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मा० श्री हितमान शाक्य<br>मा० श्री विश्वभक्त दुलाल<br>मा० श्री शंकर पोखेल<br>मा० श्री अनिल कुमार झा<br>मा० श्री प्रतिभा राणा | विषयहरुको छनौट, वर्गीकरण, सम्पादन, परिमार्जन गरी मस्यौदा सम्पादन गर्ने कार्यदल । | | | |
| ६ | २०६६।५।९ | मा० श्री हितमान शाक्य – संयोजक<br>मा० श्री जयप्रकाश प्रसाद गुप्ता<br>मा० श्री नरहरि आचार्य<br>मा० श्री प्रतिभा राणा<br>मा० डा. मंगलसिद्धि मानन्धर | समितिको कार्यक्षेत्र भित्र पर्ने विषयमा संविधानको प्रारम्भिक मस्यौदा गरी पेश गर्ने । | | २०६६।८।३० | |
| ७ | २०६६।६।४ | मा० श्री हितमान शाक्य – संयोजक<br>मा० श्री जयप्रकाश प्रसाद गुप्ता<br>मा० श्री नरहरि आचार्य<br>मा० श्री प्रतिभा राणा<br>मा० डा. मंगलसिद्धि मानन्धर | प्रदेशको संख्या, सीमाना र नामकरण सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने । | | २०६६।९।३० | |

समितिको कार्य क्षेत्र भित्रका विषयमा विभिन्न मितिमा गठित उपसमितिले पेश गरेको प्रतिवेदन ।

## मिति २०६५/९/९ मा गठित उपसमितिको प्रतिवेदन

### भूमिका

संविधानसभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको वांडफांड समितिको मिति २०६५।९।९ गतेको वैठकको निर्णय अनुसार ७ सदस्यीय कार्यदल गठन भएको थियो । कार्यदललाई समितिको कार्यक्षेत्रको विवरण सहितको कार्यसम्पन्न गर्ने कार्यतालिका निर्माण गर्ने, विशेषज्ञ सेवा लिनुपर्ने क्षेत्रको पहिचान गर्ने, सदस्यहरुको क्षमता अभिवृद्धि गर्नको लागि गर्नुपर्ने कार्यहरु र समितिको कार्यक्षेत्रको लागि आवश्यक पर्ने सन्दर्भ सामाग्रीहरुको सूची तयार गरी प्रतिवेदन पेश गर्ने कार्यक्षेत्र तोकिएको र समितिको २०६५।९।१३ गतेको वैठकमा पेश गर्ने गरी कार्यावधि तोकिएको थियो ।

२०६५।९।९ गते ऐ.१० र ११ गते गरी जम्मा ३ दिन कार्यदलको वैठक वस्यो । कार्यदलले समितिमा माननीय सदस्यहरुले उठाउनु भएका विषय, सचिवालयले तयार गरेको प्रारम्भिक खाका, कार्यदलका सदस्यहरु बीच विस्तृत छलफल गरी आफ्नो राय सुझाव सहित समितिको वैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गऱ्यो ।

३ दिनको समयमा ४ वटा विषयहरुमा छलफल गरी कार्यदलले समितिमा प्रतिवेदन वुझाउनु पर्ने स्थितिलाई मध्यनजर राखेर यो प्रतिवेदन तयार गरिएको छ। उक्त प्रतिवेदनमा मा.सदस्यहरुको भावना, दृष्टिकोणलाई समावेश गर्ने प्रयास गरिएको छ ।

२०६५ साल मार्ग १ गते संविधानसभाबाट पारित कार्यतालिका अनुरुप समितिलाई कार्यसम्पादन गर्न चुनौतीपूर्ण रहेको छ । संविधान निर्माण जटिल र गहन विषय रहेको र त्यसमा पनि राज्यको पुनर्संरचना र राज्यशक्तिको वांडफांड जस्तो नौलो विषय रहेको भएबाट वृहत छलफल गरी सैद्धान्तिक व्यावहारिक अवधारणा वनाई विभिन्न दृष्टिकोणबाट छलफल गर्नुपर्ने भएकोले लामो समय लाग्न सक्ने देखिन्छ ।
उक्त प्रतिवेदन तयार गर्न सहयोग गर्नु हुने सवै महानुभावमा कार्यदल धन्यवाद दिन चाहन्छ ।

❄

१. **कार्यदल गठनः**
संविधानसभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको वांडफांड समितिको मिति २०६५।९।९ गतेको वैठकले देहायका सदस्यहरु रहेको ७ सदस्यीय कार्यदल गठन गरेको थियो ।
१. मा.डा. मंगलसिद्धि मानन्धर
२. मा.श्री हितमान शाक्य,
३. मा.श्री नरहरि आचार्य,
४. मा.श्री सर्वदेव ओझा,
५. मा.श्री रामकुमार शर्मा,

६. मा.श्री प्रतिभा राणा

७. मा.श्री निलम के.सी.(खड्का)

२. **अवधिः**

यस कार्यदललाई ३ दिनको समयावधि तोकिएको थियो ।

३. **कार्यक्षेत्रः**

यस कार्यदललाई ४ वटा विषयमा राय सुझाव सहित प्रतिवेदन पेश गर्ने कार्यक्षेत्र निर्धारण गरिएको थियो ।

क. समितिको कार्यविवरण र कार्यतालिका निर्माण गर्ने

ख. विशेषज्ञ सेवा चाहिने क्षेत्रको पहिचान गर्ने

ग सदस्यहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रमको पहिचान गर्ने ।

घ. संविधान निर्माणका लागि सन्दर्भ सामाग्रीको सूची तयार गर्ने ।

४. **कार्यहरुः**

कार्यदलले आफुलाई प्राप्त भएको कार्यादेश अनुसार कार्य सम्पन्न गर्न कार्यदलको सदस्यहरु मध्येबाट मा.डा.मंगलसिद्धि मानन्धरलाई संयोजक चयन गरेको थियो । उक्त कार्यदलले मिति २०६५।९।९, १० र ११ गते वैठक वसी छलफल ग-यो । कार्यदलले मा.सदस्यहरुले समितिमा राख्नु भएका धारणा, सचिवालयले पेश गरेको प्रारम्भिक खाका, कार्यदलका सदस्यहरु वीच भएको छलफलको आधारमा प्रस्तुत प्रतिवेदन तयार गरेको छ।

क. **समितिको कार्यतालिका**

समितिको कार्यक्षेत्र भित्र पर्ने विषयहरुको पहिचान र सो कार्य सम्पन्न गर्नका लागि लाग्ने समय उल्लेख भएको कार्यतालिका विवरण यसैसाथ संलग्न गरिएको छ ।

कार्यदलमा छलफल हुंदा २०६५।९।१ मा संविधानसभाबाट पारित कार्यतालिकालाई आधार लिई यो प्रतिवेदन पेश गरिएको छ।

ख. **विशेषज्ञको सेवा क्षेत्र**

नेपालको इतिहासमा राज्यको पुनर्संरचना र राज्यशक्तिको वांडफांड सम्वन्धी कार्य पहिलो पल्ट हुन लागेकोले यस विषयमा विशेषज्ञहरुको आवश्यकता पर्ने ठहर गरिएको छ। विशेषज्ञ चाहिने क्षेत्र, संख्या र समयावधिका वारेको विवरण यसैसाथ संलग्न छ ।

ग. **समितिका सदस्यहरुको क्षमता अभिवृद्धि सम्वन्धमा**

समितिका सदस्यहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धिका कार्यक्रम आवश्यक पर्ने र यो निरन्तर रुपमा संचालन गर्नुपर्ने जसले गर्दा समितिका काम कारवाईमा स्तरियता आउने र वढी उपयोगी व्यावहारिक र कार्यान्वयन गर्न मद्दत पुग्न जाने देखिन्छ । सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमको विवरण यसैसाथ संलग्न छ ।

घ. **सन्दर्भ सामाग्री**

संविधान निर्माण प्रक्रिया आफैमा जटिल र लामो समय लाग्ने विषय भएकोले प्रचुर मात्रामा सन्दर्भ सामाग्रीको आवश्यकता महसुस गरिएको छ । संसारमा संघीय पद्धति अपनाएका मुलुकहरुको अभ्यास अनुभव हाम्रा लागि सन्दर्भ सामाग्री हुन सक्ने भएकोले राज्यको पुनर्संरचना, संघीयता, राज्यको शक्तिवांडफांड जस्ता विषयमा लेखिएका पुस्तकहरु वढी उपयोगी र व्यावहारिक हुने देखिएकोले सोको विवरण यसैसाथ संलग्न गरिएको छ।

सन्दर्भ सामाग्री वजारमा प्रकाशनमा आइरहने भएकोले पछिका दिनमा पुन सामग्री छनोट गरी सिफारिस गरिनेछ ।

५. **कार्यदलको सुझावः**

राज्यको पुनर्संरचना र राज्यशक्तिको वांडफांड जस्तो नौलो, गहन र जटिल विषयको वारेमा निर्धारित समयमा अध्ययन विश्लेषण गरी राय सुझाव दिन समयको अप्रयाप्तता हुने देखिएकोले समितिको यसमा गंभिर ध्यानाकर्षण हुनु पर्दछ भन्ने विषयमा कार्यदलले सर्वसम्मति रुपमा सुझाव दिने निर्णय गरेको छ ।

## मिति २०६६/५/९ मा गठित उपसमितिको प्रतिवेदन

### १. उपसमिति गठन

राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले मिति २०६६।५।९ को बैठकले अवधारणापत्रको आधारमा मस्यौदा लेखन गर्न देहायका मा० सदस्यहरु रहको ५ सदस्यीय उपसमिति गठन गरेको थियो । सोही उपसमितिलाई समितिको मिति २०६६।६।४ को बैठकको निर्णयबाट संघीय एकाइको क्षेत्र निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न जिम्मेवारी तोकिएको थियो ।

(१) मा० श्री जयप्रकाश प्रसाद गुप्ता

(२) मा० श्री नरहरि आचार्य

(३) मा० श्री प्रतिभा राणा

(४) मा० डा. मंगलसिद्धि मानन्धर

(५) मा० श्री हितमान शाक्य

उपसमितिको मिति २०६६।५।१८ को बैठकले उपसमितिका सदस्य मा० श्री हितमान शाक्यलाई उपसमितिको संयोजक तोकि कार्य प्रारम्भ गऱ्यो । उपसमितिको ३१ वटा बैठक बसेको थियो ।

### २. कार्यक्षेत्र

संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सम्बन्धमा प्रदेशको संख्या, सीमाना, नामाकरण र राजधानीका सम्बन्धमा राय सुझाव सहितको प्रतिवेदन समितिमा पेश गर्ने गरी कार्यक्षेत्र तोकिएको थियो ।

### ३. अवधि

संविधान सभाले तय गरेको कार्यतालिकालाई मध्यनजर गरेर आफ्नो कार्य सम्पादन गर्नु पर्ने गरी कार्यावधि तोकिएको थियो ।

### ४. अध्ययनको सीमा

क) प्रदेशको संख्या, सिमाना, नामाकरण, प्रादेशिक र संघीय राजधानीको छनौटको विषयमा केन्द्रीत रही प्रतिवेदन तयार गरिएको छ ।

ख) सीमाङ्कन गर्दा स्थलगत अध्ययन गर्नु पर्ने भए पनि सो समय सीमा भित्र संभव नभएकोले नापि विभागबाट उपलब्ध नक्शाका आधारमा गरिएको छ । साथै भौगोलिक सूचना प्रणाली (GIS) प्रयोग गरी प्रस्ताव तयार गरिएको छ ।

ग) संविधानसभा तथा व्यवस्थापिका संसदको बैठक चलिरहेको कारणले उपसमितिलाई आफ्नो कार्य सम्पादन गर्न पर्याप्त समय उपलब्ध हुन नसकेकोले समितिले अवधारणापत्रमा तय गरेका आधार र विधिलाई समय सीमा भित्र रही संभव भएसम्म विस्तृत रुपमा अध्ययन विश्लेषण गर्ने कोशिस गरिएको छ ।

घ) समितिबाट प्रत्यक्ष रुपमा लिइएका विशेषज्ञहरुको धारणा र राय सुझावलाई पनि उपसमितिले ध्यानमा राखि कार्य गरेको छ ।

ङ) सरोकारवालाहरुसँग प्रत्यक्ष सम्बाद गर्न सकिएको छैन ।

### ५. सीमाङ्कनका आधारहरु र विधिहरु

उपसमितिले औपचारिक र अनौपचारिक बैठक गरी छलफल र सम्वादको माध्यमबाट समझदारीको भावना विकास गर्दै सहमतिका आधारमा आफ्नो कार्य सम्पादन गर्न निरन्तर रुपमा लागि रह्यो । उपसमितिले समितिमा प्राप्त भएका राजनैतिक दल एवं सभासदहरुद्वारा प्रस्तुत गरिएका नक्शा र अवधारणा र समितिमा सदस्यहरुद्वारा व्यक्त भएका धारणाहरु तथा समितिको अवधारणापत्रमा स्वीकार गरिएका आधार, सिद्धान्त र विधिलाई समेत आधार बनाई छलफल गऱ्यो । राजनैतिक पार्टी र मा० सदस्यहरुद्वारा समितिमा प्रस्तुत भएका सबै नक्शाहरु अनुसूचीमा दिइएको छ । स्वदेश र विदेशी विद्वानहरुका धारणालाई समेत ध्यान दिएको छ ।

समितिले तय गरेको पहिचानको आधार अन्तर्गत जाति/समुदाय, भाषा एवं सांस्कृतिक, भौगोलिक र क्षेत्रगत निरन्तरता र सामर्थ्यका आधार अन्तर्गत आर्थिक अन्तर सम्बन्ध र सामर्थ्य, पूर्वाधार विकासको अवस्था र संभावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमता जस्ता विषयहरुलाई अध्ययन विश्लेषण गरिएको छ ।

जातिय/समुदाय, भाषा, सांस्कृतिक पक्षलाई मिले सम्म एकै ठाउँमा राख्ने, ऐतिहासिक तथा भौगोलिक निरन्तरतालाई कायम गर्ने, क्षेत्रीय उत्पीडनलाई ख्याल गरी क्षेत्र निर्धारण, रेखाङ्कन र सीमाङ्कन गर्ने विधि अपनाइएको छ । केही ठाउँमा माथि उल्लेख गरिएका विधिहरु अबलम्बन गर्न नसकिएको विषयलाई यथार्थमा स्वीकार गरिएको छ । जुन नक्शाबाट स्पष्ट देखिन्छ ।

- ❖ देशको जनसंख्याको १% भन्दा माथि रहेका जाति/समुदाय र १% भन्दा वढि बोलिने भाषालाई आधार मानेर जाति/समुदायहरुको बस्तीहरुको झुण्ड (Cluster)लाई पहिलो रेखाङ्कन गरिएको थियो ।
- ❖ उक्त रेखाङ्कन कार्यबाट एउटा जाति/समुदायको निरन्तर क्षेत्र/झुण्ड (Cluster) भित्र परेका फरक जाति/समुदाय, भाषि भएपनि त्यसै भित्र समावेश गरिएको छ ।
- ❖ कतिपय बहुसंख्यक जाति/समुदायहरुको बसोबास रहेका गाउँहरुलाई भने जोडिएका जुनसुकै प्रदेशहरुमा राख्न सकिने अवस्थामा बहुसंख्यक जाति जता छन् उतै राख्ने मान्यतालाई आधार बनाएर सीमाङ्कन गरिएको छ र सीमाङ्कन गर्दा प्राकृतिक सीमाना नदी, पानी ढलो र पहाडलाई आधार मानिएको छ ।
- ❖ सामर्थ्यता र प्रायः धेरै झुण्ड (Cluster) हरुमा कुनै जाति/समुदायको बहुमत नभएकोले प्रदेशको संख्या थोरै हुनु पर्दछ भन्ने मान्यतालाई ध्यानमा राखेर पनि प्रदेशहरुको निर्माण गरिएको छ ।
- ❖ प्रदेशहरुको नामकरण गर्दा समितिको अवधारणापत्रमा स्वीकार गरिएका आधार एवं जनताका सुझाव समेतलाई मध्यनजर गरी नामकरण गरिएको छ । प्रदेशको संख्या र सीमाना नक्शा सहित अनुसूचीमा समावेश गरिएको छ ।

**६. राजधानी**

६.१ प्रादेशिक राजधानी प्रदेशको केन्द्रविन्दु मानेर प्रस्ताव गरिएको छ । केन्द्रविन्दुमा कुनै शहर नपरेको स्थितिमा नजिकको शहरलाई प्रस्तावित गरिएको छ । जुन अनुसूचीमा उल्लेख छ ।

६.२ संघीय राजधानी संघीय सरकारले निर्धारण गरेको स्थानमा रहने प्रस्ताव गरिएको छ ।


**७. राय सुझाव**

उपसमितिले लामो छलफल एवं सम्वाद पछि समितिले तय गरेको प्रदेश सिमाङ्कनका विधि अनुरुप प्राविधिकहरुको सहयोगबाट जाति/समुदायको झुण्ड (Cluster) हरुको निर्माण गरी रेखाङ्कन पछि त्यसलाई परिमार्जन गरी सिमाङ्कन गर्ने कार्य गरिएको छ । प्रदेशको निर्माण गर्दा विभिन्न प्रस्तावहरु र विकल्पहरुको बारेमा छलफल गरिएको छ । राजनैतिक पार्टीले र मा० सदस्यहरुले प्रस्तुत गरेका नक्शाहरुको आधारमा एउटै नक्शाको प्रस्तावमा सहमति हुन नसकिएकोले गर्दा दुई वटा विकल्पहरु सहित समितिमा आफ्नो राय सुझाव पेश गर्न व्यावहारिक र उपयोगी ठानी २ वटा प्रस्तावहरु समितिमा पेश गर्ने उपसमितिको राय रहेको छ ।

प्रदेशको संख्या निर्धारण गर्ने र नक्शामा सीमाङ्कन (Delimitation) कार्य राजनैतिक भए पनि स्थलगत सीमाङ्कन (Demarcation) गर्ने कार्य प्राविधिकबाट हुने कार्य हो । थोरै समयमा सबै पक्षहरुलाई अध्ययन एवं विश्लेषण गर्न नसकिने र कतिपय भौगोलिक स्थानको बारेमा जानकारी हुन नसक्ने भएकाले परिमार्जनका लागि प्राविधिक समितिबाट स्थलगत अध्ययन अवलोकन पश्चात राय सुझाव प्रस्तुत गर्न सकिएको भए वढि व्यावहारिक र उपयोगी हुन सक्ने भएकोले अन्तिम सिमाङ्कनको काम प्राविधिक समितिबाट गरिनु पर्दछ । यसरी सिमाङ्कन परिमार्जन गर्दा मा० सदस्यहरुले समितिमा अभिव्यक्त गर्नु भएका धारणा र सरोकारवालासँगको प्रत्यक्ष सम्वाद एवं सहमति र स्थलगत अध्ययन अवलोकन पश्चात् गरिनु पर्दछ भन्ने राय सुझाव प्रस्ताव गरिएको छ । प्रदेशको संख्या, सिमाना, नामकरण र राजधानी अनुसूचीमा उल्लेख गरिएको छ ।

# उपसमितिको प्रतिवेदन अनुसारको नक्शाहरु



## उपससमितिको प्रतिवेदनमा मा० जयप्रकाश प्रसाद गुप्ताले राख्नु भएको फरक मत

श्री संयोजक ज्यू
उप समिति
राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समिति

बिषय :- गंभीर असहमति जनाएको ।

उपरोक्त सम्बन्धमा यस उप समितिले भावी प्रदेशहरूको संख्या, सीमांकन र नामांकन गर्ने सन्दर्भमा संयोजक ज्यूको प्रतिवेदनका साथ प्रस्तुत भएको नक्सा तथा राज्यको स्वरुपका सन्दर्भमा मेरो गंभीर असहमति रहेको विधिवत् अवगत गराउन चाहन्छु ।

१) उप समितिमा, पूर्ण समितिका समक्ष दुई वटा वैकल्पिक नक्साहरू प्रस्तुत गर्ने छलफल भएको हो । यसै क्रममा प्रथमतः पुरै मुलुकमा विद्यमान रहेको जातीय, भाषिक, क्षेत्रीय र सामुदायिक आवादीहरू ( cluster) छुट्याउनु पर्ने सहमति अनुसार पहाडमा १० भाग (cluster) र मधेसमा ४ भाग (cluster) देखाईयो । यो कार्य समान सिद्धान्तबाट गरिएन । पहाडी क्षेत्रमा केही अपवाद बाहेक जातिगत रुपमा छुट्याईयो भने मधेसमा मिश्रित बसोबास र भाषाको आधार लिईयो ।

२) उपयुर्क्त अनुसारको १४ वटा क्षेत्रलाई प्रारम्भिक आधार मात्र मान्दै राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समितिको अवधारणा पत्रमा स्वीकार गरिएको पहिचानको ५ आधार र सामर्थ्यको ४ आधार अनुसार परिमार्जन गरी दुई वटा वैकल्पिक नक्सा प्रस्ताव गर्ने छलफल भएको हो ।

३) अहिले यस उप समितिमा प्रतिवेदनको मस्यौदा साथ पेश भएको नक्सा उपयुर्क्त छलफलको सर्वथा विपरित प्रस्तुत भएको हो । यसमा राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समितिको अवधारणा पत्रमा स्वीकार गरिएको पहिचानको ५ आधार र सामर्थ्यको ४ आधारलाई प्रायसः ध्यान नदिईएको र मधेस भनौ वा तराई क्षेत्रमा सम्पूर्ण रूपबाट प्रदेश निर्माणको आधार सम्बन्धि अवधारणाको उलंघन गरिएको छ ।

तसर्थ, यस उप समिति समक्ष पारित हुन पेश भएको दस्तावेज प्रति मेरो गंभीर असहमति रहेको जनाउन चाहन्छु । यस सन्दर्भमा म मेरो सविस्तार धारणा तथा आधारहरू समिति समक्ष राख्ने नै छु । धन्यवाद ।

भवदीय

जय प्रकाश प्रसाद गुप्ता
सदस्य,उप समिति

पौष ३०, २०६६

## अनुसूची - ६

### समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा समितिको बैठकमा राय सुझाव दिनुहुने विशेषज्ञहरुको नामावली

| सि.नं. | विशेषज्ञको नाम | विषय | बैठक मिति | कैफियत |
|---|---|---|---|---|
| १ | डा. पीताम्बर शर्मा | संघीय एकाइको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधार | २०६५।१०।२२ | |
| २ | डा. ओम गुरुङ्ग | संघीय एकाइको क्षेत्र निर्धारण गर्ने सिद्धान्त र आधार | २०६५।१०।२६ | |
| ३ | श्री मोहन प्रसाद बन्जाडे<br>सचिव, नेपाल कानून आयोग | संघीय एकाइ वीच विधायीकि, कार्यकारीणि र न्यायिक अधिकारको बाँडफाँड | २०६५।१०।२९ | |
| ४ | श्री काशीराज दाहाल<br>अध्यक्ष, प्रशासकीय अदालत | संघीय एकाइ वीच विधायीकि, कार्यकारीणि र न्यायिक अधिकारको अन्तर सम्बन्ध निर्धारण | २०६५।११।२ | |
| ५ | डा. अधिवक्ता श्री भिमार्जुन आचार्य | संघीयताका चुनौती | २०६५।११।२ | |
| ६ | डा. श्री युवराज संग्रौला | संघीय एकाइहरु वीच उत्पन्न हुन सक्ने विवाद समाधान गर्ने संयन्त्रका बारेमा | २०६६।६।४ | |
| ७ | अधिवक्ता श्री दिनेश त्रिपाठी | संघीय एकाइहरु वीच उत्पन्न हुन सक्ने विवाद समाधान गर्ने संयन्त्रका बारेमा | २०६६।६।४ | |

# अनुसूची - ७

## राज्य पूर्नसंरचना र राज्य शक्तिको बाँडफाँड समितिसंग सम्बन्धित विषयमा भएका गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रमको विवरण

| सि. नं. | कार्यक्रमको नाम | आयोजक संस्थाको नाम | कार्यपत्र प्रस्तोता/ टिप्पणी कर्ताको नाम | विषय | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अन्तरक्रिया | कानून, न्याय तथा संविधानसभा व्यवस्था मन्त्रालय | डा. युवराज संग्रौला डा. सूर्य ढुङ्गेल | संघीय राज्यका नमूनाहरु | २०६५।९।१८ | ने.प्र.प्र.प्र, जावलाखेल | |
| २ | अन्तरक्रियात्मक गोष्ठी | राष्ट्रिय शान्ति अभियान | प्रा. कृष्ण खनाल | राज्यको पुनर्संरचना, संघीयता र अधिकारहरुको बाँडफाँड | २०६५।१०।२० र २०६५।१०।२१ | गोदावरी भिलेज, ललितपुर | |
| | | | डा. शंकर शर्मा | वित्तीय व्यवस्थापन | | | |
| | | | श्री सुनील कुमार पोखरेल | प्राकृतिक स्रोतसाधनहरुको बाँडफाँड | | | |
| | | | श्री बालकृष्ण माबुहाङ | विविधताको व्यवस्थापन | | | |
| ३ | अन्तरक्रियात्मक गोष्ठी | संविधानसभा, क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति | डा. सुर्य ढुंगेल र पुर्णमान शाक्य | अवधारणापत्रमा समावेश गर्नुपर्ने पक्ष र सो को ढाँचा | २०६५।१०।२४ | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर | |
| | | | काशिराज दाहाल र तीर्थमान शाक्य | प्रारम्भिक मस्यौदा तयार गर्दा ध्यान दिनु पर्ने कुराहरु र यसको प्रक्रिया | | | |
| ४ | अन्तरक्रियात्मक गोष्ठी | जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (JICA) | प्रा. कृष्ण खनाल | प्रजातन्त्र र संघीयता | २०६५।११।१२ | | |
| | | | प्रा. लोकराज खनाल | प्रजातान्त्रिक प्रक्रियालाई स्थायीत्व प्रदान गर्ने समस्याहरु | २०६५।११।१२ | | |
| | | | प्रा. रेई शिरातोरी | संघीयता, निक्षेपण, केन्द्रीय विकेन्द्रीकरण | २०६५।११।१२ | | |
| | | | डा. केश्ची हासीमोतो | संघीयता द्वन्द्व उप्रान्तको राज्यबाट सिकिएका पाठहरु | २०६५।११।१२ | | |
| | | | प्रा. हिरोसी मात्सुओ | विकासको प्रक्रियामा कानूनको शासन र सुशासनको स्थापना | २०६५।११।१२ | | |

अनुसूची - ८

## समितिमा लिखित सुझाव दिने संघ संस्थाहरुको नामावली

१. राप्ती अञ्चलका सिमान्तकृत समुदायको तर्फबाट
२. नेपाल आदिवासी जनजाति महासंघ
३. राष्ट्रिय आदिवासी/जनजाति महिला महासंघ, काठमाडौं, नेपाल
४. राष्ट्रिय महिला सामाजिक मञ्च नेपाल
५. संघीय लिम्बुबान राज्य परिषद
६. संविधानसभा सहयोग संजाल (कोकास)
७. संविधानसभा महिला सभासद् समूह
८. संयुक्त मगर मञ्च, नेपाल
९. संयुक्त लिम्बुवान मोर्चा, नेपाल
१०. सामुदायिक आवाज, रामेछाप
११. सामुदायिक वन उपभोक्ता महासंघ, जाजरकोट
१२. रुकुमेली समाज विकास केन्द्र
१३. बराम राष्ट्रिय मुक्ति मोर्चा
१४. Advocating for the Needs, Dignity, & Rights of Conflict Affected Women
१५. दनुवार जागरण समिति केन्द्रिय कार्यलय
१६. दलित समुदाय, सप्तरी
१७. दलित समुदायको सुझाव, सर्लाही
१८. दलित विकास समाज (डिडिएस), सल्यान
१९. ओरेक नेपाल, बालकुमारी, ललितपुर
२०. आदिवासी तथा जनजाति गैरसरकारी संस्था महासंघ, नेपाल
२१. मानव अधिकार संरक्षण तथा कानूनी सेवा केन्द्र (हरप्लेस), रुकुम
२२. मानवअधिकार सेचतन केन्द्र (हुरेक), रोल्पा
२३. मानवअधिकार, वातावरण र विकास अभियान तथा अनुसन्धान केन्द्र (हुरेड-कार्स), रुकुम
२४. मुस्लिम समुदाय, कपिलवस्तु
२५. मुस्लिम समुदायको सुझाव, बारा
२६. महिला सभासद् समूह, संविधानसभा
२७. महिला कानून र विकास मञ्च
२८. मगरात स्वायत्त प्रदेश
२९. मधेसी गैर सरकार संस्था महासंघ
३०. मधेशी दलित समुदायको आवाज
३१. मधेशी दलित विकास महासंघ, शान्तिनगर, काठमाडौं
३२. मधेशी गैर सरकारी संस्था महासंघ
३३. मधेशी गैरसरकारी संस्था महासंघ, रानीवारी, लाजिम्पाट, काठाडौं
३४. महादेव चक्रकुण्ड युवाक्लब
३५. भूमि तथा प्राकृतिक श्रोत उपर आदिवासीको अधिकार
३६. नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा
३७. नेपाल समता पार्टी
३८. नेपाल डोने विकास समाज, केन्द्रिय कार्यसमिति पाँचखाल
३९. नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
४०. नेपाल अपाङ्ग मानवअधिकार केन्द्र, बत्तीसपुतली काठमाडौं
४१. नेपाल मुस्लिम समाज
४२. नेपाल कम्यूनिष्ट पार्टी माक्सवादी
४३. नेपाल उद्योग वाणिज्य महासंघ, काठमाडौं नेपाल
४४. नेपाल तामाङ घेदुङ, चेपाङ, जिरेल, थामी लगायत
४५. नेपाल शेर्पा संघ
४६. नागरिक समाज, दाङ्ग
४७. नवजागरण वाल आश्रम (एन.जि.वि.ए.), दाङ्ग
४८. जागृत नेपाल, कुपन्डोल
४९. जनआन्दोलनका शहिद परिवार तथा घाइतेको तर्फबाट

५०. Impact of Conflict on Single Women
५१. JAGHRIT NEPAL, Jwagal, Kupondole, Lalitpur
५२. परिवर्तशील दलित युवा जागरण मञ्च, जाजरकोट
५३. जिल्ला विकास समिति महासंघ नेपाल
५४. किरात याक्थुङ चुम्लुङ-२०६४
५५. हिमाली स्वायत्त प्रदेश
५६. हिमाली संग्राम परिषद
५७. हिमाली भोटे लामा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
५८. हिमाली लोकतान्त्रिक गणतान्त्रिक नागरिक मञ्च, नारायणगोपाल चोक, काठमाडौं
५९. हिमालय ग्रामिण प्राकृतिक स्रोत व्यवस्थापन महिला
६०. लोकतान्त्रिक संवाद कार्यक्रम, वालुवाटार
६१. ईनीस-आदिवसी जनजाति बौद्धिक समाज, नेपाल
६२. कोचिला स्वायत्त राज्य परिषद, केन्द्रिय समिति
६३. कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) र जनहित संरक्षण मञ्च (प्रो पब्लिक)
६४. ताम्सालिङ्ग संयुक्त संघर्ष समिति
६५. तामाङ समुदायको आवाज, नेपाल तामाङ घेदुङ
६६. गैर सरकारी संस्था महासंघ
६७. गैर सरकारी संस्था महासंघ, नेपाल
६८. गैर सरकारी संस्था महासंघ, काठमाडौं
६९. गैर सरकारी संस्था महासंघ-नेपाल, काठमाडौं नेपाल
७०. खस क्षत्री संयुक्त राष्ट्रिय मोर्चा
७१. थारु समुदायको सुझाव, रुपन्देही
७२. थारु कल्याणकारी सभा समेत, ८ वटा संगठनहरु
७३. शेर्पा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल
७४. शान्ति अभियान संजाल, नेपाल
७५. शान्तिका लागि साझा अभियान (कोक्याप)

## संघ संस्थाहरुद्वारा समितिमा प्राप्त भएका लिखित सुझावहरुको सारसंक्षेप

### १. सरकारको तह

- कम्तिमा ३ बढिमा ५ हुनु पर्ने ।
- वर्तमान अञ्चललाई संघीय एकाइमा परिणत गर्ने । तिनीहहरुको नामाकरण अञ्चल परिषद वा जनमत संग्रह गरी टुङ्गो लगाउने ।
- समानुपातिक समावेशी सिद्धान्तको आधारमा संघीय राज्य प्रणाली हुनुपर्ने ।
- पाँच तहको (केन्द्र, राज्य, उप राज्य, स्थानीय, नगर/गा.वि.स.) सरकार हुनु पर्ने ।
- हालको करिव १०/१५ गा.वि.स.लाई एउटा जिल्ला बनाउनु पर्ने ।

### २. संघीय एकाइहरुको संख्या र विभाजनका आधारहरु र तिनीहरुको नामाकरण

- २ अञ्चल मिलाएर १ संघीय एकाइ वा ५ विकास क्षेत्रलाई नै संघीय राज्य बनाउने ।
- संघीय राज्य बनाउदा हिमाल, पहाड, तराई समेट्ने गरी ११ वटा संघीय राज्य बनाउने ।
- थरुहट स्वायत्त राज्य हुनुपर्ने ।
- “हिमाली स्वायत्त परिषद” र “जडान भोटे स्वायत्त प्रदेश” हुनुपर्ने ।
- जातिय आधार भन्दा भौगोलिक आधारमा संघीयता हुनुपर्ने ।
  - जनसंख्या र जनसांख्यिक विशेषता
- संघीयताको स्वरुप स्वीजरल्याण्डको जस्तो हुनुपर्ने ।
- प्रान्तिय राज्य गठन गर्दा कुनैपनि समुदाय भाषा भाषीका जनतालाई अप्ठ्यारो नहुने गरी गर्नुपर्ने ।
- जातिय ऐतिहासिक पृष्ठभूमिको आधारमा आत्मनिर्णयको अधिकार सहित लिम्बुवान स्वायत्त राज्य हुनुपर्ने ।
- संघीय एकाइको नामाकरण गर्दा देहायको आधारमा नामाकरण गर्नुपर्ने ।
  - प्राकृतिक श्रोत र साधनको उपलब्धता
  - भौगोलिक अवस्था
  - सामाजिक र सांस्कृतिक विशेषता

- आर्थिक रुपमा धान्न सक्ने आधार हुनु पर्ने ।
- मुस्ताङ्ग, मनाङ्ग र गोरखा गरी लोवाचुम स्वायत्त राज्य हुनुपर्ने ।
- धादिङ्ग, सिन्धुपाल्चोक र रसुवा गरी हयोल्मो-तामाङ्ग स्वायत्त राज्य हुनुपर्ने ।
- दोलखा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ्ग गरी सेर्पा-भोटे स्वायत्त राज्य हुनुपर्ने ।
- कर्णालीलाई क्षतिपूर्ति सहितको स्वायत्त राज्य घोषित गर्नुपर्ने ।
- राज्यलाई जातीय, जनसंख्याको आधारमा नभइ क्षत्रीय आधारमा पुनर्संरचना गर्नुपर्ने ।
- विभिन्न स्वायत्त र स्वशासित क्षेत्र र इलाकाहरु बन्नु पर्ने र आत्मनिर्णयको अधिकार दिनु पर्ने ।
- जातिय स्वशासित राज्य क्षेत्रहरुको निर्धारण र सिमाङ्कन सम्बन्धीत जातिहरुको इतिहास, परम्परा, बसोबास र सांस्कृतिक विशिष्टताको आधारमा गर्नुपर्ने ।
- मगरात स्वायत्त प्रदेशको आधार ऐतिहासिक मुल थलो, जातिय, भाषिक, जनसंख्यिक आधार हुनुपर्ने ।
- राज्यहरुको उप स्वायत्त प्रदेश र इकाइहरुमा कुनै जातिय विशेषको सघन बसोबासको आधारमा जाति विशेषका लागि उप स्वायत्त इकाइ क्षेत्रको व्यवस्था गर्नुपर्ने ।
- तामाङहरुलाई एकिकृत गरी तामाङ स्वायत्त प्रदेश घोषण गर्नु पर्ने ।
- समग्र मधेश एक स्वायत्त प्रदेश हुनु पर्ने ।

**३. संघीय एकाइहरुको अधिकारको बाँडफाँड**

- केन्द्रिय सरकार आर्थिक र कानूनी रुपमा बलियो हुनु पर्ने ।
- प्रान्तिय सरकारलाई केन्द्रिय सरकारले हस्तक्षेप गर्न नहुने ।
- केन्द्रको अधिकारको सूचीमा अर्थ, रक्षा, गृह, जलश्रोत र भूमिसुधार समावेश हुनुपर्ने ।
- जल, जमिन, जङ्गल जस्ता प्राकृतिक स्रोतमा महिलाको अधिकार हुनु पर्ने ।
- केन्द्रीय सरकारले प्रान्तिय सरकारलाई विशेष जिम्मेवारी बनाउनु पर्ने ।
- अल्पसंख्यकहरुको सुरक्षाको ग्यारेन्टी केन्द्रीय सरकारले गर्नुपर्ने ।

**४. विवाद समाधान गर्ने संयन्त्र**

- केन्द्र र प्रदेश वा प्रदेश प्रदेशहरु वीच विवाद उत्पन्न भएमा समाधान गर्ने संयन्त्र संवैधानिक अदालत/संघीयव्यवस्थापिका /संघीय अदालतको व्यवस्था हुनुपर्ने ।

**५. विशेष अधिकार**

- मधेशी, दलित समुदायको केन्द्र र संघीय राज्य तथा स्थानीय निकायमा आरक्षण सहित समानुपातिक प्रतिनिधित्व हुनु पर्ने ।
- राज्यको सबै तहमा दलित समुदायको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने ।
- समाजमा रहेका महिला, दलित, आदिवासी, जनजाती, अपाङ्ग, मधेशी, लैङ्गिक, अल्पसंख्यक, धार्मिक अल्पसंख्यक समुदायको नीति, योजना तथा कार्यक्रमहरुको निमार्ण गर्दा छुट्टै आयोग गठन गर्नु पर्ने । तिनीहरुलाई विशेष व्यवस्थाको नीति अवलम्बन गर्नुपर्ने ।
- प्रत्येक नेपाली नागरिकलाई संघ, राज्य, प्रदेश, स्थानीय भू-भागहरुमा विना रोकतोक स्वतन्त्र रुपमा हिडडुल गर्न पाउने ।
- संघ, प्रान्त, स्थानीय लगायत सरकारको प्रमुख वा उप प्रमुख मध्य एक जना महिला हुनु पर्ने ।
- आदिवासी, जनजातीहरुको जाति, भाषिक तथा सांस्कृतिक पहिचान हुने गरी ILO-169 अनुसार हक अधिकार कायम गर्नुपर्ने ।
- आत्मनिर्णयको अधिकार सहित जातिय सघनता, ऐतिहासिक पृष्ठभूमि, आर्थिक स्रोत र साधनको आधारमा गर्नुपर्ने ।
- राज्य पुनर्संरचना गर्दा दलितको बाहुल्यता भएको क्षेत्रहरुलाई स्वशासन सहितको अधिकार दिनु पर्ने ।
- दलितको निम्ति गैर भौगोलिक संघीय इकाइ बनाउनु पर्ने ।
- मधेशी दलित समुदायको जनसंख्याको आधारमा अनिवार्य रुपमा समानुपातिक प्रतिनिधित्व हुनु पर्ने ।

(क)

संविधानसभा

# राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

## जनताको राय सुझावको लागि तयार प्रश्नावली

**जानकारीः–** संलग्न प्रश्नावलीमा प्रश्न नं. १ देखि ११ सम्म वस्तुगत प्रश्नहरु र प्रश्न नं.१२ मा विषयगत प्रश्न उल्लेख छन् । प्रश्न नं. १ देखि ११ सम्मका प्रश्नहरुको हकमा दिइएका विकल्पहरु मध्ये दाँया पट्टीको बक्समा कुनै तीन भनेको प्रश्नमा तीनवटा र कुनै एक भनेको प्रश्नमा एक मात्र विकल्प रोज्दा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नु होला । प्रश्न नं. १२ को हकमा राय सुझाव उल्लेख गर्दा तोकिएको स्थानमा बुँदागत रुपमा लेख्नु होला ।

उत्तरदाताको नाम थरः- ..........................................................................

जिल्लाः ......................... न.पा. / गा.वि.सः: ............ वडा नं.: ...........

लिङ्गः- ............. उमेरः .................... शैक्षिक योग्यताः-...........

१. नेपाललाई संघीय एकाई (प्रदेश/प्रान्त)मा विभाजन गर्ने आधारहरु के के हुन सक्छन् ? दिइएका विकल्प मध्ये आफूले रोजेको प्राथमिकता क्रममा दायाँ पट्टी रहेको बक्समा कुनै तीनवटा संख्या उल्लेख गर्नुहोस् ।

| | | |
|---|---|---|
| | | |

१) भौगोलिकता (प्राकृतिक भूबनोट)- २५%
२) जाति - १६%
३) भाषा - १३.२%
४) संस्कृति - ४.८%
५) जनसंख्या - १०.६%
६) आर्थिक सम्भाव्यता/सवलता - ६.८%
७) ऐतिहासिक पहिचान - ६.७%
८) प्राकृतिक स्रोत/सम्पदा - ८.९%
९) क्षेत्र - ७.४%
१०) अन्य ........... - ०.६%

२. संघीय एकाइ (प्रदेश/प्रान्त)को नामाकरण निम्न मध्ये कुन आधारमा गर्न उपयुक्त देख्नुहुन्छ ? दिइएका विकल्प मध्ये आफूले रोजेको प्राथमिकता क्रममा दायाँ पट्टी रहेको बक्समा कुनै तीनवटा संख्या उल्लेख गर्नुहोस् ।

| | | |
|---|---|---|
| | | |

१) जाति - १७.२%
२) धार्मिक स्थल - ६.३%
३) सांस्कृतिक पहिचान - ९%
४) राष्ट्रिय विभूति - ५.४%
५) भाषा - ११.१%
६) भूगोल - १२.१%
७) हिमाली चुचुरा - ७.९%
८) नदीनाला - ९.९%
९) ऐतिहासिक स्थल - ९.५%
१०) क्षेत्रीय पहिचान - १०.५%
११) अन्य ..........- १%

३. नेपाललाई के कति संघीय एकाई (प्रदेश/प्रान्त)मा विभाजन गर्न उपयुक्त देख्नु हुन्छ ? कुनै एउटा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नुहोस् ।

१) ३ - ५.८%
२) ४ - २.१%
३) ५ - ८.६%
४) ६ - ४%
५) ७ - ५.६%
६) ८ - २.४%
७) ९ - ४.१%
८) १० - ३.७%
९) ११ - ७.८%
१०) १२ - ५.२%
११) १३ - २१.४%
१२) १४ - ९.४%
१३) १५ - १५.५%
१४) अन्य ....- ४.४%

४. संघीय एकाई (प्रदेश/प्रान्त)को सिमाना निर्धारण के को आधारमा गर्नु उपयुक्त हुन्छ ? कुनै एउटा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नुहोस् ।

१) जिल्ला - ४३.१%
२) गा.वि.स. - १८.८%
३. जातीय सघन उपस्थिति - ३८.३%

५. नेपालमा कति तहको सरकारको आवश्यकता देख्नु हुन्छ ? कुनै एउटा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नुहोस् ।

१) ३ तह - ५४.९%
२) ४ तह - २१.८%
३) अन्य .........- २३.२%

६. संघीय एकाई (प्रदेश/प्रान्त)मा कसरी अधिकार बाँडफाँड गर्न उपयुक्त हुन्छ ? कुनै एउटा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नुहोस् ।

१) सबै संघीय एकाईलाई समान अधिकार दिएर- ७१.१%
२) विशेष अधिकार दिएर - २१.९%

३) अन्य ............. - ७%

७. केन्द्र र प्रदेश वा प्रदेश-प्रदेशहरु बीच विवाद उत्पन्न भएमा समाधान गर्ने कस्तो संयन्त्र अपनाउनु उपयुक्त हुन्छ ? कुनै तीनवटा उत्तरहरुको सम्बन्धित क्रम संख्या बक्समा उल्लेख गनुहोस् ।

| | | |
|---|---|---|
| | | |

१) सर्वोच्च अदालत - २०%  २) उच्चस्तरीय आयोग - १७.५%
३) जनमत संग्रह - १४.९%  ४) संघीय एकाईहरु बीच समन्वय गर्ने निकाय - १८.५%
५) संवैधानिक अदालत - १४.२%  ६) संघीय (केन्द्रीय) व्यवस्थापिका - १३.४%
७) अन्य ........... - १.४%

८. केन्द्र, संघीय एकाई (प्रदेश/प्रान्त) र स्थानीय सरकारको अधिकार क्षेत्रको बाँडफाँड कसरी गर्न उपयुक्त होला ? कुनै एउटा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नुहोस् ।

१) केन्द्रीय सरकारले मात्र गर्न पाउने अधिकारको सूची उल्लेख गरेर । - ९.७%
२) प्रदेश सरकारले मात्र गर्न पाउने अधिकारको सूची उल्लेख गरेर । - ५.६%
३) स्थानीय सरकारले मात्र गर्न पाउने अधिकारको सूची उल्लेख गरेर । - ७.१%
४) केन्द्र र प्रदेश सरकारले गर्न पाउने साझा सूची उल्लेख गरेर । - ७.१%
५) प्रदेश र स्थानीय सरकारले गर्न पाउने साझा सूची उल्लेख गरेर । - ४.६%
६) केन्द्र, प्रदेश र स्थानीय सरकारले गर्न पाउने साझा सूची उल्लेख गरेर । - २६.७%
७) केन्द्र, प्रदेश र स्थानीय सरकारले गर्न पाउने अलग अलग सूची उल्लेख गरेर । - ३९.४%
८) अन्य ........................................................................... - ०.१%

९. संविधानमा उल्लेख नगरिएका (अवशिष्ट) अधिकार कसलाई दिन उपयुक्त होला ? कुनै एउटा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नुहोस् ।

१) संघीय (केन्द्रीय) सरकारलाई - ३८.४%  २) संघीय एकाई (प्रदेश/प्रान्त)का सरकारलाई - २४.२%
३) संघीय व्यवस्थापिका - ३४.३%  ४) अन्य ...................... - ३.१%

१०. संघीय संरचना निर्माण गर्दा दलितको निम्ति गैर भौगोलिक संघीय एकाइ बनाउनु पर्छ पर्दैन ? कुनै एउटा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नुहोस् ।

१) पर्छ - ४३%  २) पर्दैन - ५७%

११. संघीय एकाई (प्रदेश/प्रान्त) बीच व्यवस्थापिकिय, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड गर्दा लैङ्गिक अधिकारको सुनिश्चितता गर्नु पर्छ वा पर्दैन । कुनै एउटा विकल्पको सम्बन्धित क्रम संख्या बक्समा लेख्नुहोस् ।

१) पर्छ - ७५.३%  २) पर्दैन - २४.७%

१२. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको कार्यक्षेत्रका विषयमा केही राय सुझाव भए बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

१.................................................
२.................................................
३.................................................
४.................................................
५.................................................
६.................................................
७.................................................
८.................................................

समितिको कार्यक्षेत्र

- संघीय एकाइहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त तथा आधार ।
- संघीय एकाइको क्षेत्र निर्धारण र नामाकरण ।
- संघीय एकाइको अधिकार सम्बन्धि विषय सूची र साझा विषय सूची ।
- संघीय एकाइहरु बीच उत्पन्न हुन सक्ने विवाद समाधान संयन्त्र ।
- संघीय एकाइ बीच व्यवस्थापिकिय, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाँड अन्तर सम्बन्ध ।

**सुझाव पठाउने ठेगानाः–** संविधानसभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको सचिवालय, सिंहदरबार, काठमाडौं ।

**फोन नं.**:- ०१४२०००९४, फ्याक्स नं.:- ०१४२०००९४
**Website:-** www.parliament.gov.np, www.can.gov.np
**E-mail:-** nparl@ntc.net.np, restruct. state@can. gov. np

**पुनश्चः-** प्रस्तुत प्रश्नावलीहरु २०६५ साल चैत्र मसान्त सम्म भरी समितिमा आइपुग्ने गरी पठाउन अनुरोध गरिन्छ । साथै प्रस्तुत प्रश्नावली भरी सम्बन्धित गा.वि.स./न.पा. वा जिल्ला प्रशासन कार्यालयमा बुझाउन सकिने व्यहोरा जानकारी गराइन्छ ।

## अनुसूची – ९
(ख)
प्रश्नावली अध्ययन तथा विश्लेषण तालिका

## अनुसूची – ९

(ग)

## जनमत संकलन टोलीको प्रतिवेदन
## (राज्य पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिसँग सम्बन्धित)

### टोली नं. १
### ईलाम र झापा

- राज्य संघीय वा एकात्मक हुने भन्ने वारेमा दुवै प्रमुख सुझाव आएका छन् ।
- संघीयतामा लैजाँदा राज्यलाई हिमाल पहाड तराई मिलाएर विभाजन गर्ने ।
- संघीयताको आधार देश नटुक्रिने गरी सहमतिबाट कायम हुनु पर्ने ।
- संघीय प्रणलीमा प्राकृतिक स्रोत, मुद्रा, परराष्ट्र नीति र रक्षामन्त्रालयको जिम्मेवारी केन्द्रीय सरकारमा हुनु पर्ने ।
- राष्ट्रिय अखण्डतामा खलल नपर्ने गरी आत्मनिर्णयको अधिकार सहितको संघीयताको ब्यवस्था गर्ने हो भने सो आत्मनिर्णयको अधिकाको प्रयोग राज्यको विभाजनमा प्रयोग गर्न नपाईने ब्यवस्था समेत उल्लेख गर्नु पर्ने ।
- बहुजाति, बहुभाष, बहुधर्म, बहुसंस्कृतिको सम्मान हुने गरी राज्यको पुनर्संरचना हुनु पर्ने ।
- राज्यको पुनर्संरचना गर्दा सके सम्म थोरै संघ बन्नु राम्रो हुने ।
- राज्य पुनर्संरचना गर्दा भौगोलिकता, इतिहाँस, जातीय बसोवास, भाषा, संस्कृति, आर्थिक संभाव्यता आदि समेतको आधारमा गरीनु पर्ने ।
- कर्णली प्रदेश सहित ६ वटा राज्य हुनु पर्ने ।

### टोली नं. २
### ताप्लेजुङ्ग र पाँचथर

- स्वाधिनता, अखण्डता र राष्ट्रियतालाई अच्क्षुण राख्दै मुलुकलाई संघीय संरचनामा लैजाने ।
- ताप्लेजुङ्ग र पाँचथर जिल्ला लिम्बू जातिको बाहुल्यता भएको जिल्ला भएकाले लिम्बुवान प्रान्त हुनुपर्नेमा जोड रहेको ।
- राज्यको पुनर्संरचनाको आधार जातीय, क्षेत्रीय, भाषिक, साँस्कृतिक र ऐतिहासिक हुनुपर्ने ।
- सीमाङ्कन ऐतिहासिक पृष्ठभूमिका आधारमा हुनुपर्ने ।
- नामाङ्कन जातीय एवं ऐतिहासिक पहिचानको आधारमा हुनुपर्ने ।
- आत्मनिर्णयको अधिकार सहितको लिम्बुवान स्वायत्त राज्यको माग पूराहुनु पर्ने ।
- राज्यशक्तिको वाँडफाँड गर्दा कार्यकारी राष्ट्रपति र दैनिक कार्यसञ्चालनको लागि प्रधानमन्त्री हुनुपर्ने ।
- केन्द्र , प्रदेश र स्थानीय गरी ३ तहको सरकार हुनुपर्ने ।
- २ सदनको केन्द्र , जनप्रतिनिधिसभा र राष्ट्रियसभा हुनुपर्ने र प्रदेशमा १ सदनको हुनुपर्ने ।

### टोली नं. ३
### मोरङ्ग र भोजपुर

- राष्ट्रिय एकता र जनता विचको भाइचारामा खलल नपुग्ने गरी सहयोगात्मक अवधारणामा आधारित भएर संघीय इकाइहरु निर्माण गर्नुपर्ने ।

### टोली नं. ४
### सुनसरी र धनकुटा

- राज्यको पुनर्संरचना आर्थिक, भौगोलिक र ऐतिहासिक आधारमा हुनु पर्ने ।

### टोली नं. ५
### संखुवासभा र तेह्रथुम

### टोली नं. ६
### ओखलढुङ्गा

- भौगोलिक अवस्थिति र अनुकुलता, जनसंख्याको प्रकृति र जनघनत्व, प्राकृतिक स्रोत र आर्थिक, सम्भावना, भाषिक, सांस्कृतिक एवं जातीय सघनता, राजनीतिक र प्रशासनीक सम्भाव्यताका आधारमा न्यूनतम प्रदेशहरुको बांडफांड गरी संघीय एकाइहरुबीच उत्पन्न हुनसक्ने विवाद समाधान सम्बन्धी संयन्त्रको निर्माण संविधानमा हुनुपर्ने ।

## टोली नं. ७
## सोलुखुम्बु

- राज्य पुनर्संरचनाका आधारमा ऐतिहासिक, भुगोल, जातिय प्राकृतिक स्रोत साधनको उपलव्धता जस्ता विषयमा मिश्रित राय प्राप्त भएको ।
- राज्य पुनर्सरचना गर्दा नेपाली जनतासंग अझ छलफल वहस चलाई सबै लाई जानकारी गराउनु पर्ने ।
- शेर्पाहरुको वाहुल्यता भएको क्षेत्रमा शेर्पा स्वायत्त प्रदेशको माग गरेको ।
- राज्य पुर्नसंरचना गर्दा ILO 169 / UNDRIP लाई आधारमा गर्नुपर्ने ।

## टोली नं. ८
## सप्तरी र खोटाङ्ग

- राज्यको ढाँचा आत्मनिर्णयको अधिकार सहितको स्वायत्त र संघीय हुनुपर्ने,
- राज्य पुनर्संरचनाका आधार जातिय, भुगोल, भाषा, ऐतिहासिक पृष्ठभूमि, प्राकृतिक स्रोत साधनको उपलब्धता जस्ता विषयमा मिश्रित राय प्राप्त भएको ।
- राज्य पुनर्संरचना गर्दा अन्तर्राष्ट्रिय अनुभवबाट पनि शिक्षा लिन सुझाव प्राप्त,
- राज्य पुनर्संरचना गर्दा नेपाली जनतासँग अझ छलफल वहस चलाई सवैलाई जानकार वनाइनु पर्ने ।
- संघीय एकाइहरुको संख्या सम्बन्धी मिश्रित सुझाव प्राप्त भएको छ,
- सवै समूहका माग भन्दा वास्तविक नेपालको आवश्यकता के हो भनी पहिचान गरी त्यसको समाधान हुनेगरी मात्र पुनर्संरचना गर्नु पर्ने ।

## टोली नं. ९
## सिराहा र उदयपुर

- सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता र राष्ट्रिय एकतामा कुनैपनि हिसाबले खलल नपुग्नेगरी राज्यको पुनरर्संरचना गरीनुपर्ने ।
- जतीय कलह र देश विखण्डन नहुने गरी प्रदेशहरु निर्माण गरीनु पर्ने ।
- स्वायत्तता विकास र अग्रगमनका लागि हुनुपर्ने, राज्यबाट अलग्गिने गरी दिईनु नहुने ।

## टोली नं. १०
## दोलखा र रामेछाप

## टोली नं. ११
## धनुषा र महोत्तरी

- केन्द्र, प्रान्त, जिल्ला र स्थानीय तह गरी बढीमा चार तह हुनु पर्दछ । कतिपय ठाउँमा केन्द्र, प्रान्त र स्थानीय गरी तीनको पक्षमा पनि सुझाव प्राप्त भएको ।
- प्रान्त सकेसम्म कम हुनु पर्दछ ।
- स्वायत्त मधेश एक प्रदेश हुनु पर्ने ।
- राज्य विभाजनको आधार भूगोल, आर्थिक संभाव्यता, जनजाति र भाषा भाषि हुनु पर्ने ।
- राजस्व जुन क्षेत्रमा उठेको छ त्यसै क्षेत्रमा बढि खर्च हुनु पर्ने ।
- स्वायत्त प्रदेश भित्र उप प्रदेश हुन सक्ने ।
- प्रत्येक प्रान्तमा छुट्टाछुट्टै सुरक्षा बल हुनु पर्ने ।

## टोली नं. १२
## बारा, पर्सा र रौटहट

- संघीय राज्य हुनुपर्ने,
- समग्र मधेस एक प्रदेश हुनुपर्ने,
- पहाड तराई र हिमाल मिलाएर संघीयता कायम गर्नुपर्ने,
- राज्यशक्तिको वांडफांड संघीय र प्रान्तिय रूपमा हुनुपर्ने ।

## टोली नं. १३
## सर्लाही र सिन्धुली

- नेपालको प्रान्तीय विभाजन, भाषा, जनसंख्या, प्राकृतिक स्रोतको आधारमा हुनुपर्दछ ।
- प्रान्तको नामकरण ऐतिहासिक स्थल, राष्ट्रिय विभूति, भाषाको आधार उपयुक्त हुन्छ ।
- नेपाललाई ७ प्रान्तीय एकाइमा विभाजन गर्न उपयुक्त हुन्छ ।
- प्रान्तीय सीमानाको निर्धारण जिल्लाको आधारमा हुनुपर्दछ ।

- केन्द्र र प्रान्त बीचको विवादको समाधान, सर्वोच्च अदालत, संवैधानिक अदालत र उच्च स्तरीय आयोगको माध्यमबाट गरीनु पर्दछ ।
- केन्द्रीय, प्रान्तीय र स्थानीय सरकारको अधिकारको बाँडफाँड स्थानीय सरकारले मात्र गर्न पाउने अधिकारको सूची उल्लेख गरेर ।

**टोली नं. १४**
**मकवानपुर र चितवन**

**टोली नं. १५**
**काठमाडौं, भक्तपुर र ललितपुर**
**काठमाडौं - २**

- राष्ट्रिय एकता र अखण्डता सुदृढ हुनेगरी प्रान्त / प्रदेश निर्माण गर्नुपर्ने ।
- हिमाल, पहाड र तराईको पारस्परिक अन्तरनिर्भरता समेत विचार गर्नुपर्ने ।
- आर्थिक संभावना , भौगोलिक अनुकुलतालाइ ध्यान दिनु पर्ने ।
- प्राकृतिक स्रोत साधनको समानुपातिक वितरणलाइ ध्यान दिनुपर्ने ।
- मुलुकका सबै जाती,जनजाती , क्षेत्र र समुदायको पहिचान , प्रतिनिधित्व र स्वशासनको प्रत्याभुति हुनु पर्ने ।
- जातीय कलह र विभाजन नहुने गरी संघीय दिनु पर्ने ।
- तल्लो तहमा बढी अधिकार दिनु पर्ने ।
- ३ – १५ सम्म प्रदेश निर्माण गरीनु पर्ने ।

**ललितपुर**

- जातीयको आधारमा संघीय निर्माण गरिनु हुदैन र भौगोलिक आधारमा संघ निर्माण गर्न ।
- नेवाः राज्य, ताम्सालिङ र थारु राज्यको कुराहरु समाजमा व्यापक रूपमा उठ्ने गरेको छ, खस, बाहुनको कुरा कतै उठदैन संविधानले नेवाः राज्य, ताम्सालिङ, थारु राज्य बनाएमा खस, बाहुनको पनि छुट्टै राज्य किन नहुने ?
- दक्षिण ललितपुरलाई छुट्टै जिल्ला बनाइयोस् ।
- जातीय हिसाबले संघीय विभाजन नगरुन् । जात, धर्मको कुरा नउठाएर मानव भएर सोचौं ।
- जहाँ जस्को बहुमत छ, राज्य प्रणाली त्यसैको आधारमा संघ निर्माण गरौं ।
- देश टुक्रने गरी संघ निर्माण नगरौं ।

**टोली नं. १६**
**नुवाकोट र रसुवा**

**टोली नं. १७**
**काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक**

- पुरानो सामन्तवादी संरचना गतिशील नभएको हुँदा राज्यको सबै क्षेत्रमा पूनरर्संरचना होस् ।
- अवको संघीयता आत्मनिर्णयको अधिकार सहितको जातिय/क्षेत्रीय स्वशासनयुक्त होस् ।
- आर्थिक हिसावले पनि संघात्मक बनाउनु पर्छ ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था होस् ।
- भूगोल र जनसंख्याको आधारमा संघीयता हुनु पर्छ ।
- पाँच विकास क्षेत्रलाई नै प्रदेश मानेर संघीयता लागू गर्नु पर्ने ।
- जनजातीका आधारमा संघीयता बन्नु नहुने ।
- हिमाल, पहाड र तराई मिलाएर मात्र संघीयतामा जानु पर्ने ।
- जातीय निरपेक्ष संघीयता हुनु पर्छ ।
- राज्यको हरेक अङ्ग समावेशी हुने गरी पूर्नसंरचना हुनु पर्दछ ।
- सवै जाति वर्ग, सम्प्रदायमा मानिसमा नेपालीत्व विकास हुने गरी संघीयता निर्माण हुनु पर्ने ।
- प्रादेशिक सभाको गठनमा बढीमा ५१ जना हुनु पर्ने ।

**टोली नं. १८**
**कास्की र स्याङ्जा**

- राष्ट्रिय अखण्डता, अक्षुणता कायम राख्दै सबैलाई स्वीकार हुने गरी संघीय प्रदेशको विभाजन गरीनु पर्ने ।

- प्रदेश विभाजन गर्दा, जातीय, भाषिक, संस्कृति, जनसंख्या, प्राकृतिक स्रोत, भूगोल, प्रशासनिक सुगमता, आर्थिक आधार जस्ता विषयहरु अध्ययन विश्लेषण गरी प्रदेश विभाजनको आधारहरु तय गरीनु पर्ने ।
- जनताको चाहना र भावना अनुरुप प्रदेशको नामकरण गरिनु पर्ने । प्रदेश विभाजनका आधारबाट नै नामकरण गर्न सकिने ।
- केन्द्र, प्रदेश, स्थानीय गरी ३ तहको सरकारको व्यवस्था गर्ने , केन्द्र, प्रदेश र स्थानीय सरकारको अधिकार बाँडफाँड संविधानमा नै स्पष्ट गर्नु पर्ने ।
- अधिकारको प्रयोग गर्दा विवाद हुन आएमा विवादीत विषयको गम्भिरता महत्व हेरी सरकार, अदालत, जनमत संग्रहबाट टुङ्गो लगाउने प्रावधान राख्ने ।

## टोली नं. १९

## लम्जुङ्ग र मनाङ्ग

- सार्वभौमिकता,एकता र अखण्डतालाई अक्षुण राख्दै नेपाली समाजका विद्यमान जातयि, वर्गिय, क्षेत्रीय, लैंगिक र सीमान्तीकरणको समस्या अन्त्य गर्ने गरी लोकतान्त्रिक मुल्य मान्यतामा आधारित भएर राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड गरिनुपर्ने ।
- बलियो केन्द्र, गतिशिल र सहयोगात्मक संघीयताको आधारमा राज्यको पुनर्संरचना गरिनुपर्ने ।
- संघीय एकाइहरुको नामकरण गर्दा स्थानीय भाषा र ऐतिहासिकता आधारमा हुनुपर्ने ।

## टोली नं. २०

## धादिङ्ग र गोरखा

- जाती, भाषा र क्षेत्रको आधारमा आत्मनिर्णयको अधिकार र स्वशासन सहितको संघीय प्रदेशहरु हुनु पर्ने ।
- क्षेत्रीय, भौगोलिक र जनसंख्याको आधारमा राज्यको पुनर्संरचना हुनु पर्ने ।
- संसदीय प्रणाली नभई जनताको गणतन्त्रात्मक राज्य प्रणाली अपनाउनु पर्ने ।
- राज्य तीन तहको हुनु पर्ने । (केन्द, राज्य र स्थानीय)
- संघीय एकाइ निर्धारण गर्दा Win Win Agreement अपनाउनु पर्ने ।
- विभिन्न तहको संघीय एकाइको अधिकार सम्बन्धी विषय सूची र साझा सूचीको निर्धारण गर्दा समता, समानता र समावेशिको सिद्धान्त अनुसार गर्नु पर्ने ।
- संघीय एकाइहरु वीच उत्पन्न हुन सक्ने विवादको समाधान संवैधानिक अदालतबाट गरीनु पर्ने ।

## टोली नं. २१

## तनहुँ र नवलपरासी

क) संघीय एकाइमा विभाजन गर्ने व्यवस्था

- ऐतिहासिक पहिचानको आधारमा एकाइ विभाजन ।
- ३ देखि १३ संघीय एकाइमा विभाजन गर्नुपर्ने ।
- जाति, भाषा, संस्कृति, प्राकृतिक र भू-बनौटको आधारमा एकाइ विभाजन ।
- आर्थिक सम्भाव्यताको आधारमा ईकाई विभाजन ।
- संघीय एकाइमा विभाजन गर्न नहुने ।

ख) संघीय एकाइको नामकरण

- जातीय आधारमा हुनुपर्ने ।
- हिमाल चुचुरा को आधारमा हुनुपर्ने ।
- नदीनालाको आधारमा हुनुपर्ने ।
- राष्ट्रिय विभूतिको नामको आधारमा हुनुपर्ने ।
- धार्मिकस्थलको आधारमा हुनुपर्ने ।
- ऐतिहासिकस्थलको आधारमा हुनु पर्ने ।
- सांस्कृतिक पहिचानको आधारमा हुनु पर्ने ।
- प्राकृतिक सीमाको आधारमा ईकाई बनाउनुपर्ने ।

ग) प्रान्त कति ?

- ३ वटा देखि १३ वटा हुनुपर्ने ।
- धेरै प्रान्तमा विभाजन गर्न नहुने ।

घ) संघीय एकाइलाई कति तहमा विभाजन गर्ने ?

- केन्द्र र स्थानीय तह मात्रै ।
- संघ, संघीय एकाइ र स्थानीय निकाय गर्ने । (तीन तह)

ङ) संघीय एकाइ र स्थानीय निकायहरुलाई दिईने अधिकारहरु

- स्थानीय तहलाई अधिकतम अधिकारको निक्षेपण ।

- आत्म निर्णयको अधिकार सहितको ।
- आत्मनिर्णय आवश्यक नभएको ।
- संघ (केन्द्र) लाई सुरक्षा, अर्थ, विदेश सम्बन्ध, आधारभूत र पूर्वाधार निर्माण, राष्ट्रिय नीति, र संघीय एकाइ र स्थानीय सरकार बीचको सम्बन्ध र प्रभावबाट हेर्ने अधिकार दिने । बाँकी अधिकार संघीय एकाइ र स्थानीय निकायलाई दिने ।

## टोली नं. २२
## कपिलवस्तु, अर्घाखाँची र रुपन्देही

- नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक हुनुपर्दछ भन्ने अधिकांश बक्ताको भनाई रहेको छ भने संघीयताले राज्य टुक्रन्छ भन्ने केही भनाई आएका छन्
- सघिय राज्यहरुको विभाजन गर्दा लिनुपर्ने आधारहरुको बारेमा बिविधता देखा परेको छ ।
- राज्यहरुको सीमांकन गर्दा जातीगत रूपमा गर्नुपर्ने भन्ने केही राय सुझाव आएका छन् भने देशको भुगोल जनसंख्या र आयस्रोतका आधारमा राज्यहरुको सीमांकन गर्नुपर्ने भने केही राय प्राप्त भएका छन् ।
- राज्यलाई हिमाल, पहाड र तराई/मधेश समेटिने गरी विभाजन गरीनु पर्दछ भन्ने केही सुझाव र तराइ/मधेशलाई छुट्टै प्रदेश वनाउने भन्ने केही सुझाव आएका छन् ।
- जनगणना पछिमात्र राज्यको पुनर्संरचना गरीनुपर्छ भन्ने केही सुझाब आएका छन् ।
- भुमि सम्वन्धी कानुन बनाउने अधिकार प्रान्तीय सरकारमा हुनुपर्ने ।

## टोली नं. २३
## पाल्पा र गुल्मी

- राज्य पुनर्सरचना एउटै मात्र आधारलाई लिएर गर्न नहुने ।
- संघीयतामा जादा राष्ट्र वलियो हुने गरी गरीनुपर्ने ।
- कुनै एउटा मात्र पक्षको माग पुरा गर्ने गरी संघीयताको आधार लिन नहुने ।
- संघीयताका वारेमा गहन वहस, छलफलको आवश्यकता छ ।

## टोली नं. २४
## बाग्लुङ्ग र पर्वत

- राज्य पुनर्संरचनाका आधार जातिय, भुगोल, ऐ तिहासिक, प्राकृतिक स्रोत साधनको उपलब्धता जस्ता विषयमा मिश्रित राय प्राप्त भएको ।
- रा.ज.मो. पक्षका कार्यकर्तावाट संघीयता नभई केन्द्रिकृत राज्य संरचना तय गरी विकेन्द्रिकरणलाई प्रभावकारी कार्यान्वय गर्ने खालको हुनुपर्ने ।
- राज्य पुनर्संरचना गर्दा नेपाली जनतासँग अझ छलफल वहस चलाई सवैलाई जानकार वनाउनुपर्ने ।
- सवै समुहका मागभन्दा वास्तविक नेपालको आवश्यकता के हो भनि पहिचान गरी त्यसको समाधान हुनेगरी मात्र गर्नु पर्ने ।

## टोली नं. २५
## म्याग्दी र मुस्ताङ्ग

- संघीय संरचना जाति,प्रदेश, धर्मसंस्कृति, भाषा, प्राकृतिक सम्पदा र भूगोलको आधारमा मिश्रित हुनुपर्ने ।
- स्थानीय तहलाई स्वायत्त शासनको अधिकार दिइनुपर्ने ।
- प्राकृतिक स्रोतसाधन, उव्जाउ जमीन, वनजंगल, जलस्रोत र खनीजको न्यायोचित वितरण भूगोलको आधारमा हुनुपर्ने ।
- राज्य विखण्डन हुन नदिन अधिकार केन्द्रलाई दिनुपर्ने ।

## टोली नं. २६
## दाङ्ग र सल्यान

- आदिवासी, जनजाती, मधेशी, मुस्लीम, दलित र पिछिडएका महिलाको उत्थानका लागि विशेष अधिकार सहितको व्यवस्था गरीनु पर्ने ।

## टोली नं. २७
## प्यूठान र रोल्पा

- राष्ट्रिय एकता र जनता विचको भाइचारामा खलल नपुग्ने गरी सहयोगात्मक अवधारणामा आधारित भएर संघीय इकाइहरु निर्माण गर्नुपर्ने ।

## टोली नं. २८
## रुकुम र जाजरकोट

- जुन भुगोलमा जुन जाति छ, तिनीहरुलाई पूर्ण अधिकार दिइनुपर्ने ।
- राष्ट्र खण्डित नहुने गरी संविधान बनाइनुपर्ने ।
- सबै जनजातिलाई समान अवसर दिइनु पर्ने, महिलाहरुलाई विशेष संरक्षण गर्नुपर्ने ।
- दलितहरुलाई संबोधन गरीनुपर्छ ।
- जाति, भाषा र भूगोलको आधारमा राज्यको पुनर्संरचना गरीनुपर्ने ।
- संघीय एकाइहरुको तह - (१) संघ (केन्द्र) (२) स्वायत्त प्रदेश (३) स्थानीय उप स्वायत्त क्षेत्र इलाका हुनु पर्ने ।

## टोली नं. २९
## बर्दिया र सुर्खेत

- हिमाल, पहाड, तराई, जाति र सप्रदाय मिलाएर संघीय राज्यको निर्माण गर्ने ।
- संघीय राज्य निर्माण गर्दा बढीमा १० वटा संघीय राज्य हुनु पर्ने ।
- दलितको हकमा विशेष अधिकार हुनु पर्ने ।
- थारुवान प्रदेशको व्यवस्था हुनु पर्ने ।
- संघीय विभाजन भूगोल, जनसंख्या र प्रकृतिको आधारमा गरीनु पर्ने ।
- एक प्रदेश एक मधेश मान्य नहुने ।
- सेना, मूद्रा, वैदेशिक सम्बन्ध र ठूला विद्युतिय प्रोजेक्टहरु केन्द्र सरकारसँग हुनु पर्ने ।
- ७५ जिल्लालाई घटाएर ३५/४० बनाउनु पर्ने ।
- संघीयतामा जानको लागि राज्यले कुनै धर्म गर्ने भन्ने विषयमा जनमत संग्रहमा जानु पर्ने ।

## टोली नं. ३०
## दैलेख र बाँके

- संघीयता सम्वन्धमा जातिय, क्षेत्रीय आधारमा गरीनु पर्छ ।
- स्वायत्त मधेश हुनु पर्ने ।
- सद्भावनात्मक रुपले प्रदेश विभाजन गरीनु पर्छ ।
- धर्म, जात, लिङ्ग वर्ग समुदाय क्षेत्र आदि सवैलाई अटाउने गरी संघीयता वनाइन पर्ने ।
- उत्तर–दक्षिण क्षेत्र निर्धारण गरी संघीयता कायम हुनु पर्ने ।
- संघीय राज्यको संख्या - ५ देखी १४ बनाइनु पर्ने ।
- संघीय राज्यको आधार भुगोल, जनसंख्या, पहाड, तराइ हिमाल समेटेर हुनु पर्ने ।
- आत्मनिर्णयको अधिकार हरेक संघीय राज्यलाई दिनु पर्छ ।
- मधेश एक प्रदेश हुनु हुँदैन ।
- जातीय, क्षेत्रीय र भौगोलिक आधारमा संघीय राज्य बनाइनु पर्छ ।

## टोली नं. ३१
## जुम्ला

- कर्णाली प्रदेशलाई स्वयत्तता दिनुपर्ने र संघीयतामा गईसकेपछि २०-२५ बर्ष सम्म केन्द्रिय सरकारबाट प्राथमिकताका साथ विशेष बजेटको व्यवस्था हुनुपर्ने ।
- कर्णाली प्रदेशका सम्पुर्ण महिला र दलितहरुको समस्याको बारेमा नयाँ बन्ने संविधानमा नै विषेश व्यवस्था गर्नुपर्ने कुराको संबोधन हुनुपर्ने ।

## टोली नं. ३२
## कालिकोट

- नेपाललाई संघीय एकाइ (प्रान्त) मा विभाजन गर्दा कुनै एउटा मात्र पक्षलाई आधार नलिई हाम्रो समाजको विविधतायुक्त पक्षहरुलाई आत्मसात् गर्दै जातीय बसोबासको स्थिति, भाषा-संस्कृतिको विद्यमान अवस्था विभाजित नहुने गरी भौगोलिक क्षेत्र, प्राकृतिक स्रोत सम्पदा, आर्थिक सम्भाव्यतालाई ध्यान पुऱ्याई प्रान्तहरु निर्माण गरीनु पर्ने सुझाव आएको छ ।
- देशको सार्वभौमसत्ता विखण्डित नहुने गरी आदिवासी जानजातिहरुलाई आत्मनिर्णयको अधिकार दिइनुपर्ने ।
- समान विकास हुने, छुवाछुत र सामन्तवादको अन्त्य हुने खालको स्वायत्त प्रदेश निर्माण गरीनुपर्ने विषय रहेका छन् ।
- सुझाव प्रान्त निर्माण गर्दा हिमाल, पहाड, तराई पर्ने गरी गर्नुपर्ने ।
- नेपाललाई संघीय नबनाई वर्तमान संरचनामा नै समावेशी बनाउनुपर्ने ।
- राज्यलाई स्वायत्त अधिकार दिएर केन्द्रलाई बढी अधिकार दिई देशलाई शक्तिशाली बनाउनुपर्छ ।

- संघीय एकाइ (प्रान्त) को नामकरण गर्दा भूगोल, नदीनाला, धार्मिकस्थल, हिमाली, चुचुरा र ऐतिहासिक स्थल, जाति, भाषा-संस्कृतिको आधारमा गरीनु पर्ने ।
- प्रान्तको सीमा निर्धारण गर्दा जातीय सघन उपस्थितिलाई प्राथमिकता दिइनुपर्ने समेत पाइन्छ । सुझावमा नेपाललाई मूलतः ११ देखि १४ वटा प्रान्तमा विभाजन गर्न उपयुक्त हुने उल्लेख छ ।
- पिछडिएको प्रान्तलाई विशेष अधिकार दिएर सं घीय एकाइबीच अधिकार बाँडफाँड गर्ने तथा केन्द्र, प्रान्त र स्थानीय तहमा गरी ३ तहको सरकार गठन गरीनु पर्ने ।
- केन्द्र, प्रान्त र स्थानीय सरकारको अधिकार क्षेत्रको बाँडफाँड संविधानमा नै केन्द्र,प्रदेश र स्थानीय सरकारले गर्न पाउने अलग अलग वा साझा सूची उल्लेख गरेर दुईमध्ये कुनै एक तरिकाबाट गर्न सकिने ।
- केन्द्र र प्रदेश वा प्रदेश-प्रदेशहरूबीच उत्पन्न हुने विवाद समाधान गर्न दिएका विकल्पहरू मध्ये जनमत संग्रह, संघीय एकाइहरू वीच समन्वय गर्ने निकाय, केन्द्रीय व्यवस्थापिका र अदालती संयन्त्र अपनाउनु पर्ने ।
- संविधानमा उल्लेख नगरीएका अधिकार संघीय (केन्द्रीय) सरकारलाई दिनुपर्ने ।
- संघीय, प्रान्तीय, स्थानीय सबै तहको व्यवस्थापिकीय, कार्यकारिणी र न्यायिक अधिकारको बाँडफाड गर्दा लैंगिक र जातीय अधिकारको सुनिश्चितता गर्दै सबैको प्रतिनिधित्व हुने व्यवस्था संविधानमा अनिवार्य रूपमा राखिनुपर्ने ।

## टोली नं. ३३
## डोल्पा

- साझा मनोविज्ञान, समान अर्थजीवन भएको क्षेत्र कर्णाली अञ्चललाई कर्णाली प्रदेश कायम गर्नु पर्ने,
- राज्यको ढाँचा आत्मनिर्णयको अधिकार सहितको स्वायत्त र संघीय हुनु पर्ने,
- संघ विभाजन गर्दा हिमाल, पहाड र तराईलाई मिलाएर गर्नु पर्ने,
- डोल्पा जिल्लालाई दुई भागमा विभाजन गर्नु पर्ने,
- डोल्पा जिल्लाका बासिन्दालाई अन्यत्र बस्ने व्यवस्था मिलाई जिल्लालाई राज्यको विशेष पर्यटन क्षेत्रको रूपमा विकास गर्नु पर्ने ।

## टोली नं. ३४
## मुगु

- संघीयताको विभाजन जातिय आधारमा गरीनु नहुने यस्को लागि भौगोलिक आधारमा संघीयता दिनु पर्ने ।
- भौगोलिक तथा साँस्कृतिक आधारमा संघ बनाईनु पर्ने ।
- भेरी, कर्णालीलाई एउटै साँस्कृतिक पहिचान भएकाले यसलाई एउटा संघ बनाइनु पर्ने ।
- आत्मनिर्णय सहितको अधिकार दिइनु पर्ने ।
- आफ्नो हक हितका लागि विद्रोह हुनु स्वभाविकै हो ।
- कर्णाली संघीयता प्रदेश बनाउदा बाजुराको ११ गा.वि.स. पनि समावेश गरीनु पर्ने ।
- वर्तमान जिल्ला, अञ्चल निर्माण गर्दा जिल्ला स्तरिय छलफल गरी टुंग्याउनु पर्ने ।
- राज्यको स्वरुप तीन तहको (केन्द्र , प्रदेश र स्थानीय) हुनु पर्ने ।
- मुगुको नाम फेरी रारा जिल्ला भनिनु पर्ने ।
- कतिपय ठाउमा खत्याड जिल्ला अलग्गै हुनु पर्ने आवाज पनि आएको ।
- राष्ट्रिय अखण्डतामा असर पर्ने गरी सन्धि सम्झौता गर्न नहुने ।
- राज्य पूनर्संरचना गर्दा आर्थिक, भौतिक, साँस्कृतिक सबै पक्षको विचार गर्नु पर्दछ ।
- विकेन्द्रिकरणको अवधारणा अनुरुप सेवा केन्द्र स्थापना भएपनि केन्द्रबाट नियन्त्रण गर्ने कार्य राम्रो होइन ।
- संघीयता पूर्व जलस्रोत सम्बन्धी सन्धि संझौता नगरियोस ।
- कर्णाली संघीयता दिनु पर्ने यसमा सेती अञ्चलको केहि भाग (बाजुरा) कर्णालीमा गाभिनु पर्ने ।
- कर्णालीको स्रोत सम्पदा अन्यत्र लान दिन नहुने । कर्णाली माथिको हक अधिकार कर्णालीवाँसी कै हुनु पर्ने ।
- नागरीकता सरल तरिकाबाट पाउन गाउ विकास समितिबाटै वितरणको व्यवस्था गरीनु पर्ने ।
- अव संविधान बनेपछि नयाँ विद्रोह प्रारम्भ नहोस ।
- सेती कर्णाली बेग्लै प्रदेश हुनुपर्छ ।
- सबै जाति, क्षेत्र, भूगोलमा समान विकास हुनु पर्ने ।
- पार्टीगत धारणाबाट नभै सबै पार्टी मिलेर संविधान बनाउनु पर्ने ।
- संघीयता गर्दा आरक्षण सहित केन्द्रबाट पूर्वाधार विकास गरीनु पर्ने ।

- स्थानीय निकाय बलियो हुनु पर्ने ।
- कर्णाली छुट्टै संघीय राज्य हुनपर्ने , यसमा अन्य कुनैपनि जिल्ला र अंचलको भूभाग नगाभियोस ।
- पत्येक गाउं गाउंमा सरकारी कार्यालयहरु स्थापना गरीनुपर्ने ।
- पांच विकाश क्षेत्रका आधारमा संघ वनाइनु पर्ने ।
- हिमाल , पहाड र तराई मिलाएर संघ वनाउनु पर्ने ।

**टोली नं. ३५**

**हुम्ला**

- कर्णाली स्वायत्त प्रदेश/भेरी कर्णाली स्वायत्त प्रदेश/लामा (भोटे) जातीहरुले जातीय स्वायत्त प्रदेशको माग सुनिएको कारणले यी विषयहरुलाई संवोधन गर्न सक्नु पर्ने ।
- हुम्ला जिल्लालाई भौगोलिक अवस्था अनुसार तीन भागमा विभाजन गरीनुपर्ने देखिन्छ ।
- देशको सार्वभौमसत्ता र राष्ट्रिय अखण्डतामा कुनैपनि किसिमको आँच नआउने गरी राज्यको पुनर्स रचना गरीनुपर्ने, र त्यसको आधार भुगोललाई बनाइनुपर्दछ ।

**टोली नं. ३६**

**कैलाली, कन्चनपुर र डडेल्धुरा**

- भाषागत, क्षेत्रगत आधारमा प्रदेश विभाजन हुनुपर्ने ।
- आत्म निर्णयको आधारमा संघीयता हुन नहुने ।
- प्रान्तको स्वायत्त सरकार भएपनि केन्द्र सरकारको अधीनमा रहि कामकाज गर्नुपर्ने ।
- बढीमा ६ - १० वटा संघीय राज्य हुनुपर्दछ ।
- कैलाली, कञ्चनपुर, वाँके, वर्दिया र दाङ्ग एउटा राज्य हुनुपर्ने र नाम तराई प्रदेश राख्नेे।
- प्रदेशलाई आत्मनिर्णयको अधिकार दिनुपर्ने ।
- सेना, मुद्रा र परराष्ट्र सम्बन्ध वाहेकको अधिकार राज्यलाई दिनुपर्ने ।
- भौगोलिक क्षेत्रको आधारमा गा.वि.स. थप गरीनुपर्ने ।
- सुदूरपश्चिमलाई कर्णाली प्रदेश सरहको रूपमा स्थापित गरीनुपर्ने ।
- तराई, पहाड र हिमाल मिलाएर राज्यको निर्माण हुनुपर्ने ।
- सुदूर पश्चिमाञ्चलको राजधानी डडेल्धुरा हुनुपर्ने ।
- ७ प्रदेशः कोशी, सगरमाथा, वागमती, गण्डकी, लुम्वीनी, कर्णाली र महाकाली हुनुपर्ने ।
- सेती, महाकाली प्रदेश हुनुपर्ने ।
- प्रदेशको नामकरण जातीय आधारमा नभई ऐतिहासिकताका आधारमा राख्नुपर्ने ।
- प्रशासनिक निकायमा समानुपातिक प्रणालीमा आधारित व्यवस्था गरीनुपर्ने ।
- क्षतीपूर्ति सहितको सुदूरपश्चिम संघीयता वनाइनुपर्ने ।
- एक मधेश एक प्रदेश हुनुहुँदैन ।
- युवा मन्त्रालयको व्यवस्था गरीनुपर्दछ ।
- केन्द्र, प्रान्त र स्थानीय गरी ३ तह बनाउनुपर्ने ।
- सुदूरपश्चिमका लागि सम्पूर्ण बजेटको ३० प्रतिशत बजेट छुट्याउनुपर्ने ।
- जातीय राज्य हुनै हुँदैन ।
- उत्पीडित जाती र क्षेत्रका नाममा राज्यको नामकरण गरीनुपर्ने ।
- केन्द्रमा सम्पर्क भाषा नेपाली हुने तर राज्यमा आ-आफ्नो सम्पर्क भाषा हुनपर्ने ।
- जनवादी गणतन्त्र नेपाल हुनुपर्ने ।
- जातीय र भूगोलको आधारमा संघीयता हुनुपर्ने ।
- जातीय र क्षेत्रीय आधारमा प्रदेश विभाजन गर्न नहुने ।
- स्थानीय स्वायत्त शासन हु नुपर्ने ।
- जम्मा जिल्ला ७५० हुनुपर्ने ।
- भित्री मधेशलाई छुट्टै जिल्लाको व्यवस्था हुनुपर्ने ।
- भूगोलको आधारमा ५ प्रान्त हुनुपर्ने ।
- नेपालको भूगोलमा मधेश नै छैन त्यसैले मधेश नामकरण हटाउनुपर्ने ।
- हिमाल, पहाड र तराई मिलाएर राज्यको पुनर्संरचना गर्नुपर्ने ।
- जिल्ला, नगर, गा.वि.स. र निर्वाचन क्षेत्रको सीमाना हेरफेर हुनुपर्ने ।
- विकेन्द्रिकरण तथा स्थानीय स्वायत्त शासन हुनुपर्ने ।
- केन्द्र, प्रदेश, जिल्ला, गाउँ/नगर हुनुपर्ने ।
- थारुवान स्वायत्त राज्य हुनुपर्ने ।

- शक्ति पृथकीकरण हुनुपर्ने ।
- जलस्रोत, विदेश सम्बन्ध, सेना, मुद्रा सम्बन्धी अधिकार केन्द्रमा ।

**टोली नं. ३७**
**बझाङ्ग**

**टोली नं. ३८**
**डोटी र अछाम**

- राष्ट्रिय एकता र जनता विचको भाइचारामा खलल नपुग्ने गरी सहयोगात्मक अवधारणामा आधारित भएर सकेसम्म थोरै संख्यामा संघीय इकाइहरु निर्माण गर्नुपर्ने ।

**टोली नं. ३९**
**बैतडी र दार्चुला**

- सवैले सवै प्रदेश (सिंगो नेपाल) मेरो हो भन्न सक्ने भावनाको विकास हुने गरी संघीयतामा जानुपर्ने ।
- जातिय आधारमा मात्र संघीयतामा जानु नहुने ।
- संघीयताको आधार भुगोल, जनसंख्या, भाषा, प्राकृतिक साधन स्रोत, आर्थिक उपार्जन क्षमता र संस्कृतिलाई मानिनु पर्ने ।
- सुदुरपश्चिमाञ्चलका ९ वटा जिल्ला एउटै प्रदेश हुनुपर्ने ।
- प्रादेशिक केन्द्र चयन गर्दा एकदिनको दुरीमा सवैलाई पायक पर्ने ठाउँमा राखिनुपर्ने ।
- राज्य र राज्य बीचको ठाडो र तेर्सो सम्बन्ध कसरी तय गरीने भन्ने विषयमा स्पष्ट हुनुपर्ने ।

**टोली नं. ४०**
**बाजुरा**

# अनुसूची - १०

## राज्यको संघीय स्वरूपमा हुने संरचनाको तह, संघीय एकाइको क्षेत्र निर्धारण र नामकरण सम्बन्धमा राजनैतिक पार्टीको अवधारणापत्र/घोषणापत्र/प्रतिवद्धतापत्रमा गरिएको प्रस्ताव

| क्र.स. | दलको नाम | संघीयताको स्वरुप | संघीय एकाइ निर्माणको आधार | संघीय एकाइ निर्माणको संख्या | संघीय राज्यहरुको नामकरणका आधार | संघीय एकाइको नाम |
|---|---|---|---|---|---|---|
| १ | एकिकृत नेकपा माओवादी | केन्द्र, स्वायत्तगणराज्य स्थानीय तह | जातिय बनौट, भौगोलिक अनुकुलता, भाषिक आधार र आर्थिक सम्भावना | ११ राज्य र ३ उप-राज्य | जातिय, भाषिक र क्षेत्रीय आधारमा नामकरण गर्ने | **क्षेत्रीय आधारमा,** सेती-महाकाली र भेरी-कर्णाली **जातिय आधारमा,** मगरात, थारुवान, तमुवान, नेवा, ताम्सालिङ, किराँत, लिम्बुवान, कोचिला र मधेश प्रदेश **मधेश भित्र भाषिक आधारमा,** मिथिला, भोजपुरा र अवध गरी ३ उप राज्य । |
| २ | नेपाली कांग्रेस | केन्द्र, प्रदेश र स्थानीयतह | -नेपालको राष्ट्रिय अखण्डता<br>-भौगोलिक अवस्थिति र अनुकुलता<br>-जनसंख्या, प्राकृतिक स्रोत र आर्थीक संम्भाव्यता<br>-प्रदेशहरुको अन्तरसम्बन्ध<br>-भाषिक/ जातिय/ एवंम सांस्कृतिक सघनता<br>-राजनीतिक/प्रशासनिक संम्भाव्यता | | | |
| ३ | नेकपा एमाले | केन्द्र, प्रदेश र स्थानीय | -भौगोलिक अवस्थिति<br>-जनसंख्या र जातिगत वसोवासको अवस्था<br>-मातृभाषा र भाषा प्रयोगको अवस्था<br>-सांस्कृतिक विशेषता<br>-प्रशासनिक सुगमता<br>-आर्थिक सामाजिक अन्तर सम्बन्ध र सामर्थ्य संम्भाव्यता<br>-प्राकृतिक स्रोत तथा साधनको उपलब्धता तथा ऐतिहासिकता | | जातिय, भाषिक, सास्कृतिक ऐतिहासिक पहिचान खुल्ने हिसावले | |
| ४ | मधेशी जनअधिकार फोरम | केन्द्र , प्रदेश र स्वायतक्षेत्रहरु | जातिय, धार्मीक, सांस्कृतिक, भाषिक तथा अन्य विविधताका आधारमा | | | स्वायत मधेश प्रदेश |
| ५ | तराई मधेश लोकतान्त्रिक पार्टी | | -भौगोलिक समानता<br>-सांस्कृतिक एंवम भाषिक निकटता<br>-समान जलवायु<br>-आर्थिक क्षेत्रमा एकरुपता<br>-समानरूपमा शासित अर्थात शोषण र औपनिवेशबादबाट पिडित रहेकोले पहिचान सम्मान एंवम स्वाभिमानको संर्घषमा ऐक्यवद्धता र<br>-भावनात्मक एकता | | | |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | केन्द्रीय, राज्य, उपराज्य, जिल्ला र स्थानीय | भुगोल, जनसंख्या, जातिय समुदाय, भाषा, सास्कृतिक पहिचान, प्राकृतिक स्रोत साधन, आर्थिक संम्भाव्यता | | प्रदेशको संख्या र नामकरण सम्बन्धमा विशेषज्ञहरु समेतको संलग्नता भएको उच्चस्तरीय आयोगको | प्रदेशको संख्या र नामकरण सम्बन्धमा विशेषज्ञहरु समेतको संलग्नता भएको उच्चस्तरीय आयोगको सिफारिशमा सर्वदलीय सहमतिका आधारमा गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | सिफारिशमा सर्वदलीय सहमतिका आधारमा गर्ने | |
| ७ | नेकपा माले | केन्द्र<br>प्रदेश<br>स्वशासित एकाइ<br>स्थानीय निकाय | जातजाति, भाषा एवं संस्कृतिगत एकरुपता, मिल्दोजुल्दो ऐतिहासिक पृष्टभूमि र भौगोलिक अनुकुलता र आर्थिक दिगोपन | ६ वटा प्रदेश | | सगरमाथा,<br>जनक,<br>लुम्बिनी,<br>कर्णाली,<br>सेती महाकाली,<br>वागमती |
| ८ | सद्भावना पार्टी | केन्द्र,<br>स्वायत्त प्रदेश<br>स्वायत्त क्षेत्र वा उपप्रदेश | भौगोलिक<br>सांस्कृतिक आधार | | हिमाल र पहाडमा स्वायत क्षेत्रको नामकरण सम्बन्धित प्रदेशले गर्ने | हिमाल, पहाड र मधेश ३ स्वायत्त प्रदेश<br>र मधेश प्रदेश भित्र<br>भाषा, संस्कृति एवं समुदायका आधारमा<br>विराट, जनक, , बुद्ध, थरुहट, अवध, भोजपुरा,<br>मिथिला, आदि स्वायत्त क्षेत्र |
| ९ | राष्ट्रिय जनमोर्चा | केन्द्र,<br>प्रदेश,<br>जिल्ला,<br>गाउँ वा नगरपालिका | प्रशासकिय एकाइको आधारमा | ७ वटा प्रदेश | | कोशी, सगरमाथा, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, महाकाली |
| १० | नेकपा संयुक्त | केन्द्र,<br>प्रान्त,<br>उप प्रान्त,<br>क्षेत्र, र<br>स्थानीय निकाय | -ऐतिहासिक पहिचान<br>-भौगोलिक विशिष्टता<br>-प्राकृतिक स्रोत सम्पदाको अधिकार<br>-जातिय सहअस्तित्व<br>-भाषा, जाति एवं सांस्कृतिको घनत्व<br>-प्रशासनिक सुगमता<br>-एकिकृत स्वायत्तता<br>-क्षेत्रीय एकरूपता<br>-सामाजिक सम्बन्धको अवस्था | | | जनचाहना र स्वीकृतिको आधारमा संख्या निर्धारण गर्ने |
| ११ | रा.प्र.पा.नेपाल | | राष्ट्रिय अखण्डता एवं एकतामा आघात नपुग्ने गरी जातिय घनत्व, भौगोलिक अवस्था एवं आर्थिक संभाव्यता | ५ | सवैधानिक आयोग गठन गरी प्रान्तहरुको सीमा निर्धारण गर्ने | |
| १२ | नेपाल मजदुर किसान पार्टी | केन्द्र,<br>प्रान्त (राज्य),<br>स्थानीय निकाय | भुगोलको आधारमा सीमाङ्कन गर्ने | १४ अञ्चललाई राज्यको स्वरूप दिने | | |
| १३ | राष्ट्रिय जनमुक्ति पार्टी | केन्द्रीय<br>स्वायत्त | जाति विशेषको बहुमत हुनेगरी भौगोलिक आधार,<br>जात जातीहरुको ऐतिहासिकताको आधार र<br>भाषा र सास्कृतिक आधार | १२ वटा स्वायत्त राज्य परिषद | | लिम्बुवान, खम्बुवान, तामाङ्ग ह्युल, संघीय नेवाः, तमु ग्याल्सा, मगरहाङ, खसाङ, थरुहट, दलित, लुम्बिनी, भोजपुरा र मिथिला |
| १४ | नेकपा एकिकृत | केन्द्र,<br>प्रदेश,<br>स्थानीय तह | जातिय, भाषिक, क्षेत्रको आधार | ११ वटा स्वशासित प्रदेश | जातजाति, भाषा भाषि, समुदायका जनताका भावना, ऐतिहासिकता र वस्तु स्थिति | लिम्बुवान, खम्बुवान, तामाङ्गसालिङ, नेपाः मण्डल, तमुवान, मगरात, खसान, पश्चिम खसान, थरुहट, अवध भोजपुरा, मिथिला थारु |
| १५ | नेपाल सदभावना पार्टी (आनन्दी देवी) | केन्द्र,<br>प्रदेश,<br>उप प्रदेश,<br>स्थानीय | भूगोल, वातावरणीय, पर्यावरणीय समरुपता, जीवन पद्धति, संस्कृति, जनताको Movement को प्रकृति, | १३ वटा | | मधेश प्रदेशमा विराट उप प्रदेश, बैदही उप प्रदेश, सिम्रौन उप प्रदेश, अवध उप प्रदेश, थारुवान वा घोडा घाडी उप प्रदेश,<br>पहाड प्रदेशमा खुम्बुवान, मगरात, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सञ्चार एवं सम्पर्क र<br>सामाजिक अन्तर सम्बन्ध | | | नेवाः, लिम्बुवान, खसाङ्ग,<br>ताम्सालिङ्ग,, र<br>हिमाल प्रदेशमा रसुवा देखि<br>मनाङ्गसम्म १ र रसुवा देखि<br>ताप्लेजुङ्गसम्म १ उप प्रदेश |
| १६ | नेपाली जनता दल | | देशको भौगोलिक विशिष्टता<br>जातिय<br>सास्कृतिक एंव भाषिक समानता<br>समान विकास | | | |
| १७ | समाजबादी प्रजातान्त्रिक जनता पार्टी नेपाल | संघ,<br>प्रदेश,<br>स्थानीय सरकार | जातजाति,<br>भाषा,<br>भौगोलिक,<br>अनुकूलता,<br>सस्कृति,<br>ऐतिहासिकता,<br>प्राकृतिक स्रोतको उपलब्धता | १४ | | लिम्बुवान प्रदेश, खम्बुवान प्रदेश<br>राजवंशी प्रदेश, मिथिला प्रदेश<br>भोजपुरी प्रदेश, ताम्सालिङ्ग प्रदेश<br>नेवाः प्रदेश, अवधी प्रदेश<br>तमुवान प्रदेश, मगरात प्रदेश<br>कर्णाली प्रदेश, भेरी प्रदेश<br>थरुहट प्रदेश, सेति महाकाली प्रदेश |
| १८ | नेपाल परिवार दल | संघीय,<br>प्रादेशिक,<br>स्थानीय | भौगोलिक, प्राकृतिक स्रोत र साधान, जनघनत्व तथा अन्य विशेषता | ७ प्रदेशि एकाइ | प्रदेशहरुको नाम, संख्या, क्षेत्र र सीमाना संघीय सरकारले प्रदेशको सहमतिमा गर्ने | |
| १९ | नेपाः राष्ट्रिय पार्टी | केन्द्र,<br>प्रान्त,<br>प्रदेश | ऐतिहासिक पहिचान, भाषा र संस्कृतिको आधारमा | ५ प्रान्त र १६ प्रदेश | | पूर्वाञ्चल प्रान्तमा लिम्बुवान प्रदेश, खम्बुवान प्रदेश र कोचिला प्रदेश, मध्यमाञ्चल प्रान्तमा नेवाः प्रदेश, ताम्सालिङ्ग प्रदेश, मुर्मि प्रदेश, मिथिला प्रदेश र भोजपुरी प्रदेश, पश्चिमाञ्चल प्रान्तमा तमुवान प्रदेश, मगरात प्रदेश र<br>अवध प्रदेश, मध्य पश्चिमाञ्चलमा खाम प्रदेश, विशालपुर प्रदेश र थारुवान प्रदेश तथा सुदूर पश्चिमाञ्चल प्रान्तमा थलारा प्रदेश र डोटी प्रदेश |
| २० | नेपाल लोकतान्त्रिक समाजवादी दल | केन्द्र,<br>प्रान्त | ऐतिहासिकता, जातीयता, भाषा र संस्कृति, भौगोलिक प्राकृतिक विविधता र जातियता | | | सिद्धार्थ थरुहट संघीय राज्य, विराट जनक थरुहट संघीय राज्य, किरात संघीय राज्य, नेवाः संघीय राज्य, मगरात संघीय राज्य, तम्वासालिङ, तमुवान, खसान |
| २१ | चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल | संघ,<br>प्रदेश,<br>स्थानीय सरकार | चुरेभावर लगायन भौगोलिक सीमा, प्राकृतिक सम्पदाको समान वितरण, मिश्रित सास्कृतिक आधार र प्राकृतिक स्रोतको उपलब्धता | | | प्रदेशहरुको सीमाना निर्धारण आयोगको सिफारिशका आधारमा गर्ने । |

# अनुसूची - ११

## संघीय एकाइको क्षेत्र निर्धारण र नामकरण सम्बन्धमा नेपाली विद्वानहरुको धारणाः

| क.स | प्रस्तुतकर्ता | एकाइ निर्माणको | संघीय | संघीय एकाइको नाम | | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ढुण्डीराज शास्त्री | भौगोलिक | | पुर्वान्चल प्रदेश | मध्यपश्चिमान्चल प्रदेश | |
| | समेत | | ५ | मध्यमान्चल प्रदेश | सुदुर पश्चिमान्चल प्रदेश | |
| | स्रोतःडा.सुरेन्द्र | | | पश्चिमान्चल प्रदेश | | |
| २ | गोविन्द न्यौपाने | जातीय ऐतिहासिक र | | किरात प्रदेश | नेपा प्रदेश | |
| | स्रोतः मंगलसिद्धि | भाषिक | | मिथिला प्रदेश | तमु प्रदेश | |
| | मानन्धर, | | ९ | भोजपुरी प्रदेश | मगरात प्रदेश | |
| | नेपालमा संघीय | | | थारुवान प्रदेश | खसान प्रदेश | |
| | राज्य एक प्रारुप | | | ताम्बासालिङ्ग प्रदेश | | |
| ३ | नरहरी आचार्य | भौगोलिक अनुकूलता, | | कोशी प्रदेश | कर्णाली प्रदेश | |
| | स्रोतः डा.सुरेन्द्र | भाषिक तथा | ६ | वागमती प्रदेश | महाकाली प्रदेश | |
| | के.सी नेपालको | सांस्कृतिक विशेषता, | | गण्डकी प्रदेश | काठमाडौ उपत्यका | |
| ४ | कमल तिगेला | | | ओल्लो किरांत प्रदेश | मगरात प्रदेश | |
| | लिम्बु | | ७ | माझ्न किरात प्रदेश | क्र्णाली प्रदेश | |
| | स्रोतःडा.सुरेन्द्र | | | पल्लो किरात प्रदेश | महाकाली प्रदेश | |
| | के.सी नेपालको | | | तमुवान प्रदेश | | |
| ५ | जयप्रकाश प्रसाद | भाषा जातीय समूह, | | | | |
| | गुप्ता | सामाजिक सांस्कृतिक | | | | |
| | स्रोतः सिताराम | संरचना, जनसंख्या | | | | |
| ६ | के. वि गुरुङ्ग | जाती र भाषा, जातीय | | लिम्बुवान प्रदेश | तमु प्रदेश | |
| | स्रोतः मंगलसिद्धि | र भुगोल | | खम्बुवान प्रदेश | पश्चिम खसान प्रदेश | |
| | मानन्धर, | | ११ | ताम्बासालिङ्ग प्रदेश | सुदुर पश्चिम खसान प्रदेश | |
| | नेपालमा संघीय | | | नेवारी प्रदेश | थरुइर प्रदेश | |
| | राज्य एक प्रारुप | | | मैथली प्रदेश | भोजपुरी प्रदेश | |
| | पेज नं. ९ | | | थारुवान प्रदेश | | |
| ७ | केशरमान शाक्य, | समुदायको कुनै | | किरात प्रदेश | तमुवान प्रदेश | |
| | मल्ल के सुन्दर, | भूमिसंग कायम भएको | | मधेश प्रदेश | मगरात प्रदेश | |
| | अजून लिम्वु | ऐतिहासिक सम्वन्ध | | तामाङ्ग प्रदेश | भेरी प्रदेश | |
| | स्रोतः सिताराम | समुदायको, कुनै | | नेवा प्रदेश | सेती महाकाली स्वायत्त प्रदेश | |
| | तामाङ्ग नेपालको | क्षेत्रमा रहेको | | थारुवान प्रदेश | | |
| ८ | डा. गोपाल शर्मा | | | किरात प्रदेश | तमु प्रदेश | |
| | र वलदिप | | ८ | ताम्बासालिङ्ग प्रदेश | मिथिलान्चल प्रदेश | |
| | चाम्लिङ्ग | | | नेपाल मण्डल | लुम्बिनी प्रदेश | |
| | | | | मगरात प्रदेश | सिन्जा प्रदेश | |
| ९ | पिताम्वर शर्मा | जातिय, | | पुर्वो प्रदेश | क्र्णाली प्रदेश | |
| | स्रोतः मंगलसिद्धि | भाषिक,आर्थिक | ५ | मध्य प्रदेश | सुदुर पश्चिम प्रदेश | |
| | मानन्धर, | सवलता,अर्न्तप्रादेशिक | | पश्चिम प्रदेश | | |
| १० | बाबुराम आचार्य | ऐतिहासिक जातीय, | ४ | बारहा मुक्ति क्षेत्र | मुक्तिनाथ मुक्ति क्षेत्र | |
| | स्रोतः मंगलसिद्धि | क्षेत्रीय र पौराणिक | | पशुपति मुक्ति क्षेत्र | मलिका मुक्ति क्षेत्र | |
| ११ | रामचन्द्र आचार्य | भौगोलिक | | रारा टेरिटोरी | पुर्वी तराई (इएलसी नभएको) | |
| | स्रोतः मंगलसिद्धि | जनजाती/जातीय र | | सगरमाथ प्रदेश ( | पश्चिम तराई प्रदेश थारु | |
| | मानन्धर, | भाषिक (मिथिला पैदृश | | अन्नपुर्ण प्रदेश गुरुंग | मिथिला प्रदेश मैथली | |
| | नेपालमा संघीय | वाहेक वाकी सवै प्रदेश | | काठमाडौं प्रदेश | लुम्बिनी प्रदेश अवधि | |
| | राज्य एक प्रारुप | भौगोलिक आधारमा | | खप्तड प्रदेश दलित | गौरिशंकर प्रदेश तामांग | |
| | पेज नं. ९ | | | रिडी प्रदेश मगर | कंचनजंगा प्रदेश लिम्वु | |
| | | | | मध्य तराई भोजपुरी | | |
| १२ | राजेन्द्र श्रेष्ठ | भौगोलिक जनसंख्या, | | मगर | सिसान्त (ताम्वासालिंग) | |
| | स्रोतः मंगलसिद्धि | जातीय र क्षेत्रीय | | गण्डक | याकथुं | |
| | मानन्धर, | सम्वन्ध सामाजिक, | | महाकालि | कर्णाली | |
| | नेपालमा संघीय | आर्थिक सम्वन्ध | | भेरी | कोशी (कोचिला) | |
| | राज्य एक प्रारुप | | १५ | भोजपुरी | तमु | |
| | पेज नं. १० | | | नेपालमण्डल | गौतम वुद्ध | |
| | | | | जनकपुर | खम्वु | |
| | | | | थारुहट | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | कृष्ण खनाल<br>स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप पेज नं. १० | जनसंख्या, भौगोलिक निकटता, सामाजिक/सांस्कृतिक समानता | १४(प्रदेशको नामकरण नभएको र प्रदेशमा रहने जिल्लाको सीमाना छुट्याइएको) | | | |
| १४ | अमरेश नारायण झा<br>स्रोतः सिताराम तामाङ्ग नेपालको सन्दर्भमा | भाषिक, जातीय र भौगोलिक | १० | अवधि | किरांत | |
| | | | | मगराट | तमुवान | |
| | | | | महाकालि कर्णाली | तामांग | |
| | | | | भोजपुरी | ञथारु | |
| | | | | नेवार | मिथिला | |
| १५ | आलोक वोहरा, शिव गौतम, | जलधार (प्रदेश नामकरणको आधार | ४ | कोशी | कर्णाली | |
| | | | | गण्डकी | काठमाडौं | |
| १६ | शंकर पोखरेलस्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप पेज नं. १० | भौगोलिक अवस्थिति, जातिगत सघनता, मातृभाषा र भाषा प्रयोगको अवस्था, सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था | १५ | राप्ती | लुम्विनी | |
| | | | | सुनकोशी | कर्णाली | |
| | | | | अन्नपूर्ण | काठमाडौं | |
| | | | | भावर | कोशी | |
| | | | | नारायणी | कालिगण्डकी | |
| | | | | जनकपुर | तमोर | |
| | | | | सिम्रोनगढ | खप्तड | |
| | | | | विराट | | |
| १७ | श्रीकृष्ण यादव<br>स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय | भौगोलिक र ऐतिहासिक | ७ | सगरमाथा | सिद्धार्थ | |
| | | | | विदेह | कर्ण्णली | |
| | | | | वागमति | महाकालि | |
| | | | | गण्डकी | | |
| १८ | कुमार योञ्जन तामाङ्ग<br>स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप | जातिगत र जनसंख्या, भूमि र क्षेत्रका आधारमा भाषिक क्षेत्र वा वाहुल्यता, क्षेत्रीय उत्पीडन | ११ | मगरात | कोचिला | |
| | | | | भोजपुरी | तमुवान | |
| | | | | नेवार | तामांग | |
| | | | | जडान | खसांग | |
| | | | | मिथिला | थारुवान | |
| | | | | किरांत | | |
| १९ | वावुराम भट्टराई<br>स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप | जलधार | ९ | राप्ती | लुम्विनी | |
| | | | | वागमति | कर्णाली | |
| | | | | मेची | कोशी | |
| | | | | महाकालि | गण्डकी | |
| | | | | जनकपुर | | |
| २० | राजेन्द्र गौतम<br>स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप पेज नं. १० | ऐतिहासिक, भौगोलिक, जातिगत वसोवासको सघनता र जनसंख्या, भाषिक अवस्था, सांस्कृतिक तथा आर्थिक अन्तर सम्वन्ध, प्रशासनिक सुगमता | १४ | दांग | मिथिला | |
| | | | | अन्नपुर्ण | लुम्विनी | |
| | | | | मकालु | उपत्यका | |
| | | | | भेरी | कर्णाली | |
| | | | | नारायणी | कोशी | |
| | | | | जुम्ला | गोरखा | |
| | | | | सिन्धुली | हलेशी | |
| २१ | धर्मराज पौडेल<br>स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय | भौगोलिक अवस्थिति, जातिगत सघनता, मातृभाषा र भाषा प्रयोगको अवस्था, | | राप्ती | मैथली | |
| | | | | सुनकोशी | वुद्धभूमि | |
| | | | | सप्तकोशी | कर्णाली | |
| | | | | महाकाली | धौवागिरी | |
| २२ | अमरेश कुमार सिंह<br>स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप पेज नं. ११ | जातीय, भाषिक, ऐतिहासिक, भौगोलिक | १२ | डोटी | मिथिला | |
| | | | | अवध | किरांत | |
| | | | | मगरात | कर्णाली | |
| | | | | नेवार | तमुवान | |
| | | | | जाजरकोट | तामांग | |
| | | | | सिम्रौनगढ | थारुवान | |
| | | | | | | |
| २३ | सूर्य थापा | जातीय, भाषिक, | ११ | देउडा | लुम्विनी | |
| | | | | राप्ती | कोशी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप | ऐतिहासिक, भौगोलिक सुगमता, सांस्कृतिक, | | सैलुंग | कन्चनजंगा | |
| | | | | सिजा | गोरखा | |
| | | | | मिथिला | थरुहट | |
| | | | | काठमाडौं | | |
| २४ | मंगलसिद्धि मानन्धर समेत | | १२ | लिम्वुवान | तामासालिन | |
| | | | | खुम्वुवान | मिश्रित पश्चिम | |
| | | | | मिश्रित सुदुरपूर्व | तम्वुवान | |
| | | | | मिश्रित पूर्व | मगरात | |
| | | | | मिथिला | थरुहट | |
| | | | | नेवार | खसान | |
| २५ | हर्क गुरुंग स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप पेज नं. १० | जिल्लामा विद्यमान साधन र स्रोतको आधारमा (नामकरणको आधार भौगोलिक) | | राप्ती | भेरी | |
| | | | | स्वर्गद्धारी | रिडि | |
| | | | | सैपाल | सिमरा | |
| | | | | सगरमाथा | विजयपुर | |
| | | | | सैलुंग | त्रिशुली | |
| | | | | श्रीनगर | चौगण्डी | |
| | | | | व्यासऋषि | कर्णाली | |
| | | | | बबैइ | कन्काई | |
| | | | | अरुण | कमला | |
| | | | | अन्नपूर्ण | काठमाडौं | |
| | | | | मोहना | तमोर | |
| | | | | मनासलु | धौलागिरी | |
| | | | | मालिका | | |
| २६ | जितन्द्र देव स्रोतः मंगलसिद्धि मानन्धर, | जातीय, भाषिक, ऐतिहासिक, भौगोलिक | संख्या नखुलाएको | प्रदेशको नामकरण नगरिएको | | |
| २७ | विजय शर्मा स्रोतः मंगलसिद्धि मानन्धर, | जातीय, भाषिक, | संख्या नखुलाएको | प्रदेशको नामकरण नगरिएको | | |
| २८ | लोकतान्त्रिक राष्ट्रिय मञ्च स्रोतः मंगलसिद्धि | जाती र भाषा | संख्या नखुलाएको | प्रदेशको नामकरण नगरिएको | | |
| २९ | परशुराम तामाङ स्रोतः मंगलसिद्धि मानन्धर, | जातीय र भाषिक | १२ | प्रदेशको नामकरण नगरिएको | | |
| ३० | परि थापा स्रोतः मंगलसिद्धि मानन्धर, नेपालमा संघीय राज्य एक प्रारुप | जातिगत जनसंख्या स्थानीय भूगोल भाषिक | ९ | खसान/खास | नेवार/नेवाखल | |
| | | | | खम्वु/खम्वुवान | मगर/मगरात | |
| | | | | गुरुङ्ग/तम्वुवान | मैथली/मधेशी | |
| | | | | तामाङ/ताम्वासालिन | लिम्वु/लिम्वुवान | |
| | | | | थारु/थरुहट | | |
| ३१ | झलनाथ खनाल, ध्रुववहादुर प्रधान, नरहरि आचार्य, | जनसंख्या, भौगोलिक अनुकुलता, भाषिक आधार, आर्थिक अन्तर | | | | |
| ३२ | कुमार खड्का स्रोतःडा.सुरेन्द्र के.सी नेपालको राज्यपुनर्संरचना र संविधानसभा | भौगोलिक, जलाधार | ९ | मेची | लुम्बिनी | |
| | | | | सगरमाथा | कर्णाली | |
| | | | | नारायणी | भेरी | |
| | | | | वागमती | महाकाली | |
| | | | | गण्डकी | | |
| ३३ | डा.सुरेन्द्र के.सी. स्रोतःडा.सुरेन्द्र के.सी नेपालको राज्यपुनर्संरचना र संविधानसभा | | १० | लिम्बुवान | ताम्बासालिङ्ग प्रदेश | |
| | | | | खुम्वुवान | तमुवान | |
| | | | | मधेश प्रदेश | मगरात | |
| | | | | थारुवान | चुरेभावर | |
| | | | | नेपालमण्डल | कर्णाली | |
| ३४ | गोविन्द राज जोशी स्रोतः नेपालमा संघीय शासन प्रणाली पेज नं. ३५ | परम्परागत मान्यता, धर्म, संस्कृति एवं सामाजिक सद्भाव र भौगोलिक, जनसंख्या, विद्यमान संरचना | ६ | कर्णाली प्रदेश | बागमती प्रदेश | |
| | | | | पश्चिम प्रदेश | मध्ये प्रदेश | |
| | | | | गण्डक प्रदेश | पुर्व प्रदेश | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | ई. श्रीकृष्ण यादव<br>स्रोत: नेपालको संघीय संरचना | जातीगत बसोबास संलग्नता, जनसंख्या, ऐतिहासिक, भौगोलिकता, भाषिक, | ७ | बागमती प्रदेश<br>सगरमाथा<br>गण्डकी<br>कर्णाली | महाकाली<br>सिद्धार्थ<br>विदेह | |
| ३६ | नरहरि आचार्य समेत | भौगोलिक अवस्थिति र अनुकुलता, जनसंख्यको प्रकृति (ऐतिहासिक बसोबास) र घनत्व, प्राकृतिक स्रोत र आर्थिक संभावना, भाषिक, जातीय एवं सांस्कृतिक सघनता, प्रदेशहरुको अन्तर सम्बन्ध, राजनीतिक/प्रशासनिक संभाव्यता | ३ | पहिलो विकल्प<br>कर्णाली/खस प्रदेश<br>थारुहट/कपिलवस्तु प्रदेश<br>गण्डकी/गोरखा/तमु मगरात प्रदेश<br>बागमती/काठमाडौं/उपत्यका/नेवाः/कान्तिपुर प्रदेश<br>मिथिला/जनकपुर/विदेह/मधेश प्रदेश<br>हलेसी/किरात/सगरमाथा/अरुण प्रदेश<br>दोस्रो विकल्प<br>महाकाली प्रदेश<br>थरुहट प्रदेश<br>कर्णाली/सिंजा प्रदेश<br>भेरी/मगरात प्रदेश<br>गण्डकी/तमु/गोरखा प्रदेश<br>कपिलवस्तु प्रदेश<br>बागमती/कान्तिपुर/नारायणी प्रदेश<br>सनुकोशी/ताम्सालिङ/पलान्चोक प्रदेश/छोरोल्पा प्रदेश<br>सिमरौनगढ/भोजपुरा प्रदेश<br>मिथिला/मधेस /विदेह/जनकपुर प्रदेश<br>हलेसी/किरात/सगरमाथा प्रदेश<br>अरुण/सिरिजंगा/लिम्बुवान प्रदेश<br>विराट/कोचि प्रदेश | | |

## अनुसूची - १२

### जात/जातिको संख्या (जनगणना २०५८)

| सि.नं. | जात/जाति | प्रतिशत | जम्मा | पुरुष | महिला | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | क्षेत्री | १५.८० | ३,५९३,४९६ | १,७७४,७०९ | १,८१८,७८७ | |
| २. | ब्राह्मण (पहाड) | १२.७४ | २,८९६,४७७ | १,४२६,९१५ | १,४६९,५६२ | |
| ३. | मगर | ७.१४ | १,६२२,४२१ | ७८४,८२८ | ८३७,५९३ | |
| ४. | थारू | ६.७५ | १,५३३,८७९ | ७७४,९२४ | ७५८,९५५ | |
| ५. | तामाङ | ५.६४ | १,२८२,३०४ | ६४१,३६१ | ६४०,९४३ | |
| ६. | नेवार | ५.४८ | १,२४५,२३२ | ६२०,२१३ | ६२५,०१९ | |
| ७. | मुस्लिम | ४.२७ | ९७१,०५६ | ५०१,७९३ | ४६९,२६३ | |
| ८. | कामी | ३.९४ | ८९५,९५४ | ४३२,९३७ | ४६३,०१७ | |
| ९. | यादव | ३.९४ | ८९५,४२३ | ४७३,४२१ | ४२२,००२ | |
| १०. | राई | २.७९ | ६३५,१५१ | ३१२,३६३ | ३२२,७८८ | |
| ११. | गुरुङ | २.३९ | ५४३,५७१ | २५९,३७६ | २८४,१९५ | |
| १२. | दमाईं/ढोली | १.७२ | ३९०,३०५ | १८८,३२९ | २०१,९७६ | |
| १३. | लिम्बू | १.५८ | ३५९,३७९ | १७४,७६० | १८४,६१९ | |
| १४. | ठकुरी | १.४७ | ३३४,१२० | १६४,६४३ | १६९,४७७ | |
| १५. | सार्की | १.४० | ३१८,९८९ | १५३,६८१ | १६५,३०८ | |
| १६. | तेली | १.३४ | ३०४,५३६ | १५८,६४७ | १४५,८८९ | |
| १७. | चमार/हरिजन/राम | १.१९ | २६९,६६१ | १३८,८७८ | १३०,७८३ | |
| १८. | कोइरी | १.११ | २५१,२७४ | १३०,४२४ | १२०,८५० | |
| १९. | कुर्मी | ०.९४ | २१२,८४२ | १११,६३८ | १०१,२०४ | |
| २०. | सन्यासी | ०.८८ | १९९,१२७ | ९८,००६ | १०१,१२१ | |
| २१. | धानुक | ०.८३ | १८८,१५० | ९७,५०७ | ९०,६४३ | |
| २२. | मुसहर | ०.७६ | १७२,४३४ | ८८,०४१ | ८४,३९३ | |
| २३. | दुसध/पासवान/पासी | ०.७० | १५८,५२५ | ८२,१७३ | ७६,३५२ | |
| २४. | शेर्पा | ०.६८ | १५४,६२२ | ७७,५११ | ७७,१११ | |
| २५. | सोनार | ०.६४ | १४५,०८८ | ७२,३३१ | ७२,७५७ | |
| २६. | केवट | ०.६० | १३६,९५३ | ७०,८१५ | ६६,१३८ | |
| २७. | ब्राह्मण (तराई) | ०.५९ | १३४,४९६ | ७०,६२३ | ६३,८७३ | |
| २८. | बानिया | ०.५६ | १२६,९७१ | ६७,३०८ | ५९,६६३ | |
| २९. | घर्ती/भुजेल | ०.५२ | ११७,५६८ | ५८,०२३ | ५९,५४५ | |
| ३०. | मल्लाह | ०.५१ | ११५,९८६ | ५९,६४९ | ५६,३३७ | |
| ३१. | कलवार | ०.५१ | ११५,६०६ | ६१,२२१ | ५४,३८५ | |
| ३२. | कुमाल | ०.४४ | ९९,३८९ | ४८,८८३ | ५०,५०६ | |
| ३३. | हजाम/ठाकुर | ०.४३ | ९८,१६९ | ५१,६१७ | ४६,५५२ | |
| ३४. | कानू | ०.४२ | ९५,८२६ | ५०,७०६ | ४५,१२० | |
| ३५. | राजवंशी | ०.४२ | ९५,८१२ | ४८,२३४ | ४७,५७८ | |
| ३६. | सुनुवार | ०.४२ | ९५,२५४ | ४८,०६५ | ४७,१८९ | |
| ३७. | सुढी | ०.४० | ८९,८४६ | ४७,१९८ | ४२,६४८ | |
| ३८. | लोहार | ०.३६ | ८२,६३७ | ४२,२७० | ४०,३६७ | |
| ३९. | तत्मा | ०.३४ | ७६,५१२ | ३९,६०६ | ३६,९०६ | |
| ४०. | खत्वे | ०.३३ | ७४,९७२ | ३८,६४३ | ३६,३२९ | |
| ४१. | धोबी | ०.३२ | ७३,४१३ | ३८,३५० | ३५,०६३ | |
| ४२. | माझी | ०.३२ | ७२,६१४ | ३६,३६७ | ३६,२४७ | |
| ४३. | नुनिया | ०.२९ | ६६,८७३ | ३५,२२४ | ३१,६४९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४. | कुम्हार | ०.२४ | ५४,४१३ | २८,२८९ | २६,१२४ | |
| ४५. | दनुवार | ०.२३ | ५३,२२९ | २६,१९२ | २७,०३७ | |
| ४६. | चेपाङ/प्रजा | ०.२३ | ५२,२३७ | २६,६८५ | २५,५५२ | |
| ४७. | हलुवाई | ०.२२ | ५०,५८३ | २६,३८७ | २४,१९६ | |
| ४८. | राजपुत | ०.२१ | ४८,४५४ | २५,९०५ | २२,५४९ | |
| ४९. | कायस्थ | ०.२० | ४६,०७१ | २३,३४३ | २२,७२८ | |
| ५०. | बढई | ०.२० | ४५,९७५ | २४,१६० | २१,८१५ | |
| ५१. | मारवाडी | ०.१९ | ४३,९७१ | २३,२०५ | २०,७६६ | |
| ५२. | सन्थाल/सतार | ०.१९ | ४२,६९८ | २१,५१५ | २१,१८३ | |
| ५३. | धाँगड/झाँगड | ०.१८ | ४१,७६४ | २०,८९२ | २०,८७२ | |
| ५४. | बाँतर | ०.१६ | ३५,८३९ | १८,१३९ | १७,७०० | |
| ५५. | बरई | ०.१६ | ३५,४३४ | १८,४७९ | १६,९५५ | |
| ५६. | कहार | ०.१५ | ३४,५३१ | १८,१०९ | १६,४२२ | |
| ५७. | गनगाई | ०.१४ | ३१,३१८ | १५,८०८ | १५,५१० | |
| ५८. | लोध | ०.११ | २४,७३८ | १३,०१८ | ११,७२० | |
| ५९. | राजभर | ०.११ | २४,२६३ | १२,७५५ | ११,५०८ | |
| ६०. | थामी | ०.१० | २२,९९९ | ११,३९२ | ११,६०७ | |
| ६१. | धिमाल | ०.०९ | १९,५३७ | ९,६४६ | ९,८९१ | |
| ६२. | भोटे | ०.०८ | १९,२६१ | ९,९५९ | ९,३०२ | |
| ६३. | बिङ/बिँडा | ०.०८ | १८,७२० | ९,६४१ | ९,०७९ | |
| ६४. | भेडियार/गडेरी | ०.०८ | १७,७२९ | ९,३४२ | ८,३८७ | |
| ६५. | नुराङ | ०.०८ | १७,५२२ | ९,१९८ | ८,३२४ | |
| ६६. | याक्खा | ०.०७ | १७,००३ | ८,१३२ | ८,८७१ | |
| ६७. | दराई | ०.०७ | १४,८५९ | ७,१९५ | ७,६६४ | |
| ६८. | ताजपुरिया | ०.०६ | १३,२५० | ६,५३२ | ६,७१८ | |
| ६९. | थकाली | ०.०६ | १२,९७३ | ६,२१६ | ६,७५७ | |
| ७०. | चिडीमार | ०.०५ | १२,२९६ | ६,५१६ | ५,७८० | |
| ७१. | पहारी | ०.०५ | ११,५०५ | ५,८०३ | ५,७०२ | |
| ७२. | माली | ०.०५ | ११,३९० | ५,८८४ | ५,५०६ | |
| ७३. | बङ्गाली | ०.०४ | ९,८६० | ५,६८० | ४,१८० | |
| ७४. | छन्तेल | ०.०४ | ९,८१४ | ४,५४५ | ५,२६९ | |
| ७५. | डोम | ०.०४ | ८,९३१ | ४,६३१ | ४,३०० | |
| ७६. | कमार | ०.०४ | ८,७६१ | ४,५१६ | ४,२४५ | |
| ७७. | बोटे | ०.०४ | ७,९६९ | ३,८८१ | ४,०८८ | |
| ७८. | ब्राह्मू/बरा | ०.०३ | ७,३८३ | ३,४४१ | ३,९४२ | |
| ७९. | गाइने | ०.०३ | ५,८८७ | २,८५७ | ३,०३० | |
| ८०. | जिरेल | ०.०२ | ५,३१६ | २,५८२ | २,७३४ | |
| ८१. | आदिबासी/जनजाति | ०.०२ | ५,२५९ | २,५५८ | २,७०१ | |
| ८२. | दुरा | ०.०२ | ५,१६९ | २,३७७ | २,७९२ | |
| ८३. | चुरौटे | ०.०२ | ४,८९३ | २,५३२ | २,३६१ | |
| ८४. | बादी | ०.०२ | ४,४४२ | २,१५२ | २,२९० | |
| ८५. | मेचे | ०.०२ | ३,७६३ | १,८३० | १,९३३ | |
| ८६. | लेप्चा | ०.०२ | ३,६६० | १,९३५ | १,७२५ | |
| ८७. | हलखोर | ०.०२ | ३,६२१ | १,८४८ | १,७७३ | |
| ८८. | पञ्जाबी/शिख | ०.०१ | ३,०५४ | १,५६७ | १,४८७ | |
| ८९. | किसान | ०.०१ | २,८७६ | १,३८२ | १,४९४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९०. | राजी | ०.०१ | २,३९९ | १,१११ | १,२८८ | |
| ९१. | ब्याङ्सी | ०.०१ | २,१०३ | १,०९४ | १,००९ | |
| ९२. | हायू | ०.०१ | १,८२१ | ८९२ | ९२९ | |
| ९३. | कोचे | ०.०१ | १,४२९ | ६९३ | ७३६ | |
| ९४. | धुनिया | ०.०१ | १,२३१ | ६१४ | ६१७ | |
| ९५. | वालुङ | ०.०१ | १,१४८ | ५७४ | ५७४ | |
| ९६. | जैन | ०.०० | १,०१५ | ५५१ | ४६४ | |
| ९७. | मुण्डा | ०.०० | ६६० | ३५७ | ३०३ | |
| ९८. | राउटे | ०.०० | ६५८ | ३४६ | ३१२ | |
| ९९. | ह्याल्मो | ०.०० | ५७९ | २८१ | २९८ | |
| १००. | पत्थरकट्टा/कुस्वाडिया | ०.०० | ५५२ | २८६ | २६६ | |
| १०१. | कुसुण्डा | ०.०० | १६४ | ८५ | ७९ | |
| १०२. | अन्य दलित | ०.७६ | १७३,४०१ | ८५,०६३ | ८८,३३८ | |
| १०३. | नखुलेको | १.०२ | २३१,६४१ | ११६,५६९ | ११५,०७२ | |
| | **जम्मा** | १००.०० | २,२७,३६,९३४ | १,१३,५९,३७८ | १,१३,७७,५५६ | |

# अनुसूची - १३
## भाषागत स्थिति


| सि.नं. | भाषा | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाली | ११०५३२५५ | ४८.६१ | |
| २. | मैथली | २७९७५८२ | १२.३० | |
| ३. | भोजपुरी | १७१२५३६ | ७.५३ | |
| ४. | थारु | १३३१५४६ | ५.८६ | |
| ५. | तामाङ्ग | ११७९१४५ | ५.१९ | |
| ६. | नेवार | ८२५४५८ | ३.६३ | |
| ७. | मगर | ७७०११६ | ३.३९ | |
| ८. | अवधि | ५६०७४४ | २.४७ | |
| ९. | वान्तवा | ३७१०५६ | १.६३ | |
| १०. | गुरुङ्ग | ३३८९२५ | १.४९ | |
| ११. | लिम्बु | ३३३६३३ | १.४७ | |
| १२. | बंज्जिका | २३७९४७ | १.०५ | |
| १३. | उर्दु | १७४८४० | .०७७ | |
| १४. | राजवंशि | १२९८२९ | .०५७ | |
| १५. | शेर्पा | १२९७७१ | ०.५७ | |
| १६. | हिन्दी | १०५७६५ | ०.४७ | |
| १७. | चाम्लिङ्ग | ४४०९३ | ०.१९ | |
| १८. | सन्थली | ४०२६० | ०.१८ | |
| १९. | चेपाङ्ग | ३६८०७ | ०.१६ | |
| २०. | दनुवार | ३१८४९ | .०१४ | |
| २१. | झांगर | २८६१५ | ०.१३ | |
| २२. | सुनुवार | २६६११ | ०.१२ | |
| २३. | बंगाल | २३६०२ | ०.१० | |
| २४. | मार्वारी | २२६३७ | ०.१० | |
| २५. | माझि | २१८४१ | ०.१० | |
| २६. | थामी | १८९९१ | ०.०८ | |
| २७. | कुलुङ्ग | १८६८६ | ०.०८ | |
| २८. | धिमाल | १७३०८ | ०.०८ | |
| २९. | अंजिका | १५८९२ | ०.०७ | |
| ३०. | याक्खा | १४६४८ | ०.०६ | |


| | | | | |
|---|---|---|---|---|
| ३१. | थुलुङ्ग | १४०३४ | ०.०६ | |
| ३२. | साङपाङ्ग | १०८१० | ०.०५ | |
| ३३. | भुजेल | १०७३३ | ०.०५ | |
| ३४. | दराई | १०२१० | ०.०४ | |
| ३५. | खालिङ्ग | ९२८८ | ०.०४ | |
| ३६. | कुमाल | ६५३३ | ०.०३ | |
| ३७. | थकाली | ६४४१ | ०.०३ | |
| ३८. | छन्त्याल | ५९१२ | ०.०३ | |
| ३९. | नेपाली सिंह भााषा | ५७४३ | ०.०३ | |
| ४०. | तिब्बतीयन | ५२७७ | ०.०२ | |
| ४१. | दुमे | ५२७१ | ०.०२ | |
| ४२. | जिरेल | ४९१९ | ०.०२ | |
| ४३. | वाम्ब्लु | ४४७१ | ०.०२ | |
| ४४. | पुमा | ४३१० | ०.०२ | |
| ४५. | ह्योल्मो | ३९८६ | ०.०२ | |
| ४६. | नाछिरिङ्ग | ३५५३ | ०.०२ | |
| ४७. | दुरा | ३३९७ | ०.०१ | |
| ४८. | मेचे | ३३०१ | ०.०१ | |
| ४९. | पहारी | २९९५ | ०.०१ | |
| ५०. | लेप्चा | २८२६ | ०.०१ | |
| ५१. | भोटे | २८२३ | ०.०१ | |
| ५२. | बहिङ्ग | २७६५ | ०.०१ | |
| ५३. | कोई | २६४१ | ०.०१ | |
| ५४. | राजी | २४१३ | ०.०१ | |
| ५५. | हायु | १७४३ | ०.०१ | |
| ५६. | ब्यङ्सी | १७३४ | ०.०१ | |
| ५७. | याम्फु | १७२२ | ०.०१ | |
| ५८. | घले | १६४९ | ०.०१ | |
| ५९. | खरिया | १५७५ | ०.०१ | |
| ६०. | छिलिङ्ग | १३१४ | ०.०१ | |
| ६१. | लोहोरुङ्ग | १२०७ | ०.०१ | |
| ६२. | पंजाबी | ११६५ | ०.०१ | |


| | | | | |
|---|---|---|---|---|
| ६३. | चिनीया | ११०१ | ०.०० | |
| ६४. | अंग्रेजी | १०३७ | ०.०० | |
| ६५. | मेवाहाङ्ग | ९०४ | ०.०० | |
| ६६. | संस्कृत | ८२३ | ०.०० | |
| ६७. | कैके | ७९४ | ०.०० | |
| ६८. | राउटे | ५१८ | ०.०० | |
| ६९. | किसान | ४८९ | ०.०० | |
| ७०. | चुरौती | ४०८ | ०.०० | |
| ७१. | बराम | ३४२ | ०.०० | |
| ७२. | तिलुङ्ग | ३१० | ०.०० | |
| ७३. | जेरुङ्ग | २७१ | ०.०० | |
| ७४. | दुङ्गमाली | २२१ | ०.०० | |
| ७५. | ओरीया | १५९ | ०.०० | |
| ७६. | लिङ्गखिम | ९७ | ०.०० | |
| ७७. | कुसुन्दा | ८७ | ०.०० | |
| ७८. | सिन्धी | ७२ | ०.०० | |
| ७९. | कोचे | ५४ | ०.०० | |
| ८०. | हरियान्वी | ३३ | ०.०० | |
| ८१. | मागाही | ३० | ०.०० | |
| ८२. | साम | २३ | ०.०० | |
| ८३. | कुर्माली | १३ | ०.०० | |
| ८४. | कगाते | १० | ०.०० | |
| ८५. | जोन्खा | ९ | ०.०० | |
| ८६. | कुकी | ९ | ०.०० | |
| ८७. | छिन्ताङ्ग | ८ | ०.०० | |
| ८८. | मेजो | ८ | ०.०० | |
| ८९. | नागामेसे | ६ | ०.०० | |
| ९०. | ल्होमी | ४ | ०.०० | |
| ९१. | असामीसे | ३ | ०.०० | |
| ९२. | सन्धानी | २ | ०.०० | |
| ९३. | उल्लेख नभएको | १६८३४० | ०.७४ | |

## अनुसूची - १४

**प्रदेशको संख्या, सिमाना र नामकरण सम्बन्धमा संविधानसभा, राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिमा राजनीतिक दल एवं माननीय सदस्यहरुबाट पेश र प्राप्त नक्शा**





प्रस्ताव: मधेशी जनअधिकार फोरम नेपाल
Proposed Madhesh
Total 1,47,789 Sq Km (100%)
1,20,385 Sq Km (81.5%)
27404.33 Sq. Km (18.5%)
Madhesh




सद्भावना पार्टी
थरुहट स्वायत्त क्षेत्र
अवधी स्वायत्त क्षेत्र
भोजपूरी स्वायत्त क्षेत्र
मैथिली स्वायत्त क्षेत्र
कोचिला स्वायत्त क्षेत्र
0 50 100 Kilometers
मा० अनिल कुमार झाको प्रस्ताव



मुलुकसुहाउँदो सङ्घीय संरचना बारे नेकपा (माले) को प्रस्ताव


नेपाल
प्रान्तहरुको नाम
१. मेची
२. कोशी
३. सगरमाथा
४. जनकपुर
५. बागमती
६. नारायणी
७. गण्डकी
८. अन्नपूर्ण
९. लुम्बिनी
१०. राप्ती
११. भेरी
१२. कर्णाली
१३. सेती
१४. महाकाली
केन्द्रीय सरकार बस्ने मुख्यालय : दाङ
प्रान्तीय सरकार बस्ने मुख्यालय
प्रस्ताव : नेपाल मजदुर किसान पार्टी


KOSHI
LIMBUWAN UPRADE
KHAMBUWAN UPPRADE
TAMSALING PRADES
NEWA PRADESH
MAGARAT PRADESH
TAMUWAN PRADES
KARNALI-MAHAKALI PRADESH
THARUHAT PRADESH
AWADHA UP PRADESH
BHOJPURA UPPRADESH
MITHILA PRADESH
KOCHILA UPPRADESH
NEPAL COMMUNIST PARTY (UNITED)



खसान
पश्चिम खसान
तमुवान
मगरात
तामाङ शालिङ
नेपा: मण्डल
लिम्बुवान
खम्बुवान
थरूहट
अवध-भोजपुरी
मिथिला-थारू
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत)


राष्ट्रिय जनमुक्ति पार्टीद्वारा प्रस्तावित
संघीय गणतन्त्र नेपाल
N
१ - लिम्बुवान
२ - खम्बुवान
3 - मिथिला
४ - भोजपुरा
५ - तामाङ ह्यूल
६ - नेवा:
७ - लुम्बिनी
८ - तमुवान
९ - मगरात
१० - खसान
११ - थारूहट
१२ - दलित


सुदूर पश्चिमाञ्चल प्रान्त
पश्चिमाञ्चल प्रान्त
पूर्वाञ्चल प्रान्त
अन्तर्राष्ट्रिय सिमाना
प्रान्तको सिमाना
प्रदेशको सिमाना


N
चीन
भारत


नेपाली जनता दल
कर्णाली गणराज्य
पृथ्वी गणराज्य


Nepal Sadbhawana Party
Proposed Regions and Sub-Regions
Proposed Regions
N
W
E
S
Mountain
(585873)
Tharuhat
(1796416)
10294
(2217805)
Mountain
(912906)
(2097910)
LEGEND
(10000) - Population
1000 - Area in sqkm.
100
0
100 Kilometers

# राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रस्ताव गरेको संघीयताको संरचना

प्रदेश संख्या: ७

उपप्रदेश संख्या: १९




| उपप्रदेशको विभाजन | उपप्रदेशको नाम |
|---|---|
| क) ताप्लेजुङ, पाँचथर, इलाम | - कञ्चनजङ्घा |
| ख) संखुवासभा, भनकुटा, तेह्रथुम | - मकालु |
| ग) सुनसरी, मोरङ, झापा | - विराट |
| घ) भोजपुर, खोटाङ, सोलु, ओखलढुङ्गा, उदपुर | - सगरमाथा |
| क) सप्तरी, सिरहा, धनुषा, महोत्तरी | - मिथिला |
| ख) सर्लाही, रौतहट, बारा, पर्सा | - भोजपुरा |
| क) काठमाडौं, भक्तपुर, ललितपुर | - कान्तिपुर |
| ख) रामेछाप, सिन्धुली, दोलखा, काभ्रे, सिन्धुपाल्चोक | - गौरिशंकर |
| ग) रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर | - त्रिशुली |

| उपप्रदेशको विभाजन | उपप्रदेशको नाम |
|---|---|
| क) गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, मनाङ, कास्की | - अन्नपूर्ण |
| ख) मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ | - मुक्तिनाथ |
| ग) नवलपरासी, रुपन्देही, कपिलवस्तु | - लुम्बिनी |
| घ) पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान | - स्वर्गद्वारी |
| क) डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, बाजुरा | - कर्णाली |

प्रदेश सरकार


| उपप्रदेशको विभाजन | उपप्रदेशको नाम |
|---|---|
| क) रुकुम, रोल्पा, जाजरकोट | - सीस्ने |
| ख) दैलेख, सुर्खेत, सल्यान | - दुल्लु |
| ग) बाँके, बर्दिया, दाङ | - राप्ति |
| क) कैलाली, कञ्चनपुर | - घोडाघोडी |
| ख) डडेल्धुरा, बैतडी, डँडेल्धुरा | - महाकाली |
| ग) डोटी, अछाम, बझाङ | - सप्तड |


तराई मधेश लोकतान्त्रिक पार्टी
माननीय महेन्द्र प्रसाद यादव



समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल
(सप्रजपा नेपाल)
प्रदेशको नक्शा सहित पार्टीको अवधारणा
N
सङ्केत


## एक स्वायत्त मधेश-तराई प्रदेश भित्र दुई उपप्रदेश

मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) को प्रस्ताव




पहिलो विकल्प
नेपाल ६ प्रदेश
प्रदेश १
प्रदेश २
प्रदेश ३
प्रदेश ४
प्रदेश ५
प्रदेश ६
मा. नरहरि आचार्य



दोस्रो विकल्प
नेपाल १३ प्रदेश
प्रदेश १
प्रदेश २
मा० नरहरि आचार्य


नक्सा: २६
नेपाल
प्रस्तावित सङ्घीय प्रदेशहरू
खसान
तमुवान
उत्तर
मगरात
थरुहट
मिथित
पश्चिम
नेवा
मिथित पूर्व
ताम्बासालिङ
खम्बुवान
लिम्बुवान
मिथिला मधेस
मिथित
सुदूर पूर्व
प्रस्तावित सङ्घीय प्रदेशहरू
लिम्बुवान
खम्बुवान
मिथित सुदूर पूर्व
मिथित पूर्व
मिथिला मधेस
नेवा
ताम्बासालिङ
मिथित पश्चिम
तमुवान
मगरात
थरुहट
खसान
१०० ० १०० किलोमिटर


संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको
प्रस्तावित संघीय प्रदेशहरु
प्रस्तावक: लक्की शेर्पा ( सभासद )
संघीय प्रदेशहरु ( १२ प्रदेशहरु )
लिम्बुवान प्रदेश
किरात प्रदेश
ताम्सालिङ प्रदेश
कोचिला प्रदेश
मिथिला प्रदेश
नेवा प्रदेश
शेर्पा प्रदेश
बुद्ध प्रदेश
तमुवान प्रदेश
मगरात प्रदेश
कर्णाली प्रदेश
महाकाली प्रदेश
१०० किलोमिटर



प्रदेश विभाजन - १
खप्तड प्रदेश
कर्णाली प्रदेश
भावर प्रदेश
राप्ती प्रदेश
कालीगण्डकी प्रदेश
अन्नपूर्ण प्रदेश
लुम्बिनी प्रदेश
नारायणी प्रदेश
सुनकोशी प्रदेश
कोशी प्रदेश
तमोर प्रदेश
सिम्रौनगढ प्रदेश
जनकपुर प्रदेश
बिराट प्रदेश
काठमाडौं प्रदेश

सर्वदेव ओझा (म.ज.फो.) को प्रस्ताव
स्वायत्त क्षेत्र / उपराज्य


सर्वदेव ओझा (म.ज.फो.) को प्रस्ताव
संघिय राज्य
संघिय राज्य
तराई मधेस
लिम्बुवान
किरात
नेवा / राजधानी
ताम्सालिङ
तमुवान
मगरात
भेरी कर्णाली
सेती महाकाली / खप्तड
स्वायत्त क्षेत्र / उपराज्य - १ कोचिला / विराट
स्वायत्त क्षेत्र / उपराज्य - २ मिथिला / सल्हेस
स्वायत्त क्षेत्र / उपराज्य ३ - भोजपुरा / सिम्रौनगढ
स्वायत्त क्षेत्र / उपराज्य ४ - अवधी / लुम्बिनी
स्वायत्त क्षेत्र / उपराज्य ५ - थरुहट / भावर

## अनुसूची - १५

**प्रदेशको संख्या, सिमाना र क्षेत्र**

यस अनुसूची - १५ को नक्शा तथा तथ्याङ्क प्रारम्भिक मस्यौदाको अनुसूची - १ मा समावेश छ ।

## सन्दर्भ सामाग्री


### क) संविधान/घोषणा/नियमावली

- नेपालको वैधानिक कानून, २००४
- नेपालको अन्तरिम शासन विधान, २००७
- नेपाल अधिराज्यको संविधान, २०१५
- नेपालको संविधान, २०१९
- नेपाल अधिराज्यको संविधान, २०४७
- प्रतिनिधिसभाको घोषणा, २०६३
- नेपालको अन्तरिम संविधान, २०६३
- संविधानसभाको पहिलो वैठकको घोषणा, २०६५
- संविधानसभा नियमावली, २०६५
- संविधानसभाको कार्यतालिका, २०६५

### ख) राजनीतिक दलको घोषणापत्र/अवधारणापत्र/प्रतिवद्धतापत्र र सम्झौताहरु

- नेपाल सरकार, शान्ति तथा पुर्ननिर्माण मन्त्रालय – विस्तृत शान्ति सम्झौता, २०६३ र अन्य सान्दर्भिक दस्तावेजहरु
- नेपाल सरकार शान्ति तथा पुर्ननिर्माण मन्त्रालय – सरकारी वार्ता टोली र विभिन्न पक्षहरुसँग भएका सम्झौता तथा सहमतिहरुको संकलन, २०६५
- नेपाल सरकार पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु
- संविधानसभा निर्वाचनको क्रममा राजनीतिक दलहरुले पेश गरेको घोषणापत्रहरु र संविधानसभामा पेश गरेको दलीय अवधारणाहरु ।

### ग) पुस्तकहरु

- अग्र सारथी अध्ययन अनुसन्धान केन्द्र, लोकतान्त्रिक संविधानका आधारहरु प्रथम संस्करण, २०६८
- **R.L. Watts,** Comparing federal systems, Second edition, 1999
- इन्टरनेसनल आइडिया, नयाँ संविधान निर्माण, नेपाली जनतालाई मार्गदर्शन २००८
- M.P. Jain, Constitutional Law of India, sixth edition,2003
- काशीराज दाहाल समेत, आधुनिक राज्य निर्माण र संविधानको अन्तर विषयवस्तु, २०६५
- कुमार चुडाल/नरेन्द्र खनाल – Constitutions of the world Vol. I 2004
- गोविन्दराज जोशी, नेपालमा संघीय शासन प्रणाली
- चन्द्रकान्त ज्ञवाली, संघीय शासन प्रणाली र राज्यको पुनर्संरचना, जनसेवा प्रिन्टर्स प्रा.लि., प्रथम संस्करण २०६४
- जर्ज एन्डरसन, An Introduction to federalism,1st edition
- जि.वि.स. महासंघ, नेपाल, नेपालको संघीय संरचनामा तहगत सरकार वीच कार्य जिम्मेवारी र अधिकारको निक्षेपण १० प्रमुख बुदाँहरु, २०६५
- डा. पिताम्बर शर्मा समेत, संघीय राज्यको नयाँ संरचना
- नरहरि आचार्य समेत, संविधानको अवधारणा पत्र, २०६५ संघीय गणराज्य नेपालको संरचना
- नेपाल नगरपालिका संघ, नेपालमा संघीय राज्य प्रणाली र स्थानीय सरकारको भावि संरचना, २०६६
- पुष्पराज कडेल, राज्यको पुनर्संरचना अर्थ राजनीतिक सन्दर्भ र संघीयताको प्रश्न, एशिया पब्लिकेशन प्रा.लि., दोस्रो संस्करण, २०६४
- प्रकाश सर्वहारा, नयाँ नेपाल संघीय नेपालबारे एक छलफल, २०६५ जियोग्राफिक कन्सर्न, काठमाडौं ।
- **Forum of Federations,** Intergovernmental Relation in Federal Countries, A series of essays on the Pratice of Federal Governance, 2007
- डा. मंगलसिद्धि मानन्धर समेत, नेपालमा संघीय राज्यः एक प्रारुप, पहिलो संस्करण २०६५, जातीय विभेदविरुद्ध राष्ट्रिय मञ्च ।
- महिला शु-शासन समूह, काठमाडौं, नयाँ संविधान र यसका अन्तरविषय
- राष्ट्रिय शान्ति अभियान, राज्यको पुनर्संरचना तथा रुपान्तरण २०६३
- राष्ट्रिय शान्ति अभियान – नेपालमा संघीय शासन प्रणाली, चुनौति र अवसरहरु, पहिलो संस्करण, २०६४
- राष्ट्रिय शान्ति अभियान – नेपालमा संघीय शासन प्रणाली, व्यवस्थापन र कार्यान्वयन, पहिलो संस्करण, २०६५

- डा. विद्यानाथ समेत, राज्यको पुनर्संरचनामा दलित सहभागिता, २०६३
- शंकर पोखेल – संविधानसभा, राज्यको पुर्नसरचना र समावेशी लोकतन्त्र
- सिताराम तामाङ्ग, नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना तेस्रो संस्करण, २०६३, कामना प्रकाशन ।
- सोमलाल सुवेदी, नेपालमा संघीयता र कार्य जिम्मेवारी निर्धारण, पहिलो संस्करण २०६५

**घ) बुलेटिन/प्रतिवेदनहरु तथा पत्रपत्रिकाहरु**

- UNDP – मानव अधिकार विविधता र सामाजिक न्याय विषयको प्रतिवेदन, २००८, काठमाडौं ।
- UNDP – नेपालमा संघीयता र राज्यको पुर्नरचना, विषयक सम्मेलनको प्रतिवेदन, २०६३
- UNDP, Designing the Federal State in Nepal, Report of a conference, 2008
- नेपाल बार एशोसियशन – संविधानसभाद्वारा बन्ने संविधानका लागि विज्ञहरुद्वारा प्रस्तुत सिफारिसहरु, २०६५
- प्रशासकीय अदालत, बुलेटिन, २०६५ अंक ५
- विभिन्न पत्रपत्रिकाहरु

प्रतिभा राणा
सदस्य,संविधानसभा
प्रमुख सचेतक, संसदीय दल
केन्द्रीय सदस्य (रा.प्र.पा.)

Prativa Rana
Member of The Cuonstituent Assembly. chief whip in parliament/ centrel committee member
Rastriya Prajatantra Party

द.नं.१
१०१६

Date :- ६-१०-२०६६

श्री माननीय सभापतिज्यू
राज्य पुर्नसंरचना तथा राज्य शक्तिको बांडफांड समिति
सिंहदरवार ,काठमाण्डौं

विषय :- फरकमत पेश गरेको बारे ।

राज्य पुर्नसंरचना तथा राज्य शक्तिको बांडफांड समितिको अवधारणा सहितको प्रारम्भिक मसौदा प्रतिवेदनमा निम्न बमोजिम फरकमत पेश गरेकी छु ।

फरकामत

(१) प्रस्तावनाको सि. नं १ को दोश्रो हरफमा धर्म निरपेक्ष" वाक्य हटाउन पर्ने र यस विषयमा जनमत संग्रहबाट मात्र टुङ्गो लगाउनु पर्ने मेरो मत छ । धन्यवाद

प्रतिभा राणा
सदस्य
राज्य पुर्नसंरचना तथा राज्य शक्तिको बांडफांड समिति

ph 977-1-5538016,5551757 [m] 977-851091477[O]977-1-4200294,fax.4200213,Email:ruwduchq

दर्ता.
१०

मिति: २०६६।१०।०६

माननीय सभापतिज्यू,
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

**विषय:- फरक मत पेश गरेको बारे ।**

अनुसूची १ अन्तर्गत प्रदेशको सीमाङ्कन/नामाङ्कन सम्बन्धी नक्सामा समर्थन रहे पनि ऐतिहासिक आदीमकाल कोचिला भुमि (झापा, मोरङ्ग, सुनसरी)लाई मिथिला भोजपुरा प्रदेश प्रदेश अन्तर्गत राखिएकोमा मेरो असमर्थन छ ।

तसर्थ ऐतिहासिक कोचिला भूमि झापा, मोरङ्ग, सुनसरीलाई कोचिला प्रदेश नामकरण गरियोस् ।

निवेदक,
मा० पूर्ण प्रसाद राजवंशी

द.नं. ३
१९६

# नेपाल कम्युनिष्ट पार्टी ( संयुक्त )

## Nepal Communist Party ( United )

संविधान सभा दलको कार्यालय
सिंहदरवार, काठमाडौं

संविधान सभा सचिवालय भवन
सिंहदरवार
Constituent Assembly
Secretariat House
Singha Durbar
फोन :
४२००४४१/४२०००२१

च.नं.

प.सं.

(छाप: नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) संविधान सभा इकाई कार्यालय २०६४)

श्री माननीय सभापतिज्यू
राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति

विषय – आफ्नो मत भिन्नता बारे गरेको

माननीयज्यू
राज्यको पुनर्संरचना बहुमतबाट पास गराएर प्रस्तुत गरिदैछ त्यसमा मत भिन्नता [illegible] प्रक्रिया तथा सीमाङ्कन तथा नामाङ्कन बारे मेरो असहमति रहेकोछ। विशेषगरी मध्य पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रलाई दुईभाग (४ प्रान्तमा विभाजित गरेको त्यसबाट त्यस क्षेत्र पुनः एकपटक आर्थिक रूपमा कमजोर राजनैतिक रूपमा शोषित तथा त्यस क्षेत्रमा बसोबास गर्ने जातिहरूलाई विभाजित तथा कमजोर पार्ने काम गरेको छ। यसका साथै कञ्चनपुर जिल्ला, कैलाली जिल्लाका पहाडीहरूलाई एकैठाउँ रूपमा बसोबास गर्ने क्षेत्रलाई [illegible] मिलाएको छ।
उस्तै कुरा नवलपरासीको बसोबास त्यसलाई मोड प्रदेशमा विभाजन गरिएको छ। यो आपत्तिजनक कुरा हो।

२ – सीमाङ्कन तथा प्रदेश गर्दा जुन आधार स्वीकार गरिएको थियो तिनलाई ध्यान नदिई राखिदा यस क्षेत्रलाई आर्थिक, सामाजिक सांस्कृतिक जातीय वा वहाँ बासीको [illegible] जस्ता कुनै पनि [illegible] विभाजित गर्ने आधार हुँदैनथ्यो आधार छोडी दिएर यसरी विभाजन गरिएको त्यो आफैँ खेदजनक छ।

३ – जनमत [illegible] पनि आफ्नो सम्पूर्ण धारणा राख्न नपाएकाले पनि हस्तलिखित रूपमा यो असहमति जनाउँदै छु साथै समितिको प्रतिवेदनमा आफ्नो मत जनाउँदै छु।

४ – ~~मेरो~~ सीमाङ्कन तथा नामाङ्कनको आफ्नो धारणा यसै साथ संलग्न गरेको छु।

धन्यवाद
भवदीय
चन्द्र देव जोशी
सदस्य राज्य पुनर्संरचना समिति

दं.नं.६
१०/८

**श्री सभापति जी**
राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समिति

विषय : फरक मत पेश गरेको ।

राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समितिको कार्यक्षेत्र अन्तरगतको "प्रदेशको निर्माण" भागको प्रदेशको संख्या, सीमाना र क्षेत्र बारेको अनुसुचि-१ का सम्बन्धमा मेरो निम्नानुसारको तर्क र कारण सहितको फरक मत रहेकोले सो कारण सहितको फरक मतलाई प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गर्दछौं ।

**फरक मत राख्नु पर्नाको कारण :** १) नेपालमा एकात्मवादी राज्य व्यवस्थालाई परिवर्तन गरी प्रादेशिक वा संघीय चरित्रको राज्य प्रणाली कायम गरिनु पर्ने स्पष्ट राजनीतिक माग मुलुककै इतिहासमा सर्वप्रथम मधेसबाटै उठेको तथ्यलाई यस समितिको अवधारणा पत्रमै स्वीकार गरिएको छ । नेपाल तराई कांग्रेसले वि.सं. २००८ सालमा स्वायत्त तराई प्रदेशको माँग राखेपछि मात्र तत्कालिन नेपाल कम्युनिष्ट पार्टीबाट २००८ सालमा स्थानीय र इलाकीय सरकार गठनको प्रस्ताव आएको, नेपाली कांग्रेसबाट २००९ सालमा ०७ साल पूर्वको राज्यसंरचनालाई मात्र बदल्ने तथा अंचल, जिल्ला, गाउँ र नगर सहितको संरचना प्रस्तावित भएको हो । नेपाल सद्भावना पार्टीले २०४८ सालपछि नेपाललाई पाँच प्रदेशको संरचनामा लैजानु पर्ने मागलाई उठायो । वि.सं. २०५२ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सम्बद्ध संयुक्त जनमोर्चा नेपालले आफ्नो चालीस बुँदे मागमा स्वायत्त शासन, पिछिडएका इलाकाहरूलाई क्षेत्रीय स्वायत्तता एवं पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्यको विषयलाई उठाएको हो ।

२) ऐतिहासिक जनआन्दोलन, माओवादी जनयुद्ध र महान मधेस आन्दोलनहरूबाट ठोस रूपमा अभिव्यक्त भावना अनुरूप नै संविधानसभाको निर्वाचन-२०६४ मा बिभिन्न राजनीतिक दलहरूले जनताका सामु राजनीतिक घोषणा पत्रमा राज्यको पुनर्संरचनाको विषयलाई महत्वका साथ उठाएर भिन्न भिन्न आकारको जनमत पाएका हुन् ।

यी सबैका बावजूद मुलुकलाई संघात्मक नै बनाउनु पर्ने जनताको राजनीतिक आकाङ्क्षा पछिल्लो पटक स्पष्ट रूपमा वि.सं. २०६३ को मधेश आन्दोलनबाट मुखरित भएकै कारणले संघीयता र लोकतान्त्रिक गणतन्त्रको प्रावधान अन्तरिम संविधानमा समावेश भएको हो । समग्रतामा उपयुर्क्त पृष्ठभूमिमा मात्र मुलुकको एजेण्डा राज्यको समग्र पुनर्संरचना बन्न गएको हो । यस ऐतिहासिक तथ्यबाट स्पष्ट हुन्छ कि, वास्तवमा मधेसी शक्ति मात्रले सबैभन्दा पहिला राज्यको रूपान्तरणको एजेण्डालाई कार्यान्वयन गर्न संघीयताको मागलाई अगाडी सारेको हो । आज, अहिले संविधान सभामा संविधान निर्माणका विभिन्न प्रक्रियाहरूबाट राज्यको यथार्थ रूपान्तरणलाई कार्यान्वयन गर्नु पर्ने अवस्था आउँदा कतिपय मुख्य राजनीतिक पार्टी भनिनेहरू आज आफुलाई यस मांगबाट पछाडी फर्काउन चालेका छन् । केही राजनीतिक पार्टीले त खुला रूपमा संघीयताको विरोध नै गरिरहेका छन् भने केही नेताहरूले त इतिहास र पंचायतकाल देखिनै आजसम्म विद्यमान एकात्मक राज्य प्रणालीलाई नै कायम राख्ने गरी नाम मात्रको संघीयता हेतु उत्तर-दक्षिणको प्रदेश बनाउनु पर्ने र जुन उपक्रम एवं आधारबाट भएपनि मधेसलाई विभाजित गर्न लागी परेका छन् । मधेसी जनताको अगुवाईमा र मुलुकका सबै आदिवासी-जनजाति, दलित तथा अन्य शोषित र बहिष्करणमा पारिएका समुदायहरूको हातेमालोबाट एकात्मवादी राज्य व्यवस्थालाई ढाल्ने काम भएकाले नै यस अभियानको अगुवाई गरे बापतको दण्ड दिन आज एकात्मवादी व्यवस्थाका पृष्ठपोषकहरू मधेसलाई तोड्न एक भएका छन् । यही मनोगत परिस्थितिमा यस समितिबाट समेत आफ्नै अवधारणा पत्रमा स्वीकारिएको पहिचान र सामर्थ्यका आधारहरू विपरित प्रदेश रचनाका नक्साहरू, प्रदेशहरूको सीमांकन, नामंकन, संख्या र तर्जुमाको विधी तयार भएको हो । यसलाई नै राज्यको पुनर्संरचना तथा शक्तिको बाडफाँट समितिले बहुमतबाट पारित गरेकोले मधेसी जनताको भावना र अभिमतको आधारमा यस्तो संरचनालाई समर्थन गर्न सकिने अवस्था रहेन । यो कार्य शांति र सद्भाव पक्षीय मधेस र मधेसी जनताको विरुद्ध एकात्मवादी राज्य संरचनाका पक्षधरले घोषणा गरेको एकतर्फी युद्ध हो । तसर्थ यसको वैचारिक प्रतिवादका लागि यो फरक मत राख्न बाध्य हुनु परेको हो ।

**समिति समक्ष प्रस्तुत नक्साबाट समितिले पारित गरेको आधारहरूको उलंघन भएको छ ।**

समितिले राज्य पुनर्संरचनाको सन्दर्भमा देहायको आधार निर्धारण गरेको थियो : (अवधारणा पत्र, परिच्छेद-चार, ४.१.२, ४.१.२.१ र ४.१.२.२)

**पहिचानको आधार :** संघीय प्रदेश निर्माणका सन्दर्भमा प्रमुख प्रतिनिधि मूलक पहिचानको रूपमा निम्न ५ आधार मानियो : १) जातीय/समुदाय, २) भाषिक, ३) साँस्कृतिक, ४) भौगोलिक/क्षेत्रगत निरन्तरता र ५) ऐतिहासिक निरन्तरता ।

**सामर्थ्यका आधार :** प्रदेशहरू निर्माण गर्दा उपयुर्क्त पहिचानका अतिरिक्त सामर्थ्यका ४ आधारलाई मानियो : १) आर्थिक अन्तरसम्बन्ध र सामर्थ्यता, २) पूर्वाधार विकासको अवस्था र सम्भावना, ३) प्राकृतिक साधन र स्रोतको उपलब्धता, र ४) प्रशासनिक सुगमता

1

समग्रतामा भन्नु पर्दा नेपालमा राज्यको पुनर्संरचनाको लागि पहिचान र सामर्थ्य समिश्रित आधार नै कुनै पनि प्रदेशको/सबै प्रदेशहरूको रचनाको औचित्यपूर्ण योग्यता हुने समितिको निष्कर्ष रहेकोमा विवाद हुन सक्दैन । यस अनुसार **राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको** आजसम्मका बैठकहरूले देहायका विषयमा सहमत नै रहेको हो :

१) क्षेत्रीय उत्पीडनलाई समाप्त पार्न सक्ने संरचना । २) भौगोलिक एकरूपता वा निरन्तरता कायम राख्ने ।
३) समान जातिगत सघनता वा अन्तरआवद्धताको रक्षा गर्ने । ४) ऐतिहासिक तथा सामुदायिक विशेषतामा जोड दिने ।
५) साँस्कृतिक सघनताका क्षेत्रलाई एकै ठाउमा राख्ने । ६) भाषिक सघनताका क्षेत्रहरूलाई एकै ठाउँमा राख्ने ।
७) समान प्रकारको उद्यमशीलता वा आर्थिक कृयाकलाप र ८) पूर्वाधार तथा प्रशासनिक सुगमतालाई विचार गर्ने ।

यहाँ उल्लेख भएका आधारहरू कै परिधीमा रहेर खासगरी मधेस क्षेत्रको बारेमा विचार गरिनु पर्दथ्यो । समितिबाट स्वीकृत आधारको विपरित गई मधेस क्षेत्रलाई एउटै प्रदेशको रूपमा मान्यता दिनु पर्ने औचित्य र पहिचान तथा सामर्थ्यको देहायको अवस्था रहदाँ रहदै मधेस क्षेत्रलाई प्रस्तुत नक्सामा विभाजित गरियो ।

**१) क्षेत्रीय पहिचान** : मधेसी र मधेसको समस्या भनेकै नेपालको राज्यसत्ताले आन्तरिक औपनिवेशीकरणको नीतिका तहत सम्पूर्ण तराई/मधेसको क्षेत्रमा आदिवासी थारू समुदाय, गैर थारू मधेसी समुदाय, धार्मिक अल्पसंख्यक मुसलमान समुदाय र मधेसी दलित समुदाय समेतको सामाजिक-आर्थिक-साँस्कृतिक र राजनीतिक शोषण हो स्पष्ट छ । यस अनुसारको शोषणको माध्यमबाट समग्र मधेसलाई विभेद तथा बहिष्करणमा पारिएको हो । मधेसलाई भिन्न-भिन्न भूभागको प्रदेशमा बाँडिदा राज्य सत्तामा मधेसी समुदाय निर्णायक हुन सक्दैन र मधेसमा विद्यमान आन्तरिक औपनिवेशीकरणको अन्त्य हुन सक्दैन । मधेसीको स्वशासन कायम हुन सक्दैन । मधेसको पहिचान र मान्यता रहदैन ।

**२) जातीय/समुदाय** : मधेसको संरचना बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक प्रकारको छ । मधेसमा बसोबास गर्ने सबै मधेसी होइनन् । 'मधेस र मधेसी' सांस्कृतिक पहिचानसंग जोडिएको बृहत्तर परिचय हो । मधेसमा जो गैर नेपाली मातृभाषी भएका गैर पहाडी मूलका आदिवासीहरू हुन्-जसका आफ्नै मौलिक संस्कृति, भाषाहरू, भेषभूषा, जीवनशैली र छुट्टै पहिचान छ-मधेसी हुन् । मधेसमा विभिन्न जातीय समुदायहरूको पुर्ख्यौली बासको क्षेत्र सिमीत ठाँउमा केन्द्रीत छैन । कसैको केही स्थानहरूमा बढी घना आवादी भएपनि पुरै मधेसमा फैलिएर रहेकोछ । थारूहरू पश्चिमका कंचनपुर देखि पूर्वको मोरंगसम्म फैलिएका छन् । मुसलमान समुदाय बाँके देखि झापासम्म एक ठूलो समूहको रूपमा रहेको छ । यसरी नै मधेसका यादव, बनिया, कोईरी जस्ता जातहरू महाकाली देखि झापासम्म फैलिएर बसेका छन् । मधेसका जात समुदायमा सबैभन्दा ठूलो जनसंख्याको तबका अन्य मधेसी (पिछडावर्ग-मधेसी जात समूहका भएपनि हिन्दु वर्णव्यवस्था अनुसार उच्च जातमा नपरेका, सामाजिक/शैक्षिक रूपमा पिछडीएका तथा मानव विकास सुचकांक समेतका आधारमा पछाडी परेका दलित बाहेकको) यो समुदाय पनि पुरै मधेसमा छरिएर बसेका छन् । मधेसी दलितहरू पुरै मधेसमा फैलिएका छन् । यसै गरी मधेसका पहाडी समुदाय पनि पुरै मधेसमा फैलिएर बसेको छ । साथै ति सबै समुदाय परम्परागत अन्तर आवद्धतामा बसेका छन् । समष्टिमा मधेसका जिल्लाहरू विविधतायुक्त जात/जातिको आधारमा एक आपसमा परम्परागत बसोबासको आधारमा जोडिएर रहेका छन् । सबै मधेसी समुदाय समदृश्य छैनन् तरपनि साझा सांस्कृतिक अन्तरतत्वलाई शताब्दियौ देखि प्रवाहित गर्दै आएका छन् । शताब्दियौ देखिको घात प्रतिघात पछि पनि मधेसीहरू माझ साझा संस्कृतिको मूल तत्व जिउँदै छ । मधेसी भित्रको यो मौलिक पक्ष नै साझा विरासत हो । मधेसलाई यस अर्थ र आधारमा विभाजित गरिनु हुन्न् ।

**३) भाषिक** : नेपालमा बोलिने मातृभाषाहरूलाई मुख्यतः १) इण्डो-युरोपीयन समूह, २) सिनो-टिबेटीयन समूह, ३) एस्ट्रो-एशियाटिक समूह, र ४) द्रविडियन समूहमा गरी चार मूल समूहमा विभाजन गरिएको छ । यसमध्ये सिनो-टिबेटीयन समूहका दनुवारी तथा एस्ट्रो-एशियाटिक समूहका सतार र सन्थाली बाहेक मधेसमा बोलिने मैथिली, भोजपुरी, थारू, अवधी, राजबंशी, हिन्दी र उर्दु सबै भाषाहरू एउटै इण्डो-युरोपीयन समूह (भारोपेली) भित्र पर्दछ । अविश्वसनीय विद्यमान तथ्यांकको आधारमा इण्डो-युरोपीयन समूहका खस कुरा अर्थात नेपाली भाषा सबै भन्दा बढी बोलिने भाषामा आउँछ । सन् २००१ को जनगणना अनुसार इण्डो-युरोपीयन समूहका मातृभाषा बोल्नेहरू कूल ७९.१%, सिनो-टिबेटीयन समूहका १८.४%, एस्ट्रो-एशियाटिक समूहका ०.२% र द्रविडियन समूहका मातृभाषा बोल्नेहरू ०.१% रहेको छ । अन्य मातृभाषा बोल्नेहरू २.२% रहेका छन् । नेपाली मातृभाषा बोल्नेहरूको कूल ४८.६१% को तुलनामा मधेसी मूलका मातृभाषा बोल्नेहरू ३१.८४% रहेको छ ।

नेपालको भाषिक स्थितिको रमाइलो पक्ष के पनि हो भने पहाडी समुदायका नेपाली भाषीहरू र मधेसी समुदायका प्रायसः सबैले एउटै समूह, भारोपेली समूहकै भाषा बोल्छन् । यस भन्दा भिन्न पहाडी समुदाय भित्रका जातीय समुदायकाहरूले मुख्यतः सिनो-टिबेटीयन र एस्ट्रो-एशियाटिक समूहको भाषा बोल्छन् । पहाडी मूलका मानिसहरूमा भाषिक आधारमा कैयन मातृभाषा बोल्नेहरू भएतापनि ककेसाइड (caucasoid cast) जात र मंगोलाइड (mongoloid ethnics) जाति, मूलतः यी दुई समूह पर्दछन् । यस्तो भाषा बोल्ने समूहहरू स्वभावतः पुर्ख्यौली थलोहरूसंग आवद्ध छन् र भाषाको प्रयोगको क्षेत्र निश्चित तथा सीमित भूगोल भित्र छ । जबकि, मधेसमा बोलिने प्रायसः सबै भाषाको प्रयोगको क्षेत्र विस्तारित रहेका छन् । मधेसका जात/जातिहरू जसरी मधेसको ठूलो खण्डमा फैलिएर बसेका छन्, सोही अनुसारनै मधेसका भाषाहरू केही खास क्षेत्रमा घनिभूत रहे पनि प्रायसः यी भाषाहरूको प्रचलन पूरै मधेसमा छ । थारू भाषा भिन्नभिन्न बोलीको रूपमा लगभग पूरै मधेसमा बोलिन्छन् । मैथिली, भोजपुरी, उर्दु, हिन्दी सबै तिर बोलिन्छन् । मधेसको जनसंख्याको एक मुख्य भाग

रहेको मुसलमानहरू उर्दु नै बोल्दैनन् । यिनीहरू मधेसको पूर्व देखि पश्चिमसम्मको बसोबासका आधारमा तत्ठाँउका भाषाहरू बोल्ने गर्छन् । यसै गरी बंगालीहरू नेपालको जनसंख्याको संरचनामा छुट्टै भाषिक समूहको रूपमा सुचीकृत छ । बंगाली एउटा जात भन्दा पनि भाषिक रूपमै मान्यता पाएको छ र बंगालीहरू घर भित्र बंगाली तथा व्यवहारमा मधेसका अन्य भाषाहरू बोल्छन् । मधेसका सबै भाषाभाषीको दृटिकोणबाट अन्तरआवद्ध क्षेत्र हुन गएको छ । यसर्थ भाषिक रूपमा अन्तरआवद्ध क्षेत्रलाई विभाजित गरिनु स्वयं समितिको स्वीकृत मान्यताको विपरित हो ।

**४) साझा इतिहास/संस्कृति :** मधेस र यहाँका बासिन्दाहरूको ऐतिहासिकताका बारेमा बिभिन्न भ्रमहरू रहेका छन् । सर्वप्रथम मधेसको प्रादेशिक प्राचीनता तथा त्यहाँको प्राचीन बसोबासको बारेमा विद्यमान भ्रमलाई हटाउनु आवश्यक छ । बिभिन्न प्रागऐतिहासिक ग्रन्थहरूको समुचित अध्ययनबाट पनि आजको मधेस भनिने भू-भागमा प्रागऐतिहासिक मानवबसोवास, पौराणिक राज्यहरूको अस्तित्वको तथ्य स्थापित हुन्छ । प्राचिनकालमा यस क्षेत्रमा मिथिला, विदेह, तिरहुती, शाक्य, कोलिया, कोचिला आदि जस्ता प्रसिद्ध जनपद तथा गणराज्यहरू थिए । मिथिला राज्यको राजधानी जनकपुर यसैका एक उदाहरण हुन् । यसै गरी गौतम बुद्धको जन्म मध्यतराईको लुम्बिनी क्षेत्रमा भएकोबाट पनि यस क्षेत्रमा तिनताकका शसक्त राज्यहरू रहेको तथ्य प्रमाणित छ ।

१३ औं शताब्दीताका मधेसको सिमरौनगड एक महत्वपूर्ण राज्यको रूपमा स्थापित थियो । सिमरौनगडमा नै सन् १३३४ मा भारतका मुसलमान शासक गयासुद्दीन तुगलकले दक्षिण तिरबाट भीषण आक्रमण गरेपछि त्यहाँका राजा हरिदेव सिंह पलायन गरी काठमाण्डौ उपत्यकामा प्रवेश गरेका थिए । मुसलमानहरू त्यहि बेला मध्य मधेसका क्षेत्रहरूमा प्रवेश गरेका हुन् । यसको धेरै पछि, भारतको सन् १८५७ को गदर बिद्रोह उपरान्त बेगम हजरत महल तथा उत्तर भारतका नवाब बिर्जिस कदरका साथ शरणार्थी भै आउने क्रममा ठूलो संख्यामा मुसलमानहरू पश्चिमका मधेस तथा केही पहाडी भूभागहरूमा समेत बस्न पुगेका हुन् । हाल मुलुकमा भैरहेको कतिपय भौगर्भिक एवं पुरातात्विक अध्ययनहरूबाट पनि मधेसमा मानव बसोबासको अस्तित्व अत्यन्त प्राचीन रहेको प्रमाणित हुन्छ ।

आर्यावर्तको पौराणिककाल देखिनै आजको मधेस क्षेत्रको भूभाग भारतीय सँस्कृतिको अन्तरआवद्धतामा रहेको थियो । यसरी बिभिन्न कालखण्डहरूमा हुने गरेका राज्यहरूको सीमा निर्धारणको सन्दर्भमा बिभिन्न राज्यहरूको नाममा यस क्षेत्रले अस्तित्व ग्रहण गरेको देखिन्छ । यहाँ बिर्सन हुन्न् कि, सन् १८१६ को सुगौली सन्धीबाट ब्रिटिस भारत र पृथ्वीनारायण शाहका बंशज शासकहरूबाट ब्रिटिसबाट प्रतिरक्षाको हित सम्बर्द्धन तथा शाह-राणा राज्य स्वार्थको आर्थिक लेनदेनको आधारमा नेपालको वर्तमान भौगोलिक स्वरूप निर्धारित भएको हो । उक्त सन्धीबाट पराम्परागत रूपमा रहेको मधेसको ठुलो भू-भाग गुमाउन हामी बाध्य भयौ । नेपालको एकिकरण भन्दा पहिले आजको मधेस भनिने क्षेत्रमा मकवानपुरे सेन राजाहरूको राज्यको विस्तार मधेसको बारा, पर्सा, रौतहट हुदै पूर्वमा मोरंगसम्म पुग्यो । नेपालको एकिकरणकालमा पनि पूर्वको विजयपुर सेन राज्य पूर्वमा टिस्टा नदी, पश्चिममा कोशी नदी, उत्तरमा तिब्बत र दक्षिणमा हाल भारत, विहार राज्यको पूर्णिया भन्ने स्थानसम्ममा फैलिएको थियो ।

नेपालको मधेस क्षेत्रमा परम्परा देखि दुई प्रकारका बसोवास रहयो । खास गरी महाभारत पर्वतको दक्षिण तर्फ रहेको चुरे जंगलको फेदीको पूर्व पश्चिम फैलिएको क्षेत्र, जसलाई हामी भित्री मधेस भनि जान्दछौं-यस क्षेत्रमा लामो समयसम्म बाक्लो जंगल र पातलो बस्ती रहयो । मधेसका केही आदिवासी समुदायहरू प्रारम्भिक अवस्था देखि नै यहाँ बसोवास गरिआएका हुन् । यसभन्दा दक्षिणको क्षेत्र, जुन पूर्व देखि पश्चिमसम्म भारतको सीमासंग जोडिएर गएको छ, यसलाई बाहिरी मधेस भनिन्छ । बाहिरी मधेसको क्षेत्र परापूर्व कालदेखि नै घनाबस्तीको रूपमा रहेको हो । आजका प्रायसः सबै घना मधेसी शहर तथा गाँउबस्तीहरू त्यही पुराना मधेसी बसोवासको फैलिएको रूप हो । यस क्षेत्रमा जनसंख्या तथा आबादीको विस्तार हुँदै गएपछि मधेसी भनिएका अरु कतिपय जात/जाति तथा समुदायहरू बन पातलिदैं गएको उत्तर तिरको भित्री मधेसको क्षेत्र तर्फ पनि विस्तारै बस्न थालेका हुन् । प्राचीन इतिहासका सन्दर्भमा पूर्वका मिथिला राज्य, सिम्रौनगढ तथा शाक्य गणराज्य आदिको उपस्थिति अहिले नेपालको भूभाग मानिने मधेस (तराई) कै अधिकांश भागलाई समेटेर रहेका तथ्यहरू उपलब्ध छन् ।

मधेसका आदिवासी तथा जनजाति समुदायमा धार्मिक र साँस्कृतिक रूपमा अन्य मधेसी समुदायसंग गहिरो सम्बन्ध रहेको छ । मधेसका आदिवासी जनजातिमा उपासना पद्धतिमा भिन्नता भएपनि थारू, राजबंशी, कोच, धिमाल, गनगाई, दनुवार, किसान, ताजपुरीया आदि कुनै न कुनै आधार र परम्परागत रूपमा हिन्दु धर्मकै आवद्धतामा रहेका छन् । तसर्थ पहाडी समुदायका आदिवासी-जनजातिमा देखिएको पृथक पहिचानको खोजी झै मधेसमा हिन्दु जात समूहकालाई मात्र मधेसी मान्नु र आदिवासी जनजातिहरूलाई मधेसी नमान्नु गलत हो । मधेसको धार्मिक र साँस्कृतिक र क्षेत्रीय अन्तरआवद्धताको सन्दर्भमा मधेसी भन्नाले समेकित समुदायको रूपमा बुझ्नु पर्दछ ।

मधेसी समुदाय भित्रका विभिन्न जातजाति मधेसका खास-खास भागमा केन्द्रीत रही बसोवास गरेपनि थारू समुदाय पूर्व देखि पश्चिमसम्म फैलिएका छन् । तराई-मधेसको उत्तरी भेग, खासगरी चुरे क्षेत्रको दक्षिण तिर बस्दै आएका थारूहरू यस क्षेत्रका सबैभन्दा पुराना बासिन्दा हुन् । थारूहरू मधेसका एक आदिवासी हुन् । यता थारूहरूको बोलीलाई समग्रतामा 'थारू भाषा' भनी अभियान चलाइए पनि वस्तुतः यिनीहरू नेपालको पूर्वदेखि पश्चिमसम्म बज्जिका भाषाकै प्रभावमा रहेको देखिन्छ ।

3

थारूहरू झैं 'दनुवार', 'दरै', 'कुम्हाल' 'कुमाले' र 'माझी' नेपालका उत्तरी मधेसमा जंगल तिर धकेलिएका प्रचीन जातिहरू हुन्। यिनीहरू नै वास्तवमा महाभारत पर्वतको दक्षिणी भेद वा भावँर क्षेत्रका बासिन्दा हुन्। यी जातिहरू पूर्व देखि पश्चिमसम्म फैलिएका छन्। पूर्वी नेपालका झापा र मोरंग जिल्ला 'ताजपुरीया', 'राजवंशी' तथा 'गनगाई' जातिको मूल थलो हो। भारतको कुचविहार (हाल बंगाल र असामको सीमा) बाट ईस्वी सम्वतको चौधौं शताब्दी तिर 'कोच' हरूले पूर्वी नेपालमा आएर त्यहाँका लिम्बुहरूसंग मिलेर 'विजयपुर' गाँउलाई राजधानी बनाएर राज्यको स्थापना गरेका थिए। ईस्वी सम्वतको सोन्हौ शताब्दीको मध्य भागमा पाल्पाली राजा मुकुन्द सेन प्रथमले 'कोच' राजाहरूलाई त्यस क्षेत्रबाट हटाएर त्यहाँ आफ्नो 'सेन' राज्यको विस्तार गरेको थियो। पूर्वी नेपालमा झापा र मोरंगका महाभारत पर्वतमालाका खोँचहरूमा 'धिमाल' जातिको आवादी छ। यसरी नै मेची नदीका उपत्यकाहरूमा 'मेचे' वा 'वोडो' जातिको बसोवास छ। यो क्षेत्र 'धिमाल', 'मेचे' वा 'वोडो' को आदि भूमि हो। 'सतार' 'उराँव' 'झाँगड' वा 'धाँगड' जस्ता कम संख्यामा रहेका मधेसका आदिवासी जातिहरू पूर्वमा झापा देखि जनकपुरसम्म फैलिएर बसेका छन्। तर मुख्यतः झापा, मोरंग र सुनसरी जिल्ला यिनीहरूको पुर्खौली आवादीको क्षेत्र हो।

संख्याको हिसावले मधेसका एक मुख्य जात 'यादव' पूर्वी नेपालका सुनसरी देखि रौतहटसम्म, वागमती र कोशी नदीको बीचमा बाक्लोगरी बसेका छन्। हाल जनसंख्या सर्ने विभिन्न कारणहरूको सन्दर्भमा 'यादव'हरूको बसोवास लगभग पुरै नेपालका मधेस क्षेत्रमा फैलिएको छ। यिनीहरू जुनजुन ठाँउमा बसेका छन् सोही ठाँउका बोलीहरू बोल्ने गर्छन। पर्सा, नवलपरासी, रूपन्देही र बाँके जिल्लाहरूमा 'कुर्मी' जातिको पुरानो बसोवास छ। मुख्यतः सागसब्जी खेती र कृषिमा लागेका यस जातका मानिसहरू लगभग पुरै मधेसमा फैलिएर बसेका छन्। यिनीहरूका अनेकन् जातीय थरहरू छन्। मुसलमानहरू पनि कुनै निश्चित ठाँउमा मात्र नबसेर पूर्व पश्चिम गरी फैलिएका छन्। खासगरी मुसलमानहरू मधेसका दक्षिणी सीमावर्ती क्षेत्रहरूमा बस्दछन्। तर मुसलमानहरूको बाक्लो बसोवास रौतहट, बारा, पर्सा, कपिलवस्तु र बाँके जिल्लामा छ। 'मैथिल'मा विभिन्न थरका ब्रमणहरू मुख्यतः सप्तरी देखि धनुषासम्ममा र यसै गरी राजपुतहरू सप्तरी देखि रौतहटसम्म पारम्परिक रूपमा बसोवास गरिआएका छन्। मधेसका अन्य जातजातिहरू वैश्य, बनिया, रौनीयार, सुडी, तेली, कलवार, कानु, हलुवाई, कथबनिया, कायस्थ, सन्यासी, बंगाली, जैन (मारवाडी), सिख, हलुवाई, राजधोब, राजभार, धानुक, सोनार, अमात, हजाम/नाई, कुम्हार, लोहार, बढई, बरई, नुनिया, माली आदि कुनै केही निश्चित ठाँउमा अन्यथा फैलिएर रहेका छन्। नेपालको पहाडी क्षेत्रका विभिन्न जातजातिहरूको बसोवास नदीहरूको बीचका भागमा केन्द्रीत रहेको छ। पहाडका यस्ता नदी क्षेत्रहरूमा पृथक-पृथक जातजातिहरू, भिन्न-भिन्न भाषीहरू बसीआएका छन्। तर तराई क्षेत्रका मूल निवासी मधेसीहरूको प्राचीन बसोवास र भाषा प्रचलन यस प्रकारबाट छुट्टिएको छैन। यसरी साझा संस्कृति र इतिहास बोकेको यौटै समुदायलाई प्रदेश रचनाको सन्दर्भमा विभाजित गरिनु पनि यही समितिले निर्धारण गरेको मान्यताको विपरित कार्य हो।

**५) भौगोलिक/क्षेत्रगत निरन्तरता :** नेपालको प्राकृतिक विभाजनका सर्वसम्मत रूपमा दुईवटा आधारहरू मानिएको छ : १) समुद्रीतह देखिको उचाँइ र, २) मुख्य नदीद्वारा सिंचाई गरिएको क्षेत्र। नेपालको सम्पूर्ण मधेस क्षेत्र भौगोलिक रूपमा उत्तर भारतको गंगाको मैदानी भागकै अंग हो। उचाँइको हिसावले नेपालको लगभग सम्पूर्ण तराई क्षेत्र ६० मीटर देखि २०० मिटर सम्म छ। भित्रि मधेसका उपत्यकाहरू समुन्द्रको सतहबाट ३०० मीटर देखि ७०० मीटरसम्मको उचाँईमा छ। मधेसको क्षेत्रफल नेपालको कुल भूमागको २३% अर्थात ३४०१९ वर्ग कि.मी. रहेको छ। पूर्व देखि पश्चिममा गरी मधेस क्षेत्रको लम्बाई ५०० माइल र उत्तर दक्षिणको चौडाई सरदर २० माइल रहेको छ। मधेसमा निर्माण भै सकेको पूरै मधेस छिचोल्ने पूर्व-पश्चिम राजमार्गको लम्बाई ११०० कि.मी. छ। सम्पूर्ण मधेसमा एकै प्रकारको समशितोष्ण जलवायू छ र जाडो याममा पनि समान प्रकारकै मौसम रहने गर्दछ।

नेपालका प्रायसः सबै महत्वपूर्ण नदीहरू जस्तै : मेची, कन्काई, कोशी, कमला, वागमती, नारायणी (गण्डक), राप्ती, बबई, कर्णाली र महाकाली (शारदा) उत्तरबाट मधेस भएरै भारतमा प्रवेश गरेको छ। नेपालको मधेस क्षेत्रले पूर्व, दक्षिण र पश्चिममा गरी छिमेकी राष्ट्र भारतको पश्चिम बंगाल, विहार, उत्तर प्रदेश र उत्तराखण्ड राज्यहरूलाई छोएको छ। त्यसै गरी मुख्य नदीद्वारा सिंचाइ गरिएका क्षेत्रका आधारमा कोशी प्रदेश (मेची र कोशी बीचको भूभाग), वागमती प्रदेश (वागमती नदी र यसका शाखा नदीले सिंचेका क्षेत्र), गण्डकी प्रदेश (मूलतः गोसाइथान–धौलागिरी बीचका नदीहरू विशेष रूपमा सप्तगण्डकीले सिंचित क्षेत्र) र कर्णाली प्रदेश (धौलागिरीदेखि नन्दादेवी बीचका नदीद्वारा सिंचित क्षेत्र) मानिएका छन्। यसरी नै नेपालको मधेस हुदै उत्तरबाट दक्षिण तिर बग्ने नदीहरूको बीचको क्षेत्रको आधारमा मधेसलाई पाँच क्षेत्रमा विभाजित गर्ने गरिएको छ। ती क्षेत्रहरू (१) मेची देखि कोशीसम्म (२) कोशीदेखि वागमतीसम्म (३) वागमतीदेखि नारायणीसम्म (४) नारायणी (गण्डकी) देखि राप्तीसम्म र, (५) राप्तीदेखि महाकालीसम्म छन्। उपयुर्क्त आधारमा नेपालको तराई क्षेत्र भौगोलिक वा प्राकृतिक आधारमा एकै प्रकारको र अन्तरआवद्ध छ। हाल प्रशासनिक रूपमा तथा बोली र लवजको कोणबाट भिन्न-भिन्न खण्डमा विभाजित देखिए पनि मधेसवासीको भौगोलिक अवस्थिति, पुरै मधेसमा समान प्रकारको छ। भू-सतह, हावापानी, नदीको बहावको आधारमा अत्यन्तै समानता र समरसताको एकै क्षेत्र हो। यस प्रकारको भौगोलिक र क्षेत्रगत निरन्तरताको प्रदेशलाई विभाजित गरिनु समिति स्वयंले स्थापित गरेको मान्यताको बिलकुलै विपरित कार्य हो, जुन प्रस्तुत नक्सा/नक्साहरूबाट भएको छ।

**६) आर्थिक अन्तरसम्बन्ध :** कुनै पनि स्थान वा क्षेत्रको मुख्य आर्थिक कार्यहरूको मापन केही निश्चित आधारहरूबाट गरिन्छ। जस अनुसार कृषिमा आधारित कार्य, उत्पादनशील क्षेत्र (manufacturing area), उद्योग/व्यवसाय

(trade/business) र सेवा क्षेत्र (service sector) लाई नै आधार मानिएको हुन्छ। नेपालमा सरकारी तहबाट तथ्यांक संकलन गर्दाको पद्धति पनि यहि नै हो। यस आधारमा मधेस क्षेत्रमा प्रायसः एकै प्रकारको आर्थिक क्रियाकलाप तथा उद्यमशीलता विद्यमान रहेको देखिन्छ। कृषिलाई आधार मानेर विचार गर्दा मुलुकको कूल कृषियोग्य भूमिको (national agriculture holdings) तुलनामा मधेसमा कृषियोग्य भूमिको पकड (distribution of agriculture holdings) मधेसको सबै जिल्लाहरूमा लगभग एकै प्रकारको छ। यसलाई प्रतिशतमा विचार गर्दा पश्चिमबाट कंचनपुरमा १.६, कैलालीमा २.३, बाँके १.५, बर्दिया १.४, दांग २.०, कपिलबस्तु १.७, रुपन्देही २.६, नवलपरासी २.५, चितौन २.१, पर्सा १.६, बारा १.९, रौतहटमा २.०, सर्लाहीमा २.५, महोत्तरीमा २.२, धनुषामा २.६, सिरहामा २.३, सप्तरीमा २.२, सुनसरीमा २.४, मोरंग ३.४ र झापामा ३.१ रहेको छ। यसले मधेसका सबै जिल्लामा कृषि समान प्रकारको उद्यमशीलताको रूपमा रहेको तथ्यगत पुष्टि हुन्छ। यसबाट स्पष्ट हुन जान्छ कि, मधेसमा पूरै मधेस लगभग एकै प्रकारको उद्यमशीलता छ। साथै लगभग सबैजसो जिल्लाहरूमा लगभग एकै प्रकारको जनसंख्याको आकार त्यस्ता कार्यमा लागेका छन्। यसमा बुझ्नु पर्ने अर्को महत्वपूर्ण बिषय हो : मधेसमा देखिएका यी समान प्रकार तथा समान चरित्रको आर्थिक क्रियाकलाप नजिकका जिल्लाहरूमा आपस्तमा अन्तर सम्बन्धित रहेका छन्। उदाहरणका लागि झापा, मोरंग र सुनसरीको कृषि बजार र धनुषा, महोत्तरी तथा सर्लाहीको कृषि बजार त्यस्तै नवलपरासी, रुपन्देही र कपिलबस्तुको उत्पादन प्रक्रिया तथा बजार अत्यन्तै अन्तर सम्बन्धित छन्। यसरी आर्थिक क्रियाकलापबाट अन्तर आवद्ध क्षेत्रलाई प्रदेश निर्माणको सन्दर्भमा विभाजित गरिनु हुन्न्।

**६.१ आर्थिक सामर्थ्यता :** नेपालमा कर तथा गैर-करबाट प्राप्त हुने राजस्वको अवस्थालाई जिल्लागत हिसाबले संक्षिप्त रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ। वित्तीय संघीयताको सिद्धान्त बमोजिम मुलुकको कुनै पनि भागबाट केन्द्रले संकलन गर्ने राजस्वको विनियोजन केन्द्रकै क्षेत्राधिकार भएपनि यहाँ स्रोतको अध्ययनको निम्ति यो विवरण दिईएको छ। यस आधारमा नेपालको मधेस क्षेत्रबाट संकलन हुने राजस्व त्यस क्षेत्रमा बसोबास गर्ने जनसंख्याको आधारमा प्रचूर देखिन्छ। यो मधेस प्रदेशको आर्थिक सामर्थ्यताको बलियो आधार हो।

**नेपालमा राजस्व संकलन, २०६३/६४**

| जिल्ला | कूल राजस्वको प्रतिशत्त |
|---|---|
| काठमाण्डौ | ४१.२ |
| पर्सा | २४.८ |
| मोरङ/रुपन्देही/झापा | १४.२ |
| सिन्धुपाल्चोक/ललितपुर | ५.० |
| अन्य ६८ जिल्ला | १४.८ |
| जम्मा | १००.० |

माथिको तालिकाबाट प्रष्ट हुन्छ कि यौटै मधेस प्रदेश राजस्व संकलनको दृष्टिले त्यस प्रदेशमा वित्तीय स्थायित्व प्रदान गर्न पूर्ण सक्षम हुनेछ किनभने नेपालको कूल राजस्वको लगभग ४५% राजस्व मधेसबाट संकलन हुने गरेको छ।

नेपालको करिब ८०% जनता आय र रोजगारीका लागि कृषिमा आश्रित छन्। पूरै मुलुकको कूल गार्हस्थ उत्पादनमा यस क्षेत्रको करीब ३६% योगदान रहेको छ। नेपालको मुख्य कृषि बालीहरूको उत्पादनमा खाद्यान्न बालीको अंश लगभग ५०% रहेको छ। नेपालको मुख्य खाद्यान्न बालीहरू मध्ये धान र गहुँ मुख्य हुन्। धान, गहुँ, उखुं र तेलहनको उत्पादनको तुलनात्मक अध्ययन गर्दा मधेसको क्षेत्र कृषि उत्पादनको मुख्य पकेट क्षेत्र रहेको देखिन्छ। आ. व. २०६३/६४ मा देशको कूल धान, गहुँ, उखुं र तेलहनको उत्पादन मध्ये क्रमशः ७१.४, ६५.८, ९८.७ र ७४.७ प्रतिशत मधेसमा उत्पादन भएको थियो। यसरी तथ्यलाई विश्लेषण गर्दा पुरै मुलुकलाई खाद्यान्नमा सम्पन्न पार्न मधेस एक सक्षम प्रदेश हुनेछ। रोजगारीका अवसरहरूको दृष्टिकोणले नेपालका प्रमुख औद्योगिक उत्पादनको स्थितिलाई विश्लेषण गर्दा अधिकांश खाद्य पदार्थ, पेय पदार्थ, चिनी, चिया, कागज तथा अन्य बस्तुहरू उत्पादन गर्नका लागि चाहिने उपयुक्त वातावरणको हिसाबले मधेस पूर्ण रूपमा सक्षम देखिन्छ। उद्योग संचालनका लागि विदेशी लगानीको संभावना पनि यस क्षेत्रमा प्रशस्त रहेको छ। सेवा उद्योग, पर्यटन उद्योग र कृषि उद्योगका माध्यमबाट यस क्षेत्रमा प्रशस्त मात्रामा रोजगारीका अवसरहरू सृजना गर्न सकिने देखिन्छ। तलको तालिकबाट मधेसका जिल्लाहरूबाट मुख्य कृषिबालीमा खाद्यान्न, नगदे बाली, फलफूल तथा तरकारी र पशुपालनबाट राम्रो आय हुने स्पष्ट हुन जान्छ।

**कृषि उत्पादनबाट मधेस प्रदेशलाई हुन सक्ने आम्दानी**

| मधेसका जिल्लाहरू | मुख्य कृषिबाली अन्न/नगदे/फलफूल/तरकारी (रु करोडमा) | पशुपालन (रु करोडमा) | जम्मा (रु करोडमा) |
|---|---|---|---|
| कंचनपुर | १२.६२ | ०.२८ | १२.९० |
| कैलाली | १८.२६ | ०.४१ | १८.६७ |
| बाँके | १२.३६ | ०.२८ | १२.६४ |
| बर्दिया | १३.०८ | ०.२९ | १३.३७ |
| दांग | १७.८१ | ०.४० | १८.२२ |
| कपिलबस्तु | १८.७९ | ०.४२ | १९.२१ |
| रुपन्देही | २०.८८ | ०.४७ | २१.३५ |

5

| | | | |
|---|---|---|---|
| नवलपरासी | १५.८६ | ०.३६ | १६.२२ |
| चितवन | ११.३७ | ०.२६ | ११.६३ |
| पर्सा | १४.१५ | ०.३२ | १४.४७ |
| बारा | १४.४८ | ०.३३ | १४.८१ |
| रौतहट | १६.८४ | ०.३८ | १७.२२ |
| सर्लाही | ४३.५३ | ०.९८ | ४४.५१ |
| धनुषा | ४२.१९ | ०.९५ | ४३.१४ |
| महोत्तरी | ३५.८९ | ०.८१ | ३६.७० |
| सिरहा | ४१.१० | ०.९२ | ४२.०२ |
| सप्तरी | ४०.८८ | ०.९२ | ४१.८० |
| सुनसरी | २१.७१ | ०.४९ | २२.२० |
| मोरंग | ३१.४६ | ०.७१ | ३२.१७ |
| झापा | २९.५७ | ०.६७ | ३०.२४ |
| जम्मा | ४७२.८३ | १०.६६ | ४८३.४९ |

७) **प्राकृतिक साधन र स्रोतको उपलब्धता** : मधेसका हाल विद्यमान जिल्लाहरू प्राकृतिक साधन र स्रोतको दृष्टिकोणबाट सक्षम रहेको देखिन्छ। यहाँ मधेसका विभिन्न जिल्लाहरूमा प्राकृतिक सोतबाट हुनसक्ने आम्दानीलाई देखाईएको छ। यस अनुसार मधेसका प्रायस: हरेक जिल्लाबाट निकासी हुने ढुंगा/बालुवा र गिट्टीलाई आयको रूपमा लिईएको छ। जल विद्युतलाई प्रायस: पहाडी क्षेत्र वा प्रदेशको संभाव्य आयको रूपमा बिश्लेषण गर्ने गरिएको छ। यसमा सहमत हुन सकिदैन। यसको लाभको हकदार जल विद्युत उत्पादन केन्द्र रहने स्थानको प्रदेश पनि हुने कुरामा दुईमत हुन सक्दैन्। साथै जुन प्रदेश भएर नदी बग्दछ-विभिन्न अन्तर्राष्ट्रिय अभ्यासहरूको आधारमा पनि सो क्षेत्र लाभको हकदार हुनेनै छ। जल विद्युतको आयलाई गणना गर्दा उक्त मान्यतालाई आधार मानिएको छ। मधेसमा पर्यटनको व्यापक संभावना रहेपनि हाल त्यसको उपयोग गरिएको छैन्। यस तालिकामा जनकपुरधाम र लुम्बिनी जस्ता स्थापित केन्द्रहरूको उपलब्ध आयलाई मात्र अध्ययनको लागि आधार मानिएको छ। यसै गरी काठ, दाउरा तथा जडिबुटीको सन्दर्भमा उपलब्ध तथ्यांकलाई नै आधार मानिएको छ।

**बिभिन्न प्राकृतिक स्रोतबाट मधेस प्रदेशलाई हुन सक्ने आम्दानी**

| मधेसका जिल्लाहरू | बिभिन्न प्राकृतिक स्रोतबाट हुन सक्ने आम्दानीहरू (रु. करोडमा) | | | |
|---|---|---|---|---|
| | ढुंगा/बालुवा र गिट्टी | जल विद्युत | पर्यटन | काठ/दाउरा/जडिबुटी |
| कंचनपुर | ८७०.८० | | ०.६१ | १.८९ |
| कैलाली | ८७०.०० | ३८८८.०० | | २.३० |
| बाँके | १४९.३० | | | ४.४५ |
| बर्दिया | १४९.३० | १२९६.०० | ३.४३ | ४.९१ |
| दांग | १४९.३० | | | ३१.४२ |
| कपिलबस्तु | ७.५० | | | ०.८७ |
| रुपन्देही | ७.५० | | ४४.०० | १.७८ |
| नवलपरासी | ७.५० | १०२.८२ | | ४.३१ |
| चितवन | १.१० | २३५.३७ | ४६.३१ | ३.९० |
| पर्सा | १.१० | | ८.९३ | ७.१२ |
| बारा | १.१० | | | ११.११ |
| रौतहट | १.१० | | | ५.३९ |
| सर्लाही | १.१० | | | ०.६१ |
| धनुषा | १.१० | | १२.५० | ५.१५ |
| महोत्तरी | १.१० | | | १.८४ |
| सिरहा | २.३० | | | ०.७१ |
| सप्तरी | २.३० | २९७.०० | | ३.३५ |
| सुनसरी | २.३० | ११८८.०० | २१४ | ३.८३ |
| मोरंग | २.३० | ५.६२ | | २.४८ |
| झापा | २.३० | | | ०.२१ |
| जम्मा | २२२८.१० | ७०१२.८१ | ११७.९२ | ९७.६३ |

वित्तीय संघीयताको विश्वव्यापी सिद्धान्त बमोजिम संघीय संरचना अन्तर्गत रहेका विभिन्न प्रदेशहरूलाई तिनीहरूका वित्तीय आवश्यकता अनुसारको राजस्वको प्रर्याप्तता हुन जरुरी हुन्छ। जसले त्यस प्रदेशको वित्तीय स्थायित्वमा सहयोग पु-याउँदछ। नेपालमा राज्यको पुर्नसंरचना गर्ने संदर्भमा समग्र मधेश एक प्रदेश वित्तीय संघीयताको सिद्धान्त बमोजिम वित्तीय स्थायित्वको उद्देश्यले पूर्ण सक्षम रहेको यथार्थलाई माथिका संक्षिप्त बूंदागत बिश्लेषणले पुष्टी गर्दछ।

८) **पूर्वाधार विकासको अवस्था र सम्भावना** : निर्माणाधिन प्रदेशहरू स्वायत्तता र स्वशासनका दृष्टिले सबल र सक्षम हुनुपर्ने विषयमा कुनै दुई मत छैन्। भौगोलिकता, जातीयता, उत्पीडन, पहिचान आदि बिषयहरू नेपालको सन्दर्भमा प्रदेश रचनाको महत्वपूर्ण आधारको रूपमा चर्चा गर्ने गरिएपनि प्रस्तावित प्रदेशको आर्थिक सामर्थ्यता, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता सबै भन्दा महत्वपूर्ण आधार मानिन्छन्। नेपालको सन्दर्भमा

6

पूर्वाधारमा सबैभन्दा आधारभूत क्षेत्र सडकलाई मानिन्छ । मधेसमा सडकको पूर्वाधार बलियो रहेको छ । मधेसभरीमा केन्द्रीय तथा जिल्ला स्तरीय गरी कूल सडकको संजाल ३,४४,१५८ कि.मी. रहेको छ । पूर्वमा झापा देखि पश्चिममा कंचनपुर जिल्लासम्म करिव १५ सय कि.मी. हुलाकी सडकको रेखांकन भैसकेको छ । निर्माणाधिन यो सडक वास्तवमा भावी मधेस प्रदेशको जीवन रेखा नै हुनेछ ।

नेपालको कूल १४७ लाख हेक्टर क्षेत्रफल मध्ये करिव ७० हजार हेक्टर क्षेत्रफल बन जंगलले ढाकेको छ । जसमध्ये भित्री मधेसमा ९,५२,५१९ हेक्टर र तराईमा १०,०६,५२६ हेक्टर बन जंगल रहेको छ । यो बन जंगलको कूल क्षेत्रफलको २७.७१% हुन आउँछ । नेपालको कुल बन क्षेत्र मध्ये १७ प्रतिशत समुदायले व्यवस्थापन गरेका छन् । २०५८ सालको तथ्यांक अनुसार बनक्षेत्रबाट करिव ६१ करोड रुपैया राजश्व संकलन भईरहेको छ । यसको ४०% रकम सामुदायिक बनक्षेत्रबाट संकलन भईरहेको छ । अधिकांश सामुदायिक बनक्षेत्र तराई र मधेस क्षेत्रमै पर्दछ ।

नेपालमा बन जंगलको वितरण भौगौलिक क्षेत्रहरूमा असमान छ । क्षेत्रगत रूपमा हेर्दा पहाडी क्षेत्रमा बढी छ भने, तुलनात्मक रूपमा तराई क्षेत्रमा कम र हिमालमा अति कम छ । तराईमा धेरै बन जंगल नदेखिएपनि बन पैदावार र यसबाट हुने आर्थिक मूल्यको आधारमा बढी सम्पन्न छ । आजसम्म बन क्षेत्रबाट प्राप्त गरिएको आर्थिक आयको ठुलो हिस्सा तराइ क्षेत्रमा भएका बन पैदावारहरूबाट उपलब्ध हुने गरेको छ । नेपालमा करिव २०,००० टन (लगभग २० मिलियन अमेरिकी डलर) मूल्य जतिको बन पैदावार कच्चा पदार्थ निर्यात हुने अनुमान छ । मधेसका बिभिन्न भागमा गरी पाँच वटा वन्यजन्तु आरक्ष र निकुन्जहरू छन् । कोशी टप्पू, पर्सा वन्यजन्तु, चितवन, बर्दिया र शुक्लाफाँटा गरी पाँच वटै आरक्ष तथा निकुन्जले सम्पूर्ण मधेसको ३,८७९ वर्ग कि.मी. भूभाग ढाकेको छ ।

नेपालमा जलविद्युतको प्रचुर संभावना रहेकोमा कुनै विवाद नै छैन । यस्तो जलविद्युत आयोजनाको प्रायस: सबै निर्माण स्थल पहाडी प्रदेशहरूमै रहनु स्वभाविक नै हो । हालसम्म देखिएकोमा रुपन्देही जिल्लाको सूर्यपुरा एकमात्र जलविद्युत केन्द्र मधेसमा छ । यो भारत-नेपाल सम्झौता अनुसार निर्माण भएको हो । ठूला जलविद्युत आयोजनाको निर्माणको दायित्व तथा त्यसबाट हुने आय केन्द्र सरकारको हुने विषयमा पनि खासै विवाद छैन । तर नेपाल अब संघीय संरचनामा जाने सन्दर्भमा भौगोलिक रूपमा उत्तरबाट बगेर मधेस हुदै भारत तर्फ बग्ने सबै नदीबाट नेपाल र भारतका बीच व्यवसायिक समझदारी भै भारतकै भूमिमा निर्माण हुने जलविद्युत आयोजनबाट तल्लो तटीय प्रदेशको सरकारलाई कसरी लाभको वितरण गर्ने यो विषयमा खासै छलफल भैरहेको छैन । यसरी नै नेपालको जलविद्युतको सन्दर्भमा यसलाई सोझै पहाडी प्रदेशको लाभको विषय भनेर विश्लेषण गर्ने गरिन्छ । तर उपल्लो भागमा मानव सिर्जित कारणहरूबाट उत्पन्न भएको पर्यावरणीय दुष्प्रभावको गंभीर नकारात्मक प्रभाव मधेस क्षेत्रमा परिरहेकोले त्यसको क्षतिपूर्ति कसरी तलको प्रदेशले पाउने-यो निरुपण हुनु पर्ने गंभीर विषय हो । यस सन्दर्भमा खास गरी २२ मिलियन किलोवाट क्षमता रहेको कोशीको विषय, २१ मिलियन किलोवाट क्षमता रहेको गण्डकीको विषय र ३२ मिलियन किलोवाट क्षमता रहेको कर्णालीको विषय सोझै मधेस प्रदेशको सरोकार तथा हकको विषय हो ।

९) **प्रशासनिक सुगमता :** प्रशासनिक सुगमताको सन्दर्भमा सबै भन्दा विचारणीय विषय उपयुक्त भौगोलिकता, अनुकूल जलवायु तथा मौसम, यातायात सेवा, संचार र प्रदेश वा क्षेत्रको सबै भागमा प्रशासनको पहुँच हुनु हो । सम्पूर्ण मधेसलाई एउटै प्रदेशको रूपमा मान्यता दिंदा अन्य प्रदेशहरूको तुलनामा यस प्रदेशको क्षेत्रफल ठूलो देखिए पनि भौगोलिक आधारमा यो अत्यन्त सुगम हुनेछ । पूरै मधेसमा समान प्रकारको भूगोल रहेकोमा धेरै भनिरहनु पर्दैन । नेपालमा बन्ने तथा हाल प्रस्ताव गरिएका कुनै पनि प्रदेशको तुलनामा मधेस सुगम हुनेछ र प्रस्तावित कुनै पनि प्रदेशको कुनै सीमान्त स्थानबाट मुख्य प्रशासनिक केन्द्रको दूरी तथा पहुँच भन्दा मधेसको त्यस्तो स्थान नजिक हुनेछ । मधेसका प्रायस: सबै जिल्लाहरू पूर्व-पश्चिम राजमार्ग तथा जिल्लाको आन्तरिक पक्कि सडकको संजालबाट राम्ररी आवद्ध रहेका छन् ।

उपलब्ध तथ्यांकका आधारमा मधेसका जिल्लाहरू कंचनपुरमा २३४ कि.मी., कैलालीमा ४६० कि.मी., बाँकेमा ३८१ कि.मी., बर्दियामा ३०४ कि.मी., दांगमा ५२१ कि.मी., कपिलवस्तुमा ३३६ कि.मी., रुपन्देहीमा ३०० कि.मी., नवलपरासीमा २५० कि.मी., चितवनमा ७९६ कि.मी., पर्सामा ३३६ कि.मी., बारामा ३२१ कि.मी., रौतहटमा २२७ कि.मी., सर्लाहीमा ५११ कि.मी., महोत्तरीमा ४६८ कि.मी., धनुषामा ६८४ कि.मी., सिरहामा ३०० कि.मी., सप्तरीमा ३१० कि.मी., सुनसरीमा ४७१ कि.मी., मोरंगमा ६८८ कि.मी. र झापामा ५९६ कि.मी. (राजमार्ग, फिडर रोड, जिल्ला मार्ग र शहरी मार्ग समेत गरी) सडकको संजाल रहेको छ । सुदूर पूर्वको काकडभिट्टा देखि सुदूर पश्चिमको गड्डाचौकसम्म पूर्व-पश्चिम राजमार्गको दुरी १०२८ कि.मी. छ । उदाहरण मात्रको लागि मानौ, यदि बीरगंजको आसपासमा मधेस प्रदेशको प्रशासनिक केन्द्र कायम गर्ने हो भने काकडभिट्टाबाट त्यहाँसम्मको दूरी लगभग ३९० कि.मी. हुनेछ । यसरी नै कंचनपुर जिल्लाको महेन्द्रनगर देखि बीरगंज वा त्यस स्थानको दूरी लगभग ६८० कि.मी. हुनेछ । सामान्य निर्विघ्न रूपको सडक यातायातबाट ६ देखि १० घंटामा पूर्व र पश्चिम दुबै भागबाट मधेसको मुख्य प्रशासनिक केन्द्रमा पुग्न सकिन्छ ।

आज राज्यको रूपान्तरणको सन्दर्भमा संघीय नेपालको राजधानी काठमाण्डौंको विकल्प खोजेको देखिन्छ । यसको निर्धारण महुञ्जेलसम्म काठमाण्डौंलाई केन्द्र मानेर विचार गर्दा पूर्व र पश्चिमबाट काठमाण्डौं, उत्तरको हिमाली प्रदेशबाट काठमाण्डौं, पूर्व उत्तरबाट काठमाण्डौंको दूरी बारे विचार गर्ने हो भने कसैको लागि काठमाण्डौं सहज तथा नजिक नमानिन सकिन्छ । काकडभिट्टाबाट काठमाण्डौंको सडक दूरी लगभग ६१५ कि.मी. हुनजान्छ । कंचनपुर जिल्लाको महेन्द्रनगरबाट पनि काठमाण्डौंको सडक दूरी ६९० कि.मी. छ । बीरगंजबाट काठमाडौंको दूरी २७५ कि.मी. छ । दार्चुलाबाट र ताप्लेजुङबाट

काठमाण्डौको दूरीले काठमाण्डौंबाट राजधानीको विकल्प खोज्ने कामलाई कहिल्यै प्रोत्साहित गरेन । नेपालको भौगोलिक अवस्थाको आधारमा यसलाई सबैले स्वीकार गरेकै छ। उपयुर्क्त तथ्यहरूको आलोकमा मधेस एक प्रदेशको रूपमा प्रशासनिक दृष्टिकोणले सुगम नै मानिनेछ।

यसको साथै मधेसमा बर्षौ पहिले देखिको संचारको विद्यमानता, पुरै मधेसको समान समशितोष्ण जलवायु, एकै प्रकारको र एकै समयमा आउने मनसुन तथा खेती प्रणाली जस्ता सबै बिशेषताले गर्दा प्रशासनिक सुगमताको कोणबाट मधेस एउटै प्रदेश हुने शसक्त आधार रहेपनि मधेसको विभाजन गरिनु उपयुक्त छैन्।

## समिति समक्ष प्रस्तुत नक्सामा गंभीर आपत्तिका बिषयहरू

१) संघीय संरचना गर्ने सन्दर्भमा नेपालमा जातीय, क्षेत्रीय र भाषिक आधारमा प्रदेशको प्रस्ताव गरिएको छ। उप समितिले यस अधि पूर्ण समितिका समक्ष दुई वटा वैकल्पिक नक्साहरू प्रस्तुत गरेको हो । यसमा समितिको अन्तिम बैठकमा हेरफेर गरियो । यो नक्सामा पुरै मुलुकभर समान आधारमा, समान योग्यता अनुसार परस्पर सम्बद्ध क्षेत्रहरू (cluster) छुट्याउने कार्य भएको छैन । पहाडी क्षेत्रमा प्रायसः सबै प्रदेश जातिगत रूपमा छुट्याईयो भने मधेसमा तथ्यहीन आधार, मिश्रित बसोवास र भाषाको आधार (बारम्बार थारूवान, लुम्बिनी भाँवर, अवध-थारू, अवध-भोजपुरा, पश्चिम मधेस, नारायणी, मधेस, जनकपुर-सिम्रौनगढ, बिराट, कनकाई र बिराट कोच आदि नामकरण) लिईयो ।

२) परम्परा देखि तराई/मधेसको अंग रहेको कंचनपुर जिल्लाको महेन्द्रनगर नगरपालिका र त्यहाँ देखि पश्चिमका क्षेत्रलाई उत्तरको उपल्लो कर्णाली/खप्तड नामधारी प्रदेशसंग जोडियो । यो प्रस्तावित लुम्बिनी भाँवर वा थरूहट प्रदेशको पूर्वाधारको स्पष्ट हरण भनिए पछि यसमा अन्तिम समयमा परिवर्तन गरियो ।

३) पछिल्लो पटक प्रस्तुत नक्सामा पश्चिममा कंचनपुर देखि पूर्व नवलपरासीसम्मको क्षेत्रलाई थारूवान नामकरण गरिएको छ । यस प्रस्तावित क्षेत्रको नामकरण त्यहाँका बाहुल्य समुदायको आधारमा गरिएको छैन । यहाँ सबै गैर थारू मधेसी समुदायको कूल जनसंख्या ३०.९६% छ भने, थारू समुदायको कूल जनसंख्या २५.१४% मात्र रहेको छन्।

यस क्षेत्र मध्ये कपिलबस्तु जिल्लामा गैर थारू मधेसी र थारू जनसंख्या क्रमशः ६७.०९% र १२.०५% रहेको छ। रुपन्देही जिल्लामा गैर थारू मधेसी र थारू जनसंख्या क्रमशः ४८.०२% र १०.०६% रहेको छ। र नवलपरासी जिल्लामा गैर थारू मधेसी र थारू जनसंख्या क्रमशः २९.०४% र १६.०५% रहेको छ। बाँके जिल्लामा गैर थारू मधेसी र थारू जनसंख्या क्रमशः ४९.०२% र १६.०४% रहेको छ। यसरी यस प्रदेशको गठनमा वा नामकरणको आधार व्यवहारिक र बैज्ञानिक छैन्।

४) प्रस्तावित नक्सामा चितवन जिल्लालाई कथित मिथिला मधेसबाट र थारूवानबाट बाहिर, दुबै प्रदेशको बीचमा मध्यवर्ती क्षेत्रको रूपमा राखिएको छ। यसको आधार बिल्कुलै बैज्ञानिक छैन्। चितवन ऐतिहासिक सन्दर्भमै मधेस/तराईको भूभाग हो । यस जिल्लामा चूरे पर्वतको क्रम टुटेको छ र चूरे पर्वत दक्षिणको भारत-नेपाल सीमासंग जोडिन गएको छ। झण्डै सीमामा नै पानी ढलो (ridge) परेको छ। यहाँ भन्दा उत्तर तथा नारायणगढ/भरतपुर दक्षिणको क्षेत्र परम्परा देखि नै थारू समुदायको बसोवासका क्षेत्र हुन्। पुरै चितवन जिल्लामा पर्वते जनसंख्या ३,९२,०१६ रहेकोमा माडी क्षेत्रमा थारू र मधेसी जनसंख्या गरी ७३,१७८ रहेको छ। माडी क्षेत्र पर्सा जिल्लाको पर्सा वन्यजन्तु आरक्ष र चितवन आरक्ष हुदै पूर्वबाट पश्चिम दक्षिण तर्फ बगेको राप्ती नदीको दक्षिणको भाग हो। यो पश्चिममा नवलपरासीको सुस्ता गा.वि.स.मा जोडिन्छ,जुन मधेसी समुदायको बाहुल्य बसोवासको क्षेत्र हो । भौगोलिक निरन्तरता, ऐतिहासिकता, परम्परागत जातीय बसोवास सबै महत्वपूर्ण सन्दर्भहरूबाट मधेसको अभिन्न भाग रहेको चितवन जिल्लामा मधेसको विस्तार भंग भएको मान्ने कुनै बैज्ञानिक आधार छैन्।

५) यसरी सर्वथा अमान्य हुने र गलत आधारमा चितवनको निहूँमा मधेसलाई विभाजित गरेर पर्सा देखि पूर्व झापासम्मलाई मिथिला मधेस नामकरण प्रस्ताव गरिएको छ । (यस अधि सुनसरी र मोरंग जिल्लाको अधिकांश भागलाई ६ प्रदेशको नक्सानुसार प्रस्तावित श्रृजंगा वा विराटकोच प्रदेशमा बलात् मिलाउन खोजिएको थियो । सुनसरी, मोरंग र झापा जिल्ला भौगोलिक अवस्थिति र निरन्तरता, ऐतिहासिकता, परम्परागत जातीय बसोवास र संस्कृति सबै महत्वपूर्ण आधारहरूबाट मधेसको अभिन्न अंग रहेको हो ।) पर्सा देखि झापासम्मको कूल जनसंख्या मध्ये मधेसी समुदायको जनसंख्या ४३,६८,६१० छ। थारू समुदायको जनसंख्या ४,२५,६३४ छ भने पर्वते समुदायको जनसंख्या १७,७६,८९० रहेको छ।

६) पर्सा देखि पूर्व मधेस प्रदेशको नक्सांकन गरिदाँ उदयपुर जिल्लाको त्रियुगा खोँचमा परम्परा देखि रहेको थारू र मधेसी समुदायका हडिया, शिवाय, सुन्दरपुर र तपेस्वरी जस्ता थारू बाहुल्य गा.बि.स.हरू र थारू समुदायको उलेख्य जनसंख्या भएको गाईघाट नगरपालिका (केही दशक अधि थारू बहुल) प्रस्तावित नक्सानुसार सुनकोशी र किरात प्रदेशमा विलिन हुने अवस्था पारिएको छ। यसरी उदयपुर जिल्लाको १३ प्रतिशत थारू/मधेसी जनसंख्या माथी पर्ने अबैज्ञानिक स्थिथि खडा भएको छ।

७) समितिका समक्ष प्रस्तुत भै पारित गरिएको नक्साको आधारको रूपमा लिईएको परस्पर सम्बद्ध क्षेत्रहरू (cluster) छुट्याउने कार्य एकदमै व्यवहारिक र बैज्ञानिक छैन्। मधेस र पहाड दुबै क्षेत्रमा जातजातिको वा भाषाभाषीको परस्पर सम्बद्ध क्षेत्रहरू (cluster) बनाउदाँ कुनै एक गा.वि.स.मा १ जनाको संख्याले पनि कुनै एक जाति वा भाषिक समुदाय बढी देखिन आएमा (गा.वि.स.को बहुमत होईन, कुनै एक समुहको १ जनाले पनि बढी भएको) सो जात/जाति वा भाषा/भाषी वा समुदायको परस्पर सम्बद्ध क्षेत्र (cluster) बनाईएको हो । खासगरी मधेसको क्षेत्रमा यस्तो क्लष्टर बनाउदाँ थारू समुदायको सन्दर्भमा सो समुदाय र पहाडी समुदायको रूपमा सबै पर्वते समुदाय, त्यसै गरी मधेसी समुदायको रूपमा सबै मधेसी

8

समुदायका जातहरूलाई नमिलाईकन यादव वा कोईरी आदि कुनै एक जातलाई मात्र आधार मानिएको हुदाँ यथार्थमा समुदायगत (community based) परस्पर सम्बद्ध क्षेत्र (cluster) बनेको छैन । तसर्थ प्रदेश रचनाको सन्दर्भमा वास्तविक पहिचान बन्न सकेको छैन् ।

८) समितिले सिद्धान्तः प्रदेश भित्र बन्ने स्वायत्त क्षेत्रहरू, विशेष क्षेत्रहरू र संरक्षित क्षेत्रहरू प्रदेशले नै बनाउने कुरा स्वीकार गरिए पनि समितिको अन्तिम बैठकमा उप समिति भंग भएको घोषणा पछि हचुवाको भर बिना अध्ययन र आधारमा प्रस्ताव भै बहुमतबाट पारित गरिनु सर्वथा अनुचित हो ।

संसार भर नै प्रदेशको रचनाका लागि आधारभूत रूपमा समान प्रकारकै आधारहरूलाई अपनाइएको पाईन्छ । जस अनुसार नेपालमा विद्यमान जातीय, वर्गीय, समाजिक, राजनीतिक, साँस्कृतिक, भाषिक, सामुदायिक, क्षेत्रगत जस्ता अनेक पहिचानहरूलाई ध्यानमा राख्दै मुख्य आधारका रूपमा : जातीय/समुदाय, भाषिक, साँस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरतालाई हामीले स्वीकार गरिसकेका छौं । यसको साथै प्रस्तावित प्रदेशको सामर्थ्यलाई पनि उत्तिकै ध्यान दिनु पर्ने हुन्छ । प्रदेशहरूको आर्थिक सामर्यको सन्दर्भमा आर्थिक अन्तरसम्बन्ध र सामर्थ्यता, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक साधन र स्रोतको उपलब्धता र प्रशासनिक सुगमताको विषयमा हामी सहमत रहेका छौं । समग्रतामा भन्नु पर्दा नेपालमा राज्यको पुनर्संरचनाको लागि : १) क्षेत्रीय उत्पीडनलाई समाप्त पार्न सक्ने संरचना, २) भौगोलिक एकरूपता वा निरन्तरता कायम राख्ने, ३) समान प्रकारका जातिगत सघनता वा अन्तरआवद्धताको रक्षा गर्ने, ४) ऐतिहासिक तथा सामुदायिक विशेषतामा जोड दिने, ५) साँस्कृतिक सघनताका क्षेत्रलाई एकै ठाउँमा राख्ने, ६) भाषिक सघनताका क्षेत्रहरूलाई एकै ठाउँमा राख्ने , ७) समान प्रकारको उद्यमशीलता वा आर्थिक कृयाकलाप र ८) प्रशासनिक सुगमता मुख्य आधार रहने यस समितिले निश्चित गरिसकेको छ । **तर यी सब मान्यता र स्वीकारिएको तथ्यहरूको विपरित प्रस्तावित प्रदेशहरूको संख्या, सीमांकन र नामकरणको अनुसूची तयार गरिएकोले मलाई अमान्य छ ।** तसर्थ यो फरक मत पेश गरेको छु । धन्यवाद ।

मा. जयप्रकाश प्रसाद गुप्ता
सदस्य
राज्यको पुनर्संरचना तथा शक्तिको बाँडफाँट समिति

मिति : २०६६/१०/७

# नेपाल मजदुर किसान पार्टी

केन्द्रीय समिति
गोल्मढी, भक्तपुर - ७

फोन : ६६१०९७४
६६१००२६
फ्याक्स : ९७७-१-६६१३२०७
इ-मेल : nwpp@ntc.net.np


५/१०१८

च.नं.

मिति : ६ माघ २०६६.

माननीय सभापति ज्यू,
राज्य पुन: संरचना तथा राज्य शक्तिको बाँडफाँड समिति ।

**विषय:- फरक मत प्रस्तुत गरेको ।**

राज्य पुन:संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिद्वारा प्रस्तुत अवधारणापत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदामाथि म निम्न बमोजिम फरक मत प्रस्तुत गर्दछु -

१) **प्रस्तावना** :

पहिलो अनुच्छेदमा रहेको 'नेपाललाई लोकतान्त्रिक समावेशी सहितको समानुपातिक संघीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्न' भन्ने शब्दहरुको सट्टा 'नेपालको' शब्द थपी भाषा मिलान गर्ने,

दोश्रो अनुच्छेदमा रहेको 'विकास गर्न संविधानद्वारा प्रदत्त आत्मनिर्णयको अधिकार सहितको पहिचान र सामर्थ्यमा आधारित स्वायत्त, स्वशासित तथा अधिकार सम्पन्न प्रदेश, स्थानीय तह र विषेश संरचना पनि' भन्ने शब्दहरुको सट्टा 'पूर्ण स्वायत्तता सहितको स्थानीय तह र विशेष संरचना सहितको' भन्ने शब्दहरु राख्नुपर्ने,

दोश्रो अनुच्छेदको एघारौ हरफमा 'सबै' भन्ने शब्दपछि 'वर्ग' शब्द थप्नुपर्ने,

२) दफा २ **राज्य पुन:संरचना र राज्य शक्तिको स्वरुप** :

उपदफा (२) मा रहेको 'तथा बहुलतामा आधारित समाज' भन्ने शब्दहरु हटाउनु पर्ने,

३) दफा ६ उपदफा (१) मा 'स्वरुप' शब्दपछि 'जिल्ला' शब्द थप्नुपर्ने,

४) दफा ६ उपदफा (६) मा 'प्रादेशिक' शब्द हटाउनु पर्ने,

५) दफा ११ उपदफा (१) आत्मनिर्णयको अधिकार दफा हटाई क्रम मिलान गर्ने,

६) प्रदेश र विशेष संरचना क्षेत्र अन्तर्गत जाति वा भाषिक बाहुल्यताको आधारमा राजनैतिक अग्राधिकार हुनेछ भन्ने व्यवस्था हटाउनु पर्ने,

७) **अनुसूचि १** को सट्टा देहायको अनुसूचि १ राख्नु पर्ने -

नेपाललाई भूगोलको आधारमा निम्न बमोजिम १४ वटा प्रान्तमा विभाजन गरिएको छ :-

१) मेची प्रान्त
२) कोशी प्रान्त
३) सगरमाथा प्रान्त
४) जनकपुर प्रान्त
५) नारायणी प्रान्त
६) बागमती प्रान्त
७) लुम्बिनी प्रान्त

①

# नेपाल मजदुर किसान पार्टी

केन्द्रीय समिति

गोल्मढी, भक्तपुर – ७

फोन : ६६१०९७४

६६१००२६

फ्याक्स : ९७७-१-६६१३२०७

इ-मेल : nwpp@ntc.net.np

च.नं.

मिति : ..................

८) गण्डकी प्रान्त
९) अन्नपूर्ण प्रान्त
१०) राप्ती प्रान्त
११) भेरी प्रान्त
१२) कर्णाली प्रान्त
१३) सेती प्रान्त
१४) महाकाली प्रान्त

**संघीय राजधानी दाङमा रहनेछ ।**

८) **अनुसूचि ३ :**
क्रम संख्या ३ मा थप्नुपर्ने - मुद्रा
क्रम संख्या ३० पछि ३१ थप्नु पर्ने
३१. भूमिसुधार

९) **अनुसूचि ४ :**
क्रम संख्या २१ मा रहेको 'भूमि व्यवस्थापन' शब्द हटाउनु पर्ने

१०) **अनुसूचि ५ :**
क्रम संख्या ११ मा थप्नु पर्ने - उपभोक्ता हकहित सम्बन्धी विवाद

११) **अनुसूचि ६ :**
क्रम संख्या ३ मा थप्नु पर्ने - टेलिभिजन र पत्रपत्रिका
क्रम संख्या ९ मा थप्नु पर्ने - उच्च शिक्षा
क्रम संख्या २० पछि, २१, २२, २३ र २४ थप्नु पर्ने
क्रम संख्या २१ - उपभोक्ता अदालत र श्रम अदालत
क्रम संख्या २२ - भाषा, संस्कृति र लिपी
क्रम संख्या २३ - प्राकृतिक श्रोत वापत प्राप्त रोयल्टी
क्रम संख्या २४ - विदेशी नागरिकसंग सेवा शुल्क

**अनुसची २ :**
१२) स्वायत्त क्षेत्रहरुको सूचि हटाउनु पर्ने

**नारायणमान बिजुक्छें**
**अध्यक्ष, नेपाल मजदुर किसान पार्टी**
**एवं**
**सदस्य, राज्य पुन: संरचना तथा राज्य शक्तिको बाँडफाँड समिति**

६
१०६

मिति : २०६६ माघ ७ गते ।

माननीय सभापति ज्यू,
राज्य पुनरसंरचना तथा राज्यशक्ति बाँडफाँड समिति ।

विषय : फरकमत पेश गरेको बारे ।

प्रस्तुत सम्वन्धमा मस्यौदाको धारा ५ अन्तरगत उपधारा २ को अनुसुचि १ अनुरुपको प्रस्तावित तमुवान भुगोल या सिमाबारे हाम्रो असहमति छ । खासगरि प्रस्तावित तमुवान भूगोलको अलवा प्रस्तावित नारायणी प्रदेशमा परेका विद्यमान जिल्लाहरुको निम्न भू-भागहरु या गा.वि.स. हरु तमुवान भूगोलमा पारिनु आवश्यक छ :-

- गोरखा जिल्लाको ३२ वटा गा.वि.स. हरु (नारायणीमा परेको)
- लम्जुङ जिल्लाको २२ वटा गा.वि.स. हरु (नारायणीमा परेको)
- कास्की जिल्लाको १४ वटा गा.वि.स. हरु (नारायणीमा परेको)
- पर्वत जिल्लाको ३८ वटा गा.वि.स. हरु (नारायणीमा परेको)
- स्याङ्जा जिल्लाको ३३ वटा गा.वि.स. हरु (नारायणीमा परेको)
- तनहुँ जिल्लाको सेति वारीको सम्पूर्ण गा.वि.स. हरुको साथै सेति पारीको ढारे फेदी र फिरफिरे गा.वि.स सहित ३४ वटा गा.वि.स. हरु (नारायणीमा परेका भुगोलहरु)

माथिका प्रस्तावित भूगोलहरु तमुवानमा पार्नु पर्ने ऐतिहासिक आधार, आर्थिक सह-जीवनको आधार, सामाजिक, सांस्कृतिक सम्वन्धको आधारको दृष्टिले तमुवानको साझा राष्ट्रियताको रुपमा रहेको हुँदा तमुवान भूगोलमा पार्नुपर्ने मत हाम्रो रहेको छ ।

फरकमत प्रस्तुत गर्ने माननीय सदस्यहरु :
१. मा.अमर ब.गुरुङ 'तमु'
२. मा.सावित्रा गुरुङ दुरा

बुद्धरत्न मानन्धर
(बुद्ध सायमि)
सदस्य, संविधान सभा
नेपा: राष्ट्रिय पार्टी
काठमाडौं

Buddha Ratna Manandhar
(Buddha Sayami)
Member, Constituent Assembly
Nepa Rastriya Party
Kathmandu

०६६।१०।७।५.

श्री माननीय सभापतिज्यू
राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँड समिति
सिंहदरबार ।

विषय: फरक मत

मिति ०६६।१०।६ मा राज्य पुनर्संरचना सम्बन्धी (१) ६ प्रदेश र (२) १४ प्रदेश जोको दुइ नक्सा समितिमा पेश हुँदा ६ प्रदेशको मा पहिचानलाई कुनै मान्यता नदिएको र १४ प्रदेश विभाजन गरेको नक्सामा नेवा: राज्य (प्रदेश) उल्लेख गरेपनि बिना वैज्ञानिक तथ्य प्राविधिक (जनसंख्या र भूगोल) आधार, पूर्वाधार रहित तरिकाले [illegible] प्रस्तुत हुँदा नक्सामा असहमति जनाई हाम्रो पार्टीको कुनै पक्षमा पनि मत नदिएको कुरा यहाँलाई विदितै छ।

यसैसाथ प्रस्तुत ८ जिल्ला (काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर, धादिङ, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, दोलखा) को कुल जनसंख्या ३२४८८०० मा नेवार ६६३४०४ (२१.४३%) तामाङ ६२३८५६ (२०.५०%) ब्राह्मण ६०१९०० (१९.५६%) क्षेत्री ६५६९८ (१८.१६%) छ। त्यस्तै हो ता नेपालमा कुल तामाङ १२८२३०४ (५.६४) र नेवार १२४५२३२ (५.४८%) छ। यसै साथ पेश गरेको नक्सालाई हाम्रो समर्थन गरी यसै अनुसार नेवा: प्रदेश कायम होस भन्ने हाम्रो मत हो।

अन्यथा त्यस समितिले पास गरेको नेवा: प्रदेशमा बहुसंख्यक नेवार समुदाय मात्र होइन त्यस भित्रका कुनै पनि जात जातिलाई समेत बाँच्न आधार दिने र नेवार जातिको अस्तित्व समेत नमेट गर्ने गुरु

बसन्तपुर, वार्ड नं. २३, काठमाडौं, नेपाल
फोन : ०९७७-१-४२५४८३३, ४२६७८४७ (नि), ४२२४३४१ (का)
मोबाईल : ९८४१४०२६८६

Basantapur, Ward-23, Kathmandu, Nepal.
Phone : 0977-1-4254833, 4267847 (Res.), 4224341 (Off.)
Mobile : 9841402686

बुद्धरत्न मानन्धर
(बुद्ध सायमि)
सदस्य, संविधान सभा
नेपा: राष्ट्रिय पार्टी
काठमाडौं

Buddha Ratna Manandhar
(Buddha Saymi)
Member, Constituent Assembly
Nepa Rastriya Party
Kathmandu

2.

योजना हो भन्ने कुरा जानछु।

नेवा राज्य भित्र सामाजिक र आर्थिक विग्रह नल्याइयोस भनी मसैसाथ पेश गरेको नक्सा बमोजिम नेवा: प्रदेश कायम गर्न जोरदार माग गर्दछौं। आवश्यक भए सहको गहन विश्लेषण पनि पेश गर्नेछु।

स्मरण रहोस समितिले पारित गरेको, हामीले पुरै बहुमतमा नस्वीकारेको, ~~नेवा राज्य (प्रदेश)~~ सीमित दायरामा नेवा: प्रदेश कायम गर्छ भने यसको न्यारो दुष्परिणाम देश र जनताले भोग्नु नपरोस।

नक्सा: नेपा: राष्ट्रिय पार्टीले
पेश गरेको नक्सा



(बुद्धरत्न मानन्धर)
सभा सद
नेपा: राष्ट्रिय पार्टी

बसन्तपुर, वार्ड नं. २३, काठमाडौं, नेपाल
फोन : ०९७७-१-४२५४८३३, ४२६७८४७ (नि), ४२२४३४१ (का)
मोबाईल : ९८४१४०२६८६

Basantapur, Ward-23, Kathmandu, Nepal.
Phone : 0977-1-4254833, 4267847 (Res.), 4224341 (Off.)
Mobile : 9841402686

८
१०।६

मिति: २०६६।१०।०६

माननीय सभापतिज्यू,
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

**विषयः- फरक मत दर्ता सम्बन्धमा ।**

१) उपरोक्त विषय सम्बनधमा यस समितिको अवधारणा पत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदाको धारा १५ मा दलित अधिकारको लागि विभिन्न प्रयास गर्दा गर्दै पनि विगत लामो समय देखि सम्पूर्ण दलितको माग प्रति मेरो पनि माग राज्यको सम्पूर्ण अंगमा/राजनैतिक, प्रशासनिक, आर्थिक सामाजिक, सांस्कृतिक क्षेत्रहरुमा दलितको जनसंख्या १३% थप क्षतिपूर्ती ७% हाल २०% किटान गरी सहभागीता र अधिकारको ग्यारेन्टी हुनु पर्छ । मैले राख्दा सहमति हुन नसकेकोले फरक मत दर्ता गरी समितिको प्रतिवेदनको अंगको रुपमा समावेश गरी दिनु हुन अनुरोध गर्दछु ।

२) धारा १३ मा राजनैतिक अग्राधिकार प्रदेशको हकमा फरक मत उपधारा (१) हटाउने ।

निवेदक,
मा० शान्ति देवी चमार
ने.क.पा (एमाले)

5/११८

मिति : २०६६।१०।७

सभापती ज्यु
राज्यपुनसरचना तथा राज्य शक्तीको बाँडफाँड समिती
सविधान सभा

विषय : फरकमत पेश गरेको वारे ।

राज्यपुनसंरचना तथा राज्य शक्तीको बाँडफँड समितीको मिती २०६६।१०।६ गतेको बैठकले मतदान बाट पारीत परिमार्जीत समितीको मस्यौदाको धारा ५ को उपधारा २ को १ बमोजिम निमार्ण गरीने प्रदेशको नाम र क्षेत्रको निर्धारण अनुसुचि १ मा उल्लेख भएको नाम र क्षेत्र निर्धारणमा मुस्ताङ्गको जोमसोम,मनाङ्गको बगरछाप र गोरखाको सिद्धिवास देखी माथी सवै भोटे जातीहरु भएकाले त्यहाँ सम्म हुनु पर्ने फरक मत पेश गर्दछु ।

मा.छिमी लामा
सदस्य
राज्यपुनसरचना तथा राज्य शक्तीको बाँडफाँड समिती

९०
९०।६

मिति :- २०६६/१०/६

माननीय सभापतिज्यू,
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति ।

विषय:- फरक मत पेश गरेको ।

राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको कार्यक्षेत्र अन्तर्गतको दलित अधिकार सम्बन्धी धारा (१३) मा हाम्रो देहाय बमोजिमको फरक मत रहेकोले सो फरक मतलाई समेत प्रतिवेदनमा समावेश गरी दिनु हुन अनुरोध गरेका छौं ।

१३. दलित अधिकार

(१) प्रस्तावित धारा १३ को उपधारा (२) मा उल्लेखित सबै वाक्यांशको सट्टामा निम्न बमोजिमको वाक्यांश राख्ने -

"संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनैतिक संरचनामा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमा इतिहासकालदेखि कै उत्पीडन वापत क्षतिपूर्तिका रुपमा थप सात प्रतिशत प्रतिनिधित्वको सुनिश्चित हुने गरी विशेषाधिकारको व्यवस्था हुनेछ ।"

स्थानीय निकायमा दलित समुदायको बाहुल्यता भएको स्थानमा दलित नै प्रमुख हुने व्यवस्था गर्नु पर्ने।

सदस्यहरु

मा. विश्वभक्त दुलाल 'आहुति' [signature]
मा. सन्तोषी विश्वकर्मा [signature]
मा. चन्दा देवी राम चन्दा

ध्रुव आङदेम्बे
संविधान सभा सदस्य
पाँचथर
ने.क.पा.(माओवादी)

**Dhruba Angdembe**
Member of Constituent Assembly
Panchthar
C.P.N. (Maoist)

९२
९०/b

मिति:२०६६/१०/०६

माननीय सभापति ज्यू,
राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाडफाँट समिति

**विषयः फरक मत पेश गरेको सम्वन्धमा ।**

मा. सभापति ज्यू,

धा. २ संग सम्बन्धित

प्रस्तुत सम्वन्धमा प्रारम्भिक मस्यौदा तथा अवधारण-पत्रको ~~परिच्छेद ५(६) र ५(१२) बमोजिम~~ अनुसुची १५ मा प्रस्तुत प्रदेशहरूको सिमाङ्कन र संक्रमणकालिन राजधानीको व्यवस्था गरिएकोमा लिम्बुवान प्रदेशको सिमाङ्कन र संक्रमणकालिन राजधानी (मुकाम) को सम्वन्धमा गम्भीर असहमति प्रकट गर्दछु। लिम्बुवान प्रदेशको सिमाङ्कन गर्दा ऐतिहासिक पृष्टभूमिलाई पुरै बेवास्ता गरिएको, मोरङ्ग र सुनसरीका पहाडी भू-भागमा रहेका गा. वि. स. हरू सम्म पनि नसमेटिएको, धनकुटा जिल्लाका १४ वटा गा. वि. स. हरू साथै संखुवासभा जिल्लाको अरूण पूर्वका गा. वि.स. हरू समेत अन्य प्रदेशमा गाभिएको हुँदा सिमाङ्कनको सम्वन्धमा फरक मत प्रस्तुत गर्दछु । लिम्बुवानको सिमाङ्कन पूर्व र उत्तरमा क्रमशः भारत र चीनको स्वसासित क्षेत्र तिब्बत, पश्चिममा अरूण-सप्तकोशी, दक्षिणमा पूर्व-पश्चिम लोकमार्गको झापाको कांकडभित्ता देखि सुनसरीको झुम्का नहरसम्म र झुम्का नहरदेखि चतरा सप्तकोशीसम्म कायम गरियोस् ।

यसैगरी, संक्रमणकालिन राजधानी (मुकाम) निर्धारण गर्दा प्रदेशमा समावेश गरिएको सबै क्षेत्रको केन्द्रबिन्दुमा नपारी अपायक स्थानमा तोकिएको हुँदा सबै क्षेत्रका नागरिकहरूलाई पायक पर्ने गरी लिम्बुवान प्रदेशको ऐतिहासिक थलो पाँचथरको फिदिममा राजधानी (मुकाम) कायम गरियोस् ।

ध्रुव आङ्गदेम्बे
सदस्य
राज्य पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँट समिति
संविधानसभा

फोन नं.: ४२००१०८ (कार्यालय)
मोबाइल नं. : ९८४१४४५९८९, ९७४२६१३१९२

Phone No: 4200108 (Office)
Mobile No. : 9841445989, 9742613192

Fax No : 4200077 (Office)
Email : subbadhruba@yahoo.com

९३
१०।६

मितिः २०६६।१०।०७

माननीय सभापतिज्यू,
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

**विषयः- फरक मत पेश गरेको बारे ।**

संविधानसभाको राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिको प्रारम्भिक मस्यौदा तथा व्याख्यात्मक टिप्पणीको धारा ८ विशेष संरचना सम्बन्धी व्यवस्थाको स्वायत्त क्षेत्रको नामकरण, सीमाङ्कन र अन्य व्यवस्था समेत प्रादेशिक सरकारले कानून बनाई कार्यान्वयन गर्ने भन्ने अवधारणा विपरित २३ वटा मात्र आदिबासी, जनजातिको सूची अनुसूचीमा राख्ने व्यवस्था प्रति मेरो गम्भिर असहमति रहेको हुदाँ अवधारणामा उल्लेखित स्वायत्त क्षेत्र सम्बन्धी व्यवस्था नै संविधानमा उल्लेख गर्न उपयुक्त हुने मेरो मत रहेको छ । फरक मत प्रारम्भिक मस्यौदा तथा व्याख्यात्मक टिप्पणीमा समावेश गरी दिन अनुरोध गर्दछु ।

**फरक मत**

१. धारा ८

उपधारा (४) – उपधारा (१) बमोजिम प्रदेश अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रहरु अनुसूची २ मा उल्लेख भए बमोजिम हुनेछन् । स्वायत्त क्षेत्रको सीमाङ्कन, नामकरण प्रादेशिक सरकारले १ वर्ष भित्रमा कानून बनाई निर्धारण गर्नेछ । त्यसको लागि प्रादेशिक सरकारले एक अधिकार सम्पन्न आयोग गठन गर्नेछ । आयोगको सिफारिसमा नाम र सीमा निर्धारण हुनेछन् ।

२. धारा १३ को उपधारा १ हटाउने ।

निवेदक,
मा० सीता कुमारी पौडेल
सदस्य
संविधानसभा
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

१४/१०१६

मिति : २०६६ माघ ७ गते

माननीय सभापति ज्यू,
राज्य पुनरसंरचना तथा राज्यशक्ति बाँडफाँड समिति ।

**विषय : फरकमत पेश गरेको बारे ।**

१. धारा ७ को उपधारा १ मा उल्लेखित वाक्यांशको सट्टामा 'संविधानको धारा ४ बमोजिमको तहगत संरचनाको अतिरिक्त कुनै प्रदेशभित्र आदिवासी जनजाति वा भाषिक समुदायको वाहुल्य भएको वा सघन उपस्थिति भएको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गरिनेछ ।' भन्ने वाक्यांश लेख्ने ।

२. धारा ८ मा उपधारा ९ मा भएको वाक्यांशलाई अर्को बुँदामा राखी सो उपधारामा 'स्वायत्त क्षेत्र वा संख्यात्मक अनुपात नपुग्ने आदिवासी जनजातिको हकमा संघ तथा प्रदेशका नीति निर्माण तथा कार्यन्वयन गर्ने तहमा कानुन बनाई अनिवार्य प्रतिनिधित्वको सुनिश्चित गरिनेछ ।' भन्ने वाक्यांश उल्लेख गर्ने ।

३. जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलनलगायतका सबै संघर्षहरुमा शहादत प्राप्त गर्नुहुने महान शहीद, बेपत्ता योद्धा र घाइतेको उच्च मूल्यांकन गर्दै संघीय, प्रादेशिक, विशेष संरचना र स्थानीय लगायतका सबै अङ्गहरुमा उनीहरुका परिवारजनहरु र घाइतेलाई प्रतिनिधित्व गरिने कुरा मस्यौदामा उल्लेख गरिनु पर्ने ।

**फरकमत प्रस्तुत गर्ने माननीय सदस्यहरु :**

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | मा.सावित्रा गुरुङ्ग दुरा | |
| २. | मा.अमर ब.गुरुङ्ग 'तमु' | |
| ३. | मा.पूर्ण प्रसाद राजवंशी | |
| ४. | मा. छिमी लामा | |
| ५. | मा. ओनसरी घर्तिमगर | |
| ६. | मा. इन्द्रजीत थारु | |
| ७. | मा. [illegible] वि.क. | |
| ८. | मा. शरदसिंह भण्डारी | |
| ९. | मा. प्रेम ब. तामाङ | |
| १० | मा. भरत प्रसाद साह | |

मिति : २०६६ माघ ०७

माननीय सभापति ज्यू,
संविधानसभा
राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समिति

९५
१०f६

## विषय : फरक मत प्रस्तुत गरेको ।

महोदय,

राज्यको पुनर्संरचना तथा राज्य शक्तिको बाँडफाँड समितिमा छलफल भई पारित भएको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदामा मेरो फरक मतलाई निम्न अनुसार प्रस्तुत गर्दछु ।

**अवधारणापत्रमा फरक मत :**

१. परिच्छेद-एक को बुँदा नं. १.१ को अन्तिम प्याराग्राफमा "माओवादीले जनयुद्ध"गरेको उल्लेख गरिएको छ । माओवादीले भन्ने गरेको "जनयुद्ध"लाई १२ बुँदे समझदारी तथा विस्तृत शान्ति सम्झौतामा समेत "जनयुद्ध" नभनेर "सशस्त्र द्वन्द्व" भन्ने गरिएको सन्दर्भमा अवधारणापत्रमा "माओवादी जनयुद्ध" भन्नु शान्ति सम्झौताहरुको भावना विपरीत रहेको हुँदा मेरो असहमति छ ।

२. सोही परिच्छेदको १.६ मा "संविधानसभाको मिति २०६५ साल जेठ १५ गते बसेको पहिलो बैठकले नेपालको अन्तरिम संविधान २०६३ को धारा १५९ (२) बमोजिम गणतन्त्र कार्यान्वयनको प्रस्ताव पारित गर्नुका साथै नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत परिणत भएको घोषणा गऱ्यो" भनी उल्लेख गरिएको छ । माथिको वाक्यप्रति मेरो असहमित छ । सो पहिलो बैठकमा राष्ट्रिय जनमोर्चाका सभासद्हरुले गणतन्त्रको समर्थन तथा संघीयताको विरोध गरेको कुरालाई उल्लेख गरिएन । संघीयता निर्विवाद रुपमा पारित भएको होइन । यस्तो जगजाहेर तथ्यलाई समेत अवधारणापत्रमा लुकाउने प्रयत्न गरियो । त्यसकारण उक्त वाक्यपछि यो वाक्य थप्नुपर्छ : "सो बैठकमा राष्ट्रिय जनमोर्चाका सभासद्हरुले गणतन्त्रको समर्थन गर्दै संघीयताको विरोध गरेका थिए । यसरी संघीयता बहुमतद्वारा पारित भएको थियो ।"

हाम्रो पार्टीले देश संघीयतामा गयो भने देशको सार्वभौमिकता, अखण्डता र राष्ट्रिय एकता विखण्डन हुनेछ भनेर भन्दै आएको कुरा जनजाहेर छ । देशको सार्वभौमसत्ता विभाजन भयो भने देश कमजोर हुनेछ । परिच्छेद ४ को ४.१मा **क्षेत्र निर्धारणका सिद्धान्त र आधारहरु** शीर्षकको ४.१.१मा **सिद्धान्तहरु** शीर्षकमा लेखिएको छ "संघीय व्यवस्थामा जनतामा निहित सार्वभौमसत्ताको प्रयोग एकभन्दा बढी निकायबाट हुन्छ र त्यो प्रत्यायोजित अधिकारको रुपमा नभई संविधानमा भएको व्यवस्था अनुरुप हुने गर्दछ । संघीयतालाई सार्वभौमसत्ताको विभाजित स्वरुपका रुपमा लिने गरिन्छ ।" यो प्रावधानले स्पष्ट रुपमा सार्वभौमसत्ता विभाजनको कुरा स्वीकार गरेको छ । हाम्रो यही कुरामा नै सर्वाधिक असहमति रहँदै आएको हुँदा परिच्छेद १.६ मा उल्लेखित "संघीय" शब्दप्रति मेरो असहमति छ । त्यसका साथै सुरु देखि अन्तिमसम्म संघीयता सम्बन्धी सबै व्यवस्थाहरु प्रति सम्मिलित रुपमा नै मेरो असहमति छ ।

३. परिच्छेद-दुई को नं. २.३.६ को **एकात्मक राज्यलाई संघात्मक बनाउनु पर्ने कारण** शीर्षकको एउटा बुँदामा लेखिएको छ :

"एकात्मक राज्यले सम्बोधन गर्न नसकेका विषयलाई सम्बोधन गर्ने चाहना"

वास्तविकता यो हो कि विगतमा विभिन्न वर्ग, जाति, लिङ्ग, क्षेत्रसित सम्बन्धित जनतामाथि जुन विभेद वा उत्पीडन भयो, त्यो एकात्मक प्रणालीका कारणले नभई सामन्ती, केन्द्रिकृत शासन प्रणालीका कारणले हो । एकात्मक शासन प्रणालीका कारणले जनतामाथि विभेद हुन्थ्यो भने चीन, जापान, बेलायत, फ्रान्स लगायतका देशहरुमा पनि एकात्मक शासन प्रणालीका विरुद्ध आन्दोलन हुने थियो र संघात्मक शासन प्रणालीको माग हुने थियो । तर त्यस्तो भएको छैन । किनकि एकात्मक शासनबाट जनतामाथि उत्पीडन हुने गरेको छैन । नेपालको सन्दर्भमा निरंकुश, सामन्ती, अधिनायकवादी, केन्द्रिकृत राज्यसत्ताबाट उत्पीडन भएको हो र आज त्यसको अन्त्य भईसकेको छ । केन्द्रिकृत र एकात्मक एउटै कुरा नभएर फरक कुरा हुन् । केन्द्रिकृत शासनबाट भएको विभेद र उत्पीडनलाई एकात्मक शासनबाट जनतामाथि विभेद र उत्पीडन भएको थियो भनेर तथ्यलाई सही किसिमले प्रस्तुत गर्न नसकेको स्पष्ट छ । त्यसकारण त्यो धारणाप्रति मेरो असहमति छ ।

४. परिच्छेद ९ को ९.१.२ मा आदिवासी तथा आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार भनेर निम्न व्यवस्था गरिएको छ :

"आदिवासी, आदिवासी जनजाति र मधेशीलाई आन्तरिक र स्थानीय रुपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ्य, वसोवास, रोजगार, सामाजिक सुरक्षा, आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि, स्रोत साधनको परिचालन तथा वातावरण सम्बन्धी अधिकारका रुपमा आत्मनिर्णयको अधिकार रहने छ । यी विषयहरुमा कानून बनाई निश्चित गरिने छ । आत्मनिर्णयको प्रयोग गर्दा देशको सार्वभौमसत्ता, स्वतन्त्रता, एकता र नेपालको क्षेत्रीय अखण्डतामा खलल नपर्ने गरी गरिने छ ।" माथिको आत्मनिर्णयको अधिकार सम्बन्धी व्यवस्था प्रति असहमति राख्दै मेरो निम्न धारणा राख्दछु ।

संयुक्त राष्ट्र संघका अभिसन्धिहरु, विशेष गरी आई.एल.ओ. १६९ का आधारमा आदिवासी जनजातिहरुलाई आत्मनिर्णयको अधिकार दिने सन्दर्भमा हामीले ध्यान दिनुपर्ने कुरा यो हो कि आई.एल.ओ. १६९ को अभिसन्धिले विशेष गरेर ती आदिवासी-जनजातिहरु लाई इंगीतगर्दछ, जुन राष्ट्रिय रुपमा सामाजिक, सांस्कृतिक, राजनीतिक रुपले अन्य जातिभन्दा बेग्लै प्रकारको जीवन बिताई रहेका हुन्छन् र अन्य जातिभन्दा धेरै नै पछाडि परेका हुन्छन् । तर सामाजिक, सांस्कृतिक र राजनीतिक रुपले अपेक्षाकृत उन्नत जनजातिहरु र मधेशी आई.एल.ओ.को व्यवस्था अन्तर्गत आउँदैनन् । त्यसैगरी आदिवासी को हुन् ? त्यसको पनि सूचीकृत भएको छैन । त्यसकारण त्यस अभिसन्धिलाई यान्त्रिकरुपले नेपालमा लागू गर्ने प्रयत्न गर्नु गलत हो र त्यसबारे नेपालको स्थितिको ठोस अध्ययन गरेर नै त्यसबारे विचार गर्नुपर्दछ । अहिलेसम्म त्यसबारे अध्ययन नभएकाले त्यो काम व्यवस्थापिका संसदको जिम्मामा दिनुपर्दछ र अहिले त्यसबारे संविधानमा केही उल्लेख गरिनु हुन्न ।

५. परिच्छेद ९ को ९.६.२ मा दलित समुदायलाई विशेषाधिकारको व्यवस्था गरिएको भए पनि यथार्थमा विशेष अधिकारबाट वञ्चित गरिएको छ । दलितहरुले आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक क्षेत्रमा ऐतिहासिक क्षतिपूर्ति वापत आवधिकरुपमा थप विशेष अधिकार पाउने व्यवस्था संविधानमा हुनु पर्दछ । तर अवधारणा पत्रमा राजनीतिक संरचनाहरुमा मात्र विशेष अधिकारको व्यवस्था गरियो । त्यही व्यवस्था पनि ७ प्रतिशत दलितहरुले माग गर्दै आए अनुरुप छैन । संघमा तीन प्रतिशत र प्रदेशमा पाँच प्रतिशतको व्यवस्था गरिएको छ, जुन वैज्ञानिक र व्यवहारिक छैन । निजामति सेवा, प्रहरी, सेना लगायतका क्षेत्रमा रोजगारी झनै समानुपातिक प्रतिनिधित्वका आधारमा नभई "सकारात्मक विभेदको सिद्धान्तको मान्यतामा आधारित रही कानूनद्वारा विशेष व्यवस्था" गरिने भनी अमूर्त व्यवस्था गरियो । "सरकारी, अर्धसरकारी, उद्योग र औद्योगिक प्रतिष्ठानहरुमा समानुपातिक ढंगले रोजगारीको प्रत्याभूति गरिने" व्यवस्था गरियो । रोजगारीको क्षेत्रमा विशेष अधिकारको व्यवस्था नभएको हुँदा असहमति छ ।

**व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदामा फरक मत :**

६. प्रस्तावनामा "एकात्मक तथा केन्द्रिकृत स्वरुपलाई अन्त्य गर्दै नेपाललाई पूर्ण लोकतान्त्रिक, समावेशी सहितको समानुपातिक संघीय गणतन्त्रात्मक शासन प्रणाली स्थापना गर्न अग्रगामी पुनर्संरचना गर्नुपर्ने भएकाले" भनि उल्लेख छ । उक्त वाक्यांशमा प्रथम "एकात्मक स्वरुपलाई अन्त्य गर्ने" कुरा, द्वितीय "संघीय" शब्दलाई "गणतन्त्रात्मक" शब्द अगाडि राखेकोमा असहमति छ । हाम्रो देशमा लामो समय देखि सामन्ती केन्द्रिकृत निरंकुश शासन प्रणाली कायम रहँदै आएको हुँदा वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय, उत्पीडन भएको हो । राज्यको एकात्मक ढाँचाका कारणले होइन । विश्वमा पुँजीवादी प्रजातान्त्रिक व्यवस्था भएका देशहरु पनि एकात्मक छन् । त्यसै गरी मस्यौदामा संघीयताका आधारमा राज्यको पुनर्संरचना गर्ने कुरा देशको राष्ट्रियता, सार्वभौमिकता, अखण्डता र जातीय एकता तथा सद्भाव विपरीत हुने हुँदा संघीयताको आधारमा राज्यको पुनर्संरचना गर्नु हुँदैन भन्ने कुरा हामीले अन्तरिम संविधानमा संशोधन गर्दा तथा संविधानसभाको पहिलो बैठकमा समेत उठाउँदै आएका छौं । त्यसकारण माथि उल्लेखित वाक्यांशमा अन्य कुरामा सहमत हुँदै "एकात्मक स्वरुपको अन्त्य गर्ने" र "संघीयता" सम्बन्धी विषयप्रति असहमति छ । त्यसैगरी प्रारम्भिक मस्यौदामा सुरु देखि अन्तसम्म संघीयतासित सम्बन्धित प्रावधानहरुमा सम्मिलित रुपमा नै मेरो असहमति छ ।

७. प्रास्तावनामा "संविधान प्रदत्त आत्मनिर्णयको अधिकार" वाक्यांशमा असहमति छ । त्यो वाक्यांश हटाउनु पर्दछ । आत्मनिर्णयको अधिकारको विषयमा फरक फरक धारणाहरु रहेका छन् । त्यो सर्वसम्मत धारणा बन्न नसकेको अवस्थामा प्रस्तावनामा राख्नु उचित हुँदैन ।

८. प्रस्तावनामा उल्लेख गरिएको "केन्द्रमा निहित शासन शक्तिलाई संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनासम्म बाँडफाँड गरी" भन्ने वाक्यांशले सार्वभौमसत्ता विभाजनलाई बताउँछ । हाम्रो मत यो छ कि प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासनका आधारमा स्थानीय तहलाई स्वायत्तता दिएर अधिकार सम्पन्न बनाउनु पर्दछ । तर सार्वभौमसत्ता केन्द्र र प्रदेशमा विभाजन गरिनु हुँदैन । त्यसकारण यो वाक्यांश प्रति असहमति छ । अहिले

समितिको बहुमतले जातिय पहिचानलाई आधार बनाई १४ वटा राज्यको संरचनालाई पारित गरेको छ । त्यो निर्णय प्रति मेरो असहमति छ ।

राज्यको पुनर्संरचना बारे धारा ४, ५, ६, ८, ९, १० मा उल्लेखित व्यवस्थाको स्वरुप संघीय भएकाले रा.ज.मो.ले त्यसलाई अस्वीकार गर्दै एकात्मक प्रणाली अन्तर्गत राज्यको पुनर्संरचना गर्नुपर्ने कुरामा जोड दिन्छ । त्यसअनुसार राज्यको पुनर्संरचना सम्बन्धमा प्रशासकीय दृष्टिले प्रदेशको विभाजन, संख्या, सिमाना र नामाकरण तथा तहगत संरचना बारे हाम्रो दलको अवधारणा निम्न अनुसार प्रस्तुत गरेको छु :

देशलाई प्रशासकीय दृष्टिले ४ तहमा बाँडिने छ : १. केन्द्र, २. प्रदेश, ३. जिल्ला र ४. गाउँ वा नगरपालिका

**(क) प्रदेशहरुको विभाजन :**

१. प्रदेशहरूलाई बेग्ला-बेग्लै भौगोलिक क्षेत्र, जाति, भाषा वा संस्कृतिलाई मिलाएर गठन गरिनु पर्दछ । नेपालजस्तो बहुजातीय र बहुभाषिक देशमा त्यसरी (बेग्ला-बेग्लै क्षेत्र, जाति वा भाषाहरूलाई मिलाएर) प्रदेशहरूको निर्माण गर्दा नै जाति र क्षेत्रीय एकतालाई मजबुत पार्न वा राष्ट्रियताको सम्बर्धनमा मद्दत पुग्नेछ ।

२. विद्यमान अञ्चलहरुलाई मिलाएर देशलाई ७ वटा प्रदेश बनाउनु पर्दछ :

(१) कोशी प्रदेश - मेची र कोशी अञ्चललाई मिलाएर ।

(२) सगरमाथा प्रदेश - जनकपुर र सगरमाथा अञ्चललाई मिलाएर ।

(३) बाग्मती प्रदेश - बागमती र नारायणी अञ्चललाई मिलाएर ।

(४) गण्डकी प्रदेश - गण्डकी र धवलागिरी अञ्चललाई मिलाए ।

(५) लुम्बिनी प्रदेश - राप्ती र लुम्बिनी अञ्चललाई मिलाएर ।

(६) कर्णाली प्रदेश - कर्णाली अञ्चल मात्र ।

(७) महाकाली प्रदेश - भेरी, सेती र महाकाली अञ्चलहरूलाई मिलाए ।

३. जिल्लाहरूको आवश्यकतानुसार पुनर्गठन गरिने छ । त्यसरी जिल्लाहरूको पुनर्गठन गर्दा दुईवटा कुराहरूमाथि विशेष रूपले ध्यान दिइने छ । प्रथम, सामान्यत: बेग्ला बेग्लै भौगोलिक क्षेत्र, भाषा, जाति, संस्कृति आदिमा एकरूपता कायम गर्ने । द्वितीय, नेपालको भौगोलिक र यातायातको अवस्था, सदरमुकाममा आवागमनको सुविधामाथि ध्यान दिँदै ठूलो आकारका जिल्लाहरूमा पुनर्गठन गरेर मझौला आकारका जिल्लाहरूको निर्माण गर्ने । अहिलेको जिल्लाहरूको बनौटमाथि विचार गर्दा तिनीहरूमा भौगोलिक बनावट, जाति वा भाषाहरूमा आमरूपमा एकरूपता भएको पाइन्छ । तर त्यसमा केही परिवर्तनको आवश्यकता छ । त्यस प्रकारको परिवर्तन वा पुनर्गठनका लागि सबै जिल्लाहरूको विस्तृत र वैज्ञानिक अध्ययन गरेर तिनीहरूमा पुनर्गठनका लागि प्रयत्न गर्नुपर्नेछ । ती कामहरू सम्पन्न गर्न गहन गृहकार्य गर्नुपर्ने, देशव्यापी रूपमा सुझावहरूको सङ्कलन गर्नुपर्ने तथा छलफल चलाउनुपर्ने आवश्यकता हुनेछ । ती सबै काम गर्दै संसदद्वारा जिल्लाहरूको पुनर्गठनको काम गरिने छ । आवश्यकतानुसार गाउँहरूको पुनर्गठनको काम पनि संसदले गर्नेछ ।

४. सरकारका अङ्गहरू तल लेखिएअनुसार हुनेछन् :

(१) व्यवस्थापिका (२) कार्यपालिका (३) न्यायपालिका

**(१) व्यवस्थापिका** : प्रतिनिधिसभा र राष्ट्रियसभा गरी दुई सदनात्मक व्यवस्थापिका हुनेछ । प्रतिनिधिसभाका लागि मिश्रित निर्वाचन प्रणालीका आधारमा कूल २४० प्रतिनिधिहरू चुनिने छन् । तिनीहरूमध्ये १२० प्रतिनिधिहरू निर्वाचन क्षेत्रहरूबाट र बाँकी १२० प्रतिनिधिहरू राजनैतिक दलहरूद्वारा समानुपातिक निर्वाचन पद्धतिबाट चुनिने व्यवस्था हुनेछ । समानुपातिक प्रणालीबाट प्रतिनिधिहरूको चुनाव गर्दा विदेशमा रहेका प्रवासी नेपालीहरूका लागि पनि बेग्ला-बेग्लै देशहरूमा क्षेत्रहरूको विभाजन गरी समानुपातिक रूपमा प्रतिनिधिहरूको चुनाव गर्ने व्यवस्था गरिने छ । तिनीहरूको सङ्ख्या ऐनमा तोकिए अनुसार हुनेछ । राष्ट्रियसभाका लागि १२० सदस्यहरू रहने व्यवस्था गरिने छ । त्यसका लागि प्रतिनिधिसभाका सदस्यहरूबाट एकल सङ्क्रमणीय निर्वाचन पद्धतिबाट र प्रादेशिक समितिहरूबाट २/२ जना प्रतिनिधि चुनिने र सरकारबाट केही प्रतिनिधिहरू मनोनित गरिने व्यवस्था हुनेछ । राष्ट्रिय सभाका प्रतिनिधिहरूको चुनाव वा सरकारद्वारा मनोनित गर्दा विभिन्न पिछडिएका जात-जाति, महिला, भाषा-भाषी समुदाय, धार्मिक एवं अल्पसङ्ख्यक समुदाय, मेहनतकश वर्ग, प्रबुद्ध वर्ग, व्यापारी, उद्योगपति, अपाङ्ग, पूर्व सांसद तथा प्रवासी नेपालीहरू आदिबाट प्रतिनिधित्व हुनुपर्नेछ । सदस्यहरूको पदावधी ६ वर्ष हुने र प्रत्येक २ वर्षमा एक तिहाई सदस्यहरूको पदावधि समाप्त भएपछि नयाँ सदस्यको लागि निर्वाचन हुनुपर्ने व्यवस्था हुनेछ ।

स्पष्टिकरण : देशका पिछडिएका जात-जातिहरूको एउटा सूची बनाइने छ । त्यस प्रकारको सूची मानव विकासको सूचकांङ्को प्रतिशतको आधारमा बनाइने छ ।

**(२) कार्यपालिका** : राष्ट्रको प्रमुख राष्ट्रपति हुनेछन् । राष्ट्रपतिको अवधि ५ वर्षको हुनेछ । कानूनद्वारा निर्धारित विधिअनुसार राष्ट्रपतिका विरूद्ध महाअभियोग लगाउन सकिने छ । प्रधानमन्त्री सरकार प्रमुख हुने र कार्यकारी अधिकार प्रधानमन्त्रीमा रहने छ । संसदमा बहुमत प्राप्त गर्ने नेताको प्रधानमन्त्रीमा चयन हुनेछ ।

प्रधानमन्त्रीद्वारा मन्त्रीपरिषद्को गठन हुनेछ र आवश्यकतानुसार उपप्रधानमन्त्री र राज्यमन्त्रीहरूको व्यवस्था हुनेछ । मन्त्रीहरू प्रधानमन्त्री र संसदप्रति उत्तरदायी हुने एवं मन्त्री हुनको लागि संसदमा निर्वाचित भएको हुनुपर्ने व्यवस्था हुनेछ । तर संसद बाहिरबाट नियुक्त गर्नु पर्दा बढीमा २ जनासम्म ६ महिना भित्रमा कुनै निर्वाचित क्षेत्रबाट निर्वाचित भएर आउनुपर्ने व्यवस्था हुनेछ । राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायधीश, उपराष्ट्रपति र उपप्रधानमन्त्रीका पदहरूको चुनावमा वंशजको नाताले नागरिक ठहर्ने नागरिकहरूलाई मात्र उम्मेदवार बन्ने अधिकार हुनेछ ।

(३) **न्यायपालिका** : देशमा संवैधानिक सर्वोच्चता, विधिको शासन र मौलिक हकको संरक्षण गर्न संवैधानिक अङ्गको रूपमा स्वतन्त्र, सक्षम, निष्पक्ष र जनउत्तरदायी न्यायप्रणाली कायम गरिने छ । न्यायधीशहरूको नियुक्ती समेतको विषयमा संविधानमा छुट्टै स्वतन्त्र निकायको व्यवस्था गरिने छ । संसदले कानूनबमोजिम महाभियोग लगाउने र संसदीय सुनवाई गर्ने व्यवस्था गरिने छ । संवैधानिकताको सम्परीक्षणको क्षेत्राधिकार सर्वोच्च अदालतलाई हुनेछ । सर्वोच्च अदालत, प्रदेशमा आवश्यकताअनुसारको सङ्ख्यामा उच्च अदालतहरू र सबै जिल्लामा स्थानीय अदालतहरू हुनेछन्, जसको मातहतमा आवश्यकतानुसार विभिन्न विषयगत अदालतहरू रहने व्यवस्था हुनेछ ।

**(ख) स्थानीय स्वायत्तशासन सम्बन्धी व्यवस्था :**

१. स्थानीय स्वायत्तशासनलाई जनताको मौलिक अधिकारका रूपमा स्थापित गरिने छ । स्थानीय निकायहरूलाई संवैधानिक अङ्गको रूपमा मान्यता दिइने छ । संविधान र संसदले बनाएको कानूनभित्र रहेर स्वतन्त्र रूपले काम गर्ने अधिकार सुरक्षित रहने छ । सरकार र कुनै पनि तहको स्थानीय इकाइहरूका बीचका कुनै विवाद उठेमा प्रदेश र जिल्ला स्तरीय स्थानीय इकाइहरूबारे सर्वोच्चले र गाउँ स्तरीय इकाइहरूबारे उच्च अदालतले मुद्दाहरू टुङ्गाउने व्यवस्था गरिने छ ।

२. स्थानीय स्वायत्तशासनका तीन तह हुनेछन् : १. प्रदेश । २. जिल्ला । ३. गाउँ वा नगरपालिका । सबै तहका स्थानीय निकायहरूमा प्रशासनिक प्रतिनिधिहरू रहने व्यवस्था गरिने छ । उनीहरूको काम मुख्यरूपमा प्रशासन र स्थानीय निकायहरूका बीचमा सम्बन्ध र तालमेल कायम गर्ने हुनेछ । उनीहरूलाई स्थानीय निकायहरूको काममा सल्लाह र सहयोग गर्ने मात्र अधिकार हुनेछ र कुनै विषयमा निर्णायक भूमिका खेल्ने वा स्थानीय निकायहरूको काममा हस्तक्षेप गर्ने अधिकार हुनेछैन । गाउँस्तरमा स्वायत्त शासनको पक्ष प्रधान हुनेछ र प्रशासनको पक्ष गौण हुनेछ । प्रदेश तहमा प्रशासनको पक्ष प्रधान हुनेछ र स्वायत्तशासनको पक्ष गौण हुनेछ । जिल्ला तहमा दुवै पक्षको भूमिका सामान्यतः समान रहने छ । संविधानमा गाउँका सन्दर्भमा उल्लेख गरिएका सबै नियमहरू नगरपालिकाका सन्दर्भमा पनि लागू हुनेछन् ।

३. स्थानीय स्वायत्त शासनको सबैभन्दा तल्लो एकाई गाउँ हुनेछ । गाउँमा स्वायत्त शासनको तीनवटा अङ्गहरू हुनेछन् : प्रथम, वडा समिति । द्वितीय, गाउँ समिति । तृतीय, गाउँ प्रतिनिधि सभा । गाउँलाई आवश्यकतानुसार कैयौं चुनाव क्षेत्रहरूमा बाँडेर गाउँ प्रतिनिधिसभाका चुनाव क्षेत्रहरूमा प्रतिनिधिहरूको प्रत्यक्ष मतद्वारा चुनाव गरिने छ । त्यसरी चुनिएका प्रतिनिधिहरूबाट गाउँ समितिको गठन हुनेछ । वडाबाट चुनिएका प्रतिनिधिहरूलाई मिलाएर वडा समिति बन्नेछ । गाउँसभाका लागि महिला र सूचीकृत जात तथा जातिका लागि आरक्षित सीटहरू हुनेछन् । गाउँमा सूचीकृत जात-जातिको जनसङ्ख्याको अनुपातमा उनीहरूका प्रतिनिधिहरूको सङ्ख्या निश्चित गरिने छ र तिनीहरूको चुनाव गरिने छ । गाउँ समितिका अध्यक्ष र उपाध्यक्षको चुनाव पूरै गाउँको प्रत्यक्ष मतदानबाट हुनेछ । गाउँका सबै स्तरको चुनावको प्रक्रिया, आरक्षित सीट, अध्यक्ष वा उपाध्यक्षको चुनाव प्रक्रिया संसदले बनाउने कानुनअनुसार हुनेछ ।

४. जिल्लास्तरमा जिल्ला प्रतिनिधिसभा र जिल्ला समितिहरू हुनेछन् । जिल्लासभाका लागि सबै गाउँहरूबाट १/१ जना प्रतिनिधिहरूको चुनाव हुनेछ । त्यो बाहेक जिल्लामा महिला वा सूचीकृत जात-जातिका लागि आरक्षित सीटहरू छुट्याइने छन् । गाउँहरूबाट जिल्लासभाका लागि प्रतिनिधिहरूको चुनाव गाउँका अध्यक्ष वा उपाध्यक्षहरूको पनि चुनावको सँगै हुनेछ । आरक्षित सिटकालागि जिल्लाभरका सम्बन्धित समुदाय वा जातिहरूका मतदाताहरूबाट  बेग्लै गराइने छ । जिल्लासभाले अध्यक्ष, उपाध्यक्ष सहित जिल्ला समितिको चुनाव गर्नेछ । उक्त चुनावको सम्पूर्ण प्रक्रिया संसदले कानून बनाएअनुसार हुनेछ ।

५. जिल्ला प्रतिनिधिसभाहरूबाट १/१ जना प्रतिनिधिहरू निर्वाचित भएर प्रादेशिक समितिको गठन हुनेछ । प्रादेशिक समितिको प्रतिनिधिका लागि जिल्लासभा भित्रका वा बाहिरका व्यक्तिहरू पनि उम्मेदवार बन्न सक्नेछन् । तर जिल्लासभाको प्रतिनिधि प्रादेशिक समितिमा चुनिएमा त्यो स्थान रिक्त हुनेछ र त्यसमा पुनः निर्वाचन गर्नुपर्नेछ । प्रादेशिक स्तरमा प्रादेशिक समितिहरूमात्र हुनेछन् र गाउँ वा जिल्लामा जस्तो प्रतिनिधिसभाहरू हुने छैनन् ।

६. स्थानीय स्वायत्तशासनको नीति र कार्यक्रमको सन्दर्भमा आवश्यकतानुसार जातीय स्वशासनको प्रणालीलाई अपनाइने छ । प्रदेशको गठन विभिन्न भौगोलिक, क्षेत्रीय, जाति, भाषा वा संस्कृतिलाई मिलाएर बन्ने भएकाले

प्रादेशिक स्तरमा जातीय स्वशासन आवश्यक हुने छैन । तर जुन जिल्ला वा गाउँमा कुनै एउटै जात-जाति अत्यधिक बहुसङ्ख्यामा बस्दछन् त्यहाँ जातीय-स्वशासन कायम गरिने छ । त्यस सिलसिलामा यी कुराहरूमा ध्यान दिनुपर्नेछ : प्रथम, कुनै जातिको घनावस्ती भन्नाले सूचीकृत जात-जातिहरूको घना बस्तीलाई लिइने छ । द्वितीय, कुनै स्थानमा कुनै जात वा जाति विशेषको स्वशासन कायम भएमा त्यहाँ भएका अन्य जातिहरूको उनीहरूको जनसङ्ख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व गराइने छ । तृतीय, जातीय स्वशासन भएका स्थानहरूमा त्यहाँका समितिको प्रमुख त्यही जातिको व्यक्ति हुनेछ ।

**(ग) गाउँ समितिहरूको कार्य क्षेत्र र अधिकार**

(१) क्षेत्रभित्र निम्न कार्यहरू हुनेछन् :

(क) स्थानीय प्रशासन
(ख) स्थानीय विकास
(ग) स्थानीय शिक्षा
(घ) बाटो, खानेपानी, कुलो
(ङ) स्थानीय निर्माण कार्य
(च) जङ्गल र वातावरणको रक्षा
(छ) सांस्कृतिक कार्यहरू
(ज) भत्ता, पेन्सनको वितरण
(झ) जन्म, मृत्यु दर्ता
(ञ) स्थानीय प्रकृतिका मुद्दा-मामिलामा न्यायिक अधिकार
(ट) अन्य गाउँ समितिहरूसितको सम्बन्ध
(ठ) स्थानीय करको सङ्कलन

(२) स्थानीय कर तथा विभिन्न स्तरका सरकारबाट प्राप्त हुने अनुपातका आधारमा आफ्नो बजेट बनाएर खर्च गर्ने अधिकार गाउँ समितिहरूलाई हुनेछ । तर त्यो बजेट गाउँ प्रतिनिधि सभामा पारित हुनुपर्नेछ ।

**(घ) जिल्ला समितिको कार्य र अधिकार :**

(१) जिल्ला समितिको जिम्मा तल लेखिएअनुसार हुनेछन् :

(क) शिक्षा
(ख) स्वास्थ्य
(ग) वातावरण
(घ) भूमि व्यवस्था
(ङ) यातायात
(च) ट्याक्स
(छ) सिंचाई
(ज) खानेपानी
(झ) विद्युत
(ञ) अन्य विकास कार्य
(ट) बाल, वृद्ध संरक्षण

(२) गाउँ समितिको कामको निरीक्षण गर्ने वा उनीहरूलाई सल्लाह दिने अधिकार जिल्ला समितिलाई हुनेछ ।

(३) जिल्लामा शान्ति, सुरक्षा तथा केन्द्रीय नीति वा योजनाहरूको कार्यान्वयनको जिम्मा केन्द्रीय सरकारद्वारा नियुक्त प्रशासन पक्षको हुनेछ ।

(४) राष्ट्रपतिको चुनावमा जिल्लासभाका सदस्यहरूलाई मतदान गर्ने अधिकार हुनेछ ।

**(ङ) जनजाति तथा दलित काउन्सिलको व्यवस्था :**

कुनै जिल्ला वा गाउँमा कुनै पिछडिएको जात-जातिको स्वशासन कायम गर्नुको साथै देशभरमा छरिएर बसेका जनजाति र दलित जातिहरूको प्रतिनिधित्व वा अधिकारहरूको संरक्षणका लागि राष्ट्रियस्तरमा जनजाति र दलितहरूका दुई बेग्ला-बेग्लै राष्ट्रिय कौंसिलहरूको गठन गरिने छ । तिनीहरूमा सम्बन्धित जात वा जातिको जनसङ्ख्याका अनुपातमा प्रतिनिधिहरू रहने छन् । ती प्रतिनिधिहरू सम्बन्धित क्षेत्रहरूका सम्बन्धित जात-जातिका व्यक्तिहरूको मतदानद्वारा निर्वाचित हुनेछन् । तिनीहरूको चुनाव संसदले बनाएको कानुनअनुसार सम्पन्न हुनेछ । ती दुवै राष्ट्रिय कौंसिलहरूले आवश्यकतानुसार प्रादेशिक वा जिल्लास्तरमा सम्बन्धित जनजाति वा दलित जातिहरूका कौंसिलहरूको गठन गर्न सक्नेछन् । ती बेग्ला-बेग्लै स्तरका जातीय कौंसिलहरूले सम्बन्धित स्तरको सरकार, स्थानीय प्रशासन वा तिनीहरूका बेग्ला-बेग्लै निकायहरूसित सम्पर्क राखेर सम्बन्धित क्षेत्रहरूका जनजाति वा दलित

जातिका हक र अधिकारको रक्षा, भाषा, संस्कृतिको संरक्षण तथा आर्थिक, सामाजिक हित तथा उत्थानका लागि काम गर्नेछन् । तिनीहरूले अर्ध-सरकारी संस्थाको रूपमा काम गर्नेछन् ।

(च) **प्रादेशिक समितिका कामहरू, कार्यक्षेत्र र अधिकार :**

१. प्रादेशिक समितिका कामहरू तल लेखिएअनुसार हुनेछन् :

(१) केन्द्रीय प्रशासन र जिल्ला समितिहरूका काममा सामन्जस्यता कायम गर्ने ।

(२) जिल्ला समितिको काममा सल्लाह र सहयोग ।

(३) जिल्ला समितिको कामको निरीक्षण र तालमेल ।

२. जिल्ला समितिहरूभित्र देखापर्ने विवादहरूमा मध्यस्थता गर्ने वा फैसला दिने अधिकार प्रादेशिक समितिलाई हुनेछ ।

९. धारा ७ को **विशेष संरचना सम्बन्धी व्यवस्था** शीर्षकको उपधारा (१) मा लेखिएको छ : "संविधानको धारा ४ बमोजिमको मूल संरचनाको अतिरिक्त कुनै प्रदेश भित्र एक जाति/समुदाय वा भाषिक समुदायको बाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।" "एक जाति/समुदाय वा भाषिक समुदायको वाहुल्य भएको वा सघन उपस्थिति रहेको" वाक्यांशले कुनै जाति वा समुदायको अत्यन्त कम प्रतिशतको वसोवास भएको क्षेत्रमा पनि स्वायत्त क्षेत्र निर्माण हुन सक्ने प्रष्ट देखिन्छ । त्यसकारण उक्त वाक्यांशको सट्टा "अत्यधिक बहुसंख्यामा भएको" लेखिनु पर्ने । कुन–कुन जातिहरु रहेको स्थानलाई स्वायत्त क्षेत्र घोषणा गर्ने भन्ने कुरा जटिल विषय भएको हुँदा विस्तृत अध्ययन गरी जातिहरुको सूची तयार गरी त्यसको अन्तिम निर्णय गर्ने जिम्मा व्यवस्थापिका संसदलाई दिनुपर्दछ ।

१०. धारा ११ मा उल्लेखित आत्मनिर्णयको अधिकार बारे हाम्रो तललेखिए अनुसार फरक मत छ :

नेपालमा आदिवासी, आदिवासी जनजाति तथा मधेशीलाई आत्मनिर्णयको अधिकार दिने विषयमा विस्तृत अध्ययन गरेर तिनीहरुको (आदिवासी, आदिवासी जनजाति तथा मधेशीको) परिभाषा गर्नुपर्ने र तिनीहरुलाई सूचिवद्ध गर्नुपर्ने आवश्यकता छ । त्यो दिशामा अझै कुनै काम भएको छैन । त्यो कामको निर्णय गर्ने जिम्मा व्यवस्थापिका संसदलाई दिनुपर्दछ । त्यसैले अहिले संविधानमा त्यसबारे कुनै उल्लेख गरिनु हुन्न र धारा १७ लाई हटाउनु पर्दछ ।

११. परिच्छेद ९ को ९.२ **राजनीतिक अग्राधिकार** शीर्षक अन्तर्गत **विशेष संरचना सम्बन्धी व्यवस्था** अन्तर्गत निर्माण हुने स्वायत्त क्षेत्रका जाति/समुदायलाई राजनीतिक अग्राधिकारको व्यवस्था गरिएको छ । सो व्यवस्था अनुसार "यस्तो अवस्थामा सामान्य संरचना अन्तर्गत जाति/समुदायका आधारमा निर्माण हुने प्रदेशहरुको हकमा राजनीतिक दलहरुले निर्वाचनको समयमा र सरकार निर्माणको क्रममा सम्बन्धित प्रदेशमा बाहुल्य रहेको जाति/समुदायको सदस्यलाई मुख्य नेतृत्व तहमा प्राथमिकता दिनुपर्ने आवश्यकता रहन्छ" यो प्रावधानले कुनै जातिको बाहुल्यतालाई आधार बनाई राजनीतिक अग्राधिकारको व्यवस्था गरेको छ । यसबाट अन्य जातिहरुको तुलनामा अत्यन्त कम प्रतिशतमा रहेको कुनै जाति भएपनि बाहुल्यताका आधारमा प्रादेशिक स्तरमा मुख्य नेतृत्व दिनुपर्ने अवस्था आउँछ । यसबाट जातीय शासनको अवस्था उत्पन्न हुन्छ । त्यसबाट अन्य बहुसंख्यक जातिहरु मुख्य नेतृत्वमा जान बञ्चित हुन्छन् । यो लोकतान्त्रिक अधिकार विपरित कुरा हो । यो व्यवस्थाले जाति–जाति बीच द्वन्द्व उत्पन्न हुने स्थिति आउँछ । त्यसकारण राजनीतिक अग्राधिकारको व्यवस्था स्थानीय स्तरमा जिल्ला वा गाउँ जहाँ कुनै अत्यधिक बहुसंख्या भएको जातिको वसोवास छ, त्यो जातिलाई दिनु उपयुक्त हुन्छ । तर प्रादेशिक स्तरमा तथा "बाहुल्यता"का आधारमा कुनै जातिलाई मुख्य नेतृत्व दिनु सही हुँदैन । त्यसकारण यो व्यवस्था प्रति मेरो असहमति छ ।

१२. एकात्मक शासन अन्तर्गत धारा १० आवश्यक नपर्ने भएकाले त्यसलाई हटाउनु पर्दछ ।

१३. अनुसूची–४ को **साझा अधिकारको सूची** अन्तर्गत **भूमी नीतिलाई** राखिएकोमा मेरो असहमति छ । भूमि नीतिलाई केन्द्रको अधिकार सूची अन्तर्गत राखिनु पर्दछ ।

..............

**(सन्तबहादुर नेपाली)**

*सभासद्*

२०६६ माघ ७

**माननीय सभापतिज्यू,**
राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति,
संविधानसभा, नेपाल ।

विषय :- **अवधारणा र मसौदामा फरकमत सम्बन्धी प्रस्ताव**

संविधानसभाको युगान्तकारी प्रथम बैठकले नेपाललाई लोकतान्त्रिक गणतन्त्रका रुपमा अर्थात् लोकतान्त्रिक मूल्य सहितको गणतन्त्रात्मक राज्यसंरचनामा बदल्ने अठोटका साथ आफ्नो कार्य प्रारम्भ गरेको हो । यो कार्य सजिलो थिएन, सबै दृष्टिले चुनौतीपूर्ण थियो र यतिखेर झन् चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

यसै बीच विगत १३ महिना भन्दा लामो समयदेखि संविधानसभा भित्र गठित राज्यको पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले अपेक्षाकृत समझदारी, सहकार्य र संयमका साथ आफ्नो काम गर्दै आएको हो । लामो समयदेखि केन्द्रीकृत रहेको राज्यलाई संघात्मक संरचनामा बदल्ने काम अत्यन्त कठिन छ । साथै संघीय संरचनालाई लिएर मुलुक भित्र गम्भीर प्रकृतिको उत्सुकता र आशङ्का समेत छ । त्यसमाथि नेपाल परिवर्तनको तीव्र आकाङ्क्षा र संक्रमणको जुन जटिल चरणबाट गुज्रदै छ, त्यसलाई सहज दिशा र व्यवस्था दिनेकाम कोरा भावुकता र अतिरिक्त उत्साहले मात्र पूरा हुने होइन । यसका निम्ति पर्याप्त संयम, सहिष्णुता र प्राविधिक गृहकार्यको पनि उत्तिकै आवश्यकता हुन्छ ।

नेपाली समाज भाषिक-सांस्कृतिक तथा जाति-समुदायका दृष्टिले व्यापक विविधतापूर्ण रहेपनि यसको बसोबास अत्यन्त मिश्रित ढंगले रहेको छ । यस प्रकारको संरचनाले गर्दा हाम्रो समाजलाई आर्थिक र सामाजिक दुवै दृष्टिले पारस्परिक अन्तनिर्भरताका बीच उभ्याएको छ । यस यथार्थलाई गहिराइमा नबुझिकन राज्यको पुनःसंरचना हुनै सक्तैन । यही तथ्यलाई ध्यानमा राखी समिति भित्र हामीले गत एकवर्षदेखि काम गर्ने प्रयत्न गर्दै आएका हौं । पछिल्लो पटक गत डेढ महिनादेखि प्राविधिक टोलीका साथ गरिएको सघन गृहकार्यले संघीयताको व्यवस्थापनका निम्ति उपस्थित हुन सक्ने कठिनाइलाई विविध कोणबाट हामीले संक्षेपमा नै भए पनि तथ्याङ्कहरुसंग बसेर बुझ्ने मौका पायौं । यसबाट पुनःसंरचनाका निम्ति हाम्रो सीमा र संभावना दुवैलाई हामीले अझ स्पष्टसंग नजिकैबाट देख्यौं, अनुभव गर्‍यौं ।

समितिको अनुरोध र आग्रहमा तथा आफ्नै अग्रसरतामा समेत राजनीतिक पार्टी र समितिका सदस्य सभासद् र आमन्त्रित विज्ञहरु करीब २२ प्रकारका नमूना नक्सा र अवधारणाहरु समितिलाई उपलब्ध गराउनु भएको थियो । ती नक्साहरुलाई हेर्दा १२ नक्सा ३ देखि ८ प्रदेशसम्मका र १० नक्सा ११ देखि १७ प्रदेशसम्मका थिए । यी नमूना नक्साका साथै प्राविधिक टिमको सहयोगमा उपसमितिले विविध सूचना तथा तथ्याङ्क एवं समितिले तयार पारेको प्रदेश निर्माणका निम्ति पहिचान र सामर्थ्यका आधारहरुलाई प्रयोग गर्दै १४ र ६ प्रदेशका २ वैकल्पिक नक्साहरु तयार गरेको हो । साथै सीमित समयभित्र काम गर्नु परेकाले थुप्रै प्राविधिक पक्ष र स्थलगत परिस्थितिको अध्ययन हुन नसकेको अवस्था बारे पनि उपसमितिले समिति समक्ष प्रस्तुत प्रतिवेदनमा उल्लेख गरेको छ ।

यस्ता वस्तुगत यथार्थसंग अवगत रहेर हामीले दुबै नक्सालाई समितिको प्रस्तावका रुपमा संविधानसभा समक्ष पुर्‍याऊँ भन्ने हाम्रो भनाइ र अनुरोधलाई समितिभित्र बहुसंख्यक अवस्थामा रहेको (नेकपा (माओवादी)ले अस्वीकार गरेको र नेकपा (एमाले) पूर्णतः अन्यौल र द्विविधाग्रस्त बनेर स्पष्ट दृष्टिकोणका साथ उभिन नसकेको परिस्थितिले गर्दा समग्र मुलुक र जनताको समष्टि हितका पक्षमा हामीले अघि सारेको प्रस्ताव समितिको निर्णयका रुपमा पारित हुन सकेन ।

तसर्थ हामी माघ ६ गते सम्पन्न समितिको बैठकमा बिना तयारी अत्यन्त हचुवा, हतार र आग्रहपूर्ण तरिकाबाट गरिएका निर्णयका प्रति असहमत रहँदै निम्नानुसार आफ्ना धारणाहरु राख्दछौं :

१. संविधानसभाको पूर्णबैठकमा पहिचान र सामर्थ्यका आधारमा तयार पारिएका **१४ र ६ प्रदेशका नक्सा दुबै प्रस्तुत गरी छलफल गरिनुपर्दछ** । यसलाई सबै आधारबाट परिपक्व र थानिन सकिने किसिमले विज्ञ र प्राविधिज्ञहरुबाट थप अध्ययन गरिनुपर्छ ।
२. अवधारणामा स्वीकृत मान्यता विपरीत हचुवाका भरमा र केवल प्रचारात्मक प्रयोजनका लागि बनाइएको स्वायत्त **क्षेत्रको जातीय अनुसूची** नितान्त अव्यावहारिक र जातीय द्वन्द्व एवं पारस्परिक अविश्वास जन्माउने कार्य भएकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार प्रदेशले बनाउने विज्ञहरुको आयोगले सिफारिस गरे बमोजिम गर्ने व्यवस्था कायम गर्नुपर्दछ ।
३. जाति समुदाय र लिङ्गका आधारमा समावेशी सहितको समानुपातिक राजनीतिक प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरिसके पछि **जातीय राजनीतिक अग्राधिकारको विषय** लोकतान्त्रिक मूल्य र मान्यताको सिद्धान्त विपरित हुने गरी परस्पर विसंगत ढंगले समावेश गरिएको जातीय राजनीतिक अग्राधिकारको प्रावधान आवश्यक छैन ।
४. सयुक्तराष्ट्रसंघको निर्णय र अन्तर्राष्ट्रिय श्रम संगठन (**ILO**) महासन्धिको धारा १६९को प्रावधान भित्रै सन्दर्भमा आएको प्रसङ्गलाई आधार बनाई अस्पष्ट र अपरिभाषित ढंगले केही जाति समुदाय विशेषका निम्ति मात्रै राखिएको **आत्मनिर्णयको अधिकार** एकाङ्गी र त्रुटिपूर्ण देखिएकाले यसलाई सच्याउनुपर्छ वा हटाउनुपर्छ । लोकतन्त्रमा प्रत्येक नागरिकलाई आत्मनिर्णयको अधिकार रहन्छ भन्ने हाम्रो मान्यता छ ।

सभापति महोदय,

राज्यको पुन संरचना तथा राज्यको बाँडफाँड समितिले तयार पारेको विषयगत अवधारणा र त्यस विषय क्षेत्रसंग सम्बन्ध भई बनाएको संविधानको प्रारम्भिक मसौदाको अन्तिम रुपलाई हेर्दा र देहाय बमोजम स्थानमा सैद्धान्तिक, नीतिगत र मसौदागत रुपले नै असहमति रहेकाले सो परिमार्जन र संसोधगरी संविधान सभाको पूर्ण बैठकमा प्रस्तुत गरियोस् भनी आफ्नो मत राख्दछौं ।

| क.म. | धारा | उपधारा | |
|---|---|---|---|
| १. | ५. | (१) | 'नेपाललाई' भन्ने शब्द पछि १४ र ६ अंङ्क कायम गरी प्रदेश निर्माणका दुवै विकल्प प्रस्तुत गर्ने ।। |
| २. | ५. | (१) | को व्याख्यात्मक टिप्पणीमा र तराई-मधेशमा विभक्त भएको छ भन्ने वाक्यांश पछाडि देहायका वाक्यहरु राखी मिलाउने । |

"यस विविधतापूर्ण अवस्थितिलाई ध्यान राखी नेपालमा सबैभन्दा पछिल्लो पटक लिएको २०५८ सालको औपचारिक मतगणना आधाररित भई कुल संख्याको एक प्रतिशत भन्दा माथि रहेको जाति समुदाय र एक प्रतिशत भन्दा बढी जनताले बोल्ने भाषिक संख्याद्वारा निर्मित भौगोलिक क्षेत्रगत निरन्तरतामा रहेका झुण्डहरुलाई आधार बनाई मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन तयार भएको प्रारम्भिक मानव अवस्थिति वा क्षेत्र झुण्डहरु मध्ये ज्यादैकम संख्यामा मानव अवस्थितिको वा झुण्डहरुमा मात्र निश्चित जाति, समुदाय वा भाषिक वक्ताको बहुसंख्या देखियो यस प्रकारको मानव अवस्थितिको क्षेत्रगत रेखाङ्कन वा झुण्डहरुको बसोवासको अवस्थाले गर्दा प्राय: सबै ठाँउ जाति समुदाय वा भाषा-भाषिक हिसावले अत्यधिक मिश्रणमा रहेको पाइयो । तसर्थ एकल पहिचानको प्रदेश निर्माण गर्न एक दुई क्षेत्र अपवाद बाहेक प्राय: सबै क्षेत्रमा अनुमान जस्तै

देखियो । प्रदेश निर्माण सम्बन्धी प्रयोगमा ल्याइएका सिद्धान्त एंव पहिचान र सामर्थ्यका स्वीकृत आधार मध्ये जाति समुदाय र भाषा बाहेकमा पहिचानका अन्य आधारित र सामर्थ्यका आधारलाई समेत प्रयोग गर्न पर्ने अवस्था बन्यो । जस अनुसार निर्माण गरिने प्रदेशहरुको स्वायत्त र स्वशासनको अधिकार जिम्मेवारीलाई प्रयोग गर्न सक्ने गरी भौगोलिक तथा सांस्कृतिक निकटता र आर्थिक अन्तरसम्बन्ध र प्रशासनिक सुगमतालाई पनि दृष्टिगत गर्दै नेपालको एकात्मक स्वरुपलाई पुन संरचना गरी लोकतान्त्रिक गणतन्त्र नेपाललाई संघीय एकाइमा व्यवस्थित गर्न वैज्ञानिक र व्यावहारिक देखिएको हुदां संविधानसभामा ६ र १४ दुवै विकल्पका नक्सा प्रस्तुत गर्ने गरी यो व्यवस्था गरिएको छ ।"

| | | | |
|---|---|---|---|
| ३. | ५. | (२) | उपधारा एक (१)को परिर्वतन बमोजिम अनुसूचि १ मिलाउने । |
| ४. | ५. | (९) | उपधारा (२)को परिर्वतन बमोजिम मिलाउने । |
| ५. | ७. | (१) | उपधारा १ अन्तर्गत पछाडि 'स्थानीय तह'को सट्टा 'स्थानीय सरकार' राख्ने र सोही बमोजिम व्याख्यात्मक टिप्पणी मिलाउने । |
| ६. | ८. | (४) र (५) | उपधाराको विद्यमान उपधारा (४) र (५)को सट्टा देहायको बमोजिम उपधारा (४) राख्ने र सोहिबमोजिम गरी व्याख्यात्मक टिप्पणी मिलाउने ।<br>(४) उपधारा (१) (२) र (३) बमोजिम विशेष संरचना निर्माण गर्दा संघीय सरकारले तोकेको मापदण्डको आधारमा सम्वन्धित प्रदेश सरकारले विषयगत विज्ञहरुको आयोग गठन गर्ने छ । धारा ५ को उपधारा (४) बमोजिम गठित आयोगको सिफारिस बमोजिम प्रादेशिक सरकारद्वारा प्रस्तुत प्रस्तावले प्रादेशिक व्यवस्थापिकाको दुई तिहाई सदस्यहरुको समर्थन प्राप्त गरे पछि विशेष संरचनाको गठन गरिने छ । |
| ७. | ११ | (१) | 'आदिवासी-जनजाति' शब्द पछि स्थानीय तह र विशेष संरचनामा स्थायी रुपमा बसोवास गर्ने सबै नागरिकलाई भन्ने शब्दहरु थप्ने । |
| ८. | १३ | (१) र (२) | लोकतन्त्रको आधारभुत मान्यता र समानताको सिद्धान्तलाई हृदयङ्गम गर्दै राजनैतिक अग्राधिकार सम्बन्धी उप-धारा (१) र (२) आवश्यक नभएकाले हटाउने । ९.१.२, र ९.२ को अवधारणा समेत हटाउने । |

**फरकमत राख्ने नेपाली कांग्रेसका सभासदहरु**

१. डा. आरजु देउवाराणा

२.उमाकान्त चौधरी

३.गोपालमान श्रेष्ठ

४.मोहम्मद अफताव आलम

५.नरहरि आचार्य

६. नवीन्द्रराज जोशी

७. सूर्यमान गुरुङ

99
90/6

मा. सभापतिज्यू
राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति
संविधानसभा, सिंहदरबार, काठमाडौं

## फरक मत

६/१०/२०६६ का दिन "राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति" ले कतिपय विषयबारे पर्याप्त छलफल नगरीकन र एक स्वतन्त्र 'राज्य पुनर्संरचना सुझाव आयोग' नै गठन नभएको अवस्थामा विशेषज्ञहरूको स्वतन्त्र राय नलिईकन मतदानद्वारा पारित गरेको मस्यौदा प्रतिवेदन र तत्सम्बन्धी अवधारणापत्रमा मेरो र हाम्रो दलका भिन्न मतहरूलाई यहाँ प्रस्तुत गरेको छु । हाम्रा फरक मतहरूलाई पारित मस्यौदा प्रतिवेदनमा संलग्न गरिदिनु हुनको निम्ति आग्रह गर्दछु ।

१. सङ्घीय प्रदेशको सङ्ख्या निर्धारण, सीमाङ्कन र नामाङ्कन गर्ने सम्बन्धमा :

यो काम गर्नको निम्ति अन्तरिम संविधान-२०६३ मा व्यवस्था भएबमोजिम विभिन्न विषयका विशेषज्ञहरू रहेको एउटा स्वतन्त्र "राज्य पुनर्संरचना सुझाव आयोग" गठन गरिनुपर्छ । अन्तरिम संविधान-२०६३ मा व्यवस्था गरिएको त्यस्तो विशेषज्ञहरूको एउटा स्वतन्त्र सुझाव आयोगको सुझाव नलिइकन गरिएको प्रदेशहरूको सङ्ख्या निर्धारण, सीमाङ्कन र नामाङ्कनको स्वीकार्य वैज्ञानिक आधार नहुने भएकाले हाम्रो दललाई यी विषयसम्बन्धी "राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति" को प्रस्ताव स्वीकार्य छैन । त्यसमा हाम्रो असहमति र विरोध छ ।

नेकपा (माले) समावेशी भौगोलिक तथा समावेशी जातीय आधारमा प्रदेशहरूको गठन गर्ने र नेपालका सबै जातिहरूको पहिचानलाई भौगोलिक आधार प्रदान गर्नको निम्ति प्रदेशहरू भित्र प्रत्येक जातिको निम्ति राम्रो बहुमत (७५ प्रतिशत) मा बसोबास भएको भौगोलिक क्षेत्रमा कम्तीमा एक/एकभन्दा [redacted] जातीय स्वायत्त एकाइ गठन गर्ने मान्यता राख्तछ । कतिपय जातिको निम्ति बसोबासको आधारमा एउटाभन्दा बढी जातीय स्वायत्त एकाइ गठन गर्नुपर्ने पनि हुनसक्तछ । मधेशी जातिको निम्ति उनीहरूको मातृभाषाको आधारमा मैथिली, भोजपुरी र अवधीभाषी क्षेत्रहरूमा मधेशी जातीय स्वायत्त एकाइहरू गठन गर्न सकिन्छ । संविधानद्वारा प्रदत्त अधिकारहरू र त्यस सम्बन्धमा बनेका ऐनका आधारमा जातीय स्वायत्त एकाइको सञ्चालन गर्न निर्वाचित जनपरिषद्को व्यवस्था गर्नुपर्छ, जसका सदस्यहरू एकाइमा बसोबास गर्ने जातिहरूको जनसङ्ख्याको आधारमा समानुपातिक ढङ्गले समाविष्ट हुनेछन् र सामान्यतया सम्बन्धित जातिको निर्वाचित प्रतिनिधि त्यसको प्रमुख हुनेछ । प्रत्येक जातीय स्वायत्त एकाइको कम्तिमा एकजना निर्वाचित प्रतिनिधिले प्रादेशिक संसदमा प्रतिनिधित्व गर्नेछ, प्रत्येक जातिका स्वायत्त एकाइ(हरू) बाट निर्वाचन गरी कम्तिमा एकजना जातीय प्रतिनिधि संघीय संसदको माथिल्लो सभामा पठाइने छ र देशभरि नै जातीय आधारमा समेत समावेशी प्रणाली अपनाइने छ । यस्तो व्यवस्था अङ्गीकार गरेको अवस्थामा विगतमा भएको जातीय तथा क्षेत्रीय विभेद र असमानताको वाञ्छित उपचार हुनसक्नेछ । यी सबै काम गर्नको निम्ति विशेषज्ञहरूको स्वतन्त्र "राज्य पुनर्संरचना सुझाव आयोग" गठन गर्नु अपरिहार्य छ ।

२. नेपालमा चार मूलका ५० वटा जति जातीय समुदायहरू छन् । यहाँ आर्य मूलका खस (लगभग ५०%) र मधेशी (वैदिक आर्य लगभग १८%) गरी दुई प्रमुख जातीय समुदाय छन् । किरात मूलका, मङ्गोल मूलका र द्रविड मूलका अन्य जातीय समुदाय हुन् । यिनीहरू मध्ये कुन कुन जाति आदिवासी हुन् भनी वैज्ञानिक ढङ्गले निर्धारण गर्नु आवश्यक छ । यसको साथै सीमान्तकृत जातीय समुदायहरूलाई चिन्हित गर्ने आवश्यकता पनि छ । जातीय पहिचानलाई संस्थागत गर्नको निम्ति संविधानमा जाति, आदिवासी जाति र सीमान्तकृत जातिहरूलाई वैज्ञानिक ढङ्गले वर्गीकरण गरी अनुसूची बनाउनु आवश्यक छ । "राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति" को मस्यौदा प्रतिवेदनमा यस्तो सूची नराखिएकोमा नेकपा (माले) को सहमति छैन ।

नेपालका तीनवटा जातीय समुदायहरू मधेशी, खस र नेवारले वर्ण-व्यवस्था अपनाएका छन् । यसले गर्दा उपरोक्त तीनवटै जातिमा धेरै जातहरू सृजना भएका छन् । उपरोक्त तीनवटै जातिका विभिन्न

जातहरूमध्ये कथित शूद्र, अछुत वा दलितहरू अमानवीय विभेद, असमानता र शोषण-उत्पीडनका सिकार भएका (उनीहरूमाथि) छन्। सकारात्मक विभेदका नीति र राजनीतिक, आर्थिक, शैक्षिक र सांस्कृतिक रुपले तिनको जीवनस्तरलाई निश्चित समय-अवधिभित्रै उकास्नको निम्ति विशेष कार्यक्रम लागू गरिनु आवश्यक छ। यो प्रयोजनको निम्ति संविधानमा मधेशी, खस र नेवार जातीय समुदायमा रहेका कथित शूद्र/अछुत वा दलित जातहरूको सूची समावेश गरिनुपर्छ। यो समितिको मस्यौदा प्रतिवेदनमा यस्तो सूची समावेश नगरिएकोमा नेकपा (माले) को असहमति र विरोध रहेको छ। जातीय पहिचानलाई संस्थागत गर्ने

३. जातीय स्वायत्त एकाइहरूको गठन गरिने, स्थानीय स्वायत्त शासन लागू गरिने र संविधानद्वारा प्रदत्त अधिकारहरूको आधारमा प्रदेशहरू स्वशासित हुने अवस्थामा तिनीहरू मार्फत सबै जातिका जनसमुदायहरूका स्वशासन, स्थानीय विकास र भाषिक तथा सांस्कृतिक समानता एवं विकासका आकाङ्क्षाहरूको सम्बोधन हुने भएकाले देशको कुनै पनि जाति वा क्षेत्रलाई आत्मनिर्णयको अधिकार प्रदान गरिने कुरा नयाँ संविधानमा उल्लेख गर्नु अनावश्यक मात्र होइन, गलत एवं हानीकारक समेत हुनेछ। अत: त्यस्ता कारणका आधारमा नेकपा (माले) समितिको मस्यौदा प्रतिवेदनका विभिन्न ठाउँमा उल्लेखित आत्मनिर्णयको अधिकार प्रदान गर्ने विषयप्रति असहमति जनाउँछ।

४. वैज्ञानिक ढङ्गबाट जाति, आदिवासी जाति तथा सीमान्तकृत जातिहरूको वर्गीकरण गरिएको सूची नबनाई र विशेषज्ञहरूको एक स्वतन्त्र "राज्य पुनर्संरचना सुझाव आयोग" को गठन गरी त्यसको सुझाव नलिइकन कुन-कुन जातिको निम्ति जातीय स्वायत्त एकाइहरू गठन गर्ने भनी निर्धारण गर्नु अवैज्ञानिक हुने भएकाले समितिको मस्यौदा प्रतिवेदनमा रहेको यससम्बन्धी प्रस्तावमा नेकपा (माले) को असहमति रहेको छ।

५. जातीय समुदायको राम्रो बहुमत (७५ प्रतिशत) भएको स्थानमा गठन हुने स्वायत्त एकाइलाई सञ्चालन गर्ने निकाय जनपरिषदको नेतृत्व समान्यतया त्यस एकाइमा बसोवास गर्ने बहुमत जातिको निर्वाचित प्रतिनिधिले गर्ने बाहेक प्रदेशहरूमा विगतमा शोषण-उत्पीडनमा पारिएका भनी निश्चित जातिको नेतृत्वलाई राजनीतिक अग्राधिकार दिनुपर्छ भन्ने विचार अप्रजातान्त्रिक भएकाले यसप्रति नेकपा (माले) को असहमति छ।

६. जातीय स्वायत्त एकाइहरू प्रदेशहरू अन्तर्गत रहने भएकाले र त्यहाँ प्रादेशिक प्रहरीको सेवा लिने व्यवस्था मिलाउनु नै उपयुक्त हुने भएकाले तिनीहरूको निम्ति अलग्गै प्रहरी सेवाको गठन गर्नु अनावश्यक हुनेहुँदा समितिको प्रतिवेदनमा उल्लेखित प्रस्तावप्रति नेकपा (माले) को असहमति रहेको छ।

७. भूमिसम्बन्धी नीति निर्धारण गर्ने अधिकार सङ्घीय सरकारमा राखिनुपर्छ। समितिको मस्यौदा प्रतिवेदनमा यसलाई साझा सूचीमा राखिएकोप्रति नेकपा (माले) को असहमति रहेको छ।

८. "नीति निर्माण, शासन-प्रशासन लगायत सेना, प्रहरी तथा सरकारी प्रतिष्ठान र समितिहरू" लाई जातीय एवं क्षेत्रीय आधारमा समावेशी बनाउनै पर्दछ। यो वर्तमान समयको माग हो। उपर्युक्त कार्य एवं निकायहरूलाई जातीय एवं क्षेत्रीय आधारमा समावेशी बनाउँदा जातीय वा क्षेत्रीय जनसङ्ख्याको होइन, समानताको सिद्धान्तको आधार लिइनु पर्दछ। समितिको मस्यौदा प्रतिवेदनमा उल्लेखित जनसङ्ख्याको अनुपातमा समावेशी बनाउने प्रस्तावप्रति नेकपा (माले) को असहमति रहेको छ।

९. देशमा पाँच-सात वटाभन्दा बढी समावेशी प्रदेशहरू बनाउनु आर्थिक भारवहनका हिसाबले अनुपयुक्त हुने भएकोले मुलुकसुँहाउँदो सङ्घीय संरचनामा निम्न चार तह रहनु आवश्यक छ-

(क) सङ्घ (केन्द्र), (ख) प्रदेश, (ग) जिल्ला र (घ) ग्रामपालिका एवं नगरपालिकाहरू।

समितिका मस्यौदा प्रतिवेदनमा उल्लेखित तीन तह रहने प्रस्तावप्रति नेकपा (माले) को असहमति रहेको छ। धन्यवाद!

७/१०/२०६६

मा. नीलम केसी (खड्का)
सभासद्
नेकपा (माले)

९६
१०।६

२०६६ माघ ७

**माननीय सभापतिज्यू,**
राज्यको पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति,
संविधानसभा, नेपाल ।

**विषय :- <u>फरकमत बारे ।</u>**

त्यस समितिबाट प्रस्तुत १४ प्रदेशको नक्सामा कैलाली तथा कंचनपुर जिल्लाहरु लाई स्वीकृत प्रदेश निर्माण सम्बन्धी आधारहरु बिपरित नक्शाकंन गरिएकोमा असहमती प्रकट गर्दछु । खस-क्षेत्री, पहाडि समुदायको जनसंख्या मात्र वा बाहुल्य भएका बिध्यमान गा.वि.स. हरुलाई लुम्बिनी-अवध अव थारु क्षेत्रमा राखिएकोमा आपत्ति व्यक्त गर्न चाहन्छु तथा जनसंख्याको **Cluster** आधारमा ति गा.वि.स हरु खप्तड र कर्णली क्षेत्रमा राख्न समेत अनुरोध गर्दछु साथै ।

राना थारुको बाहुल्य भएको क्षेत्रलाई स्वायत्त क्षेत्रको सूचिमा समेत उल्लेख गर्ने सुझाव राख्न चाहन्छु ।

..............
डा. आरजु राणा देउवा
सदस्य
राज्यको पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति,

१८
१०/६

२०६६ माघ ७

**माननीय सभापतिज्यू,**
राज्यको पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति,
संविधानसभा, नेपाल ।

**विषय :- फरकमत बारे ।**

हाल देखाए बमोजिम समितिबाट प्रस्तुत १४ प्रदेशको नक्सामा नारायणी, तमुवान र मगरातको नक्सा निर्माण अवधारणा मान्यताको प्रदेश निर्माण सम्बन्धि स्वीकृत आधार विपरीत गरिएको हुनाले स्याङ्जा जिल्लालाई एउटै प्रदेशमा राख्ने गरी प्रस्तुत गर्न र साथै पर्वत जिल्लाको ३८ गा.वि.स. र स्याङ्जालाई नारायणी प्रदेशमा राख्दा भौगोलिक र सांस्कृतिक रुपमा नमिल्ने हुँदा फरकमत प्रस्तुत गरेको छु ।

गोपालमान श्रेष्ठ
सदस्य
राज्यको पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति,

१६
१०/६

मानिनय सभापति ज्यू
राज्यको पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति

विषय: प्रारम्भिक मस्यौदा उपर फरकमत समावेश गरिएको सन्दर्भमा

राज्यको पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले संघीय एकाईहरुको क्षेत्र निर्धारण गर्ने सिद्धान्त तथा आधारहरु सहमतिका अधारमा नै तय गरेको थियो । त्यसमा पहिचानका पाँच आधार र समर्थ्यका चार आधार तय गरिएका छन् । उपरोक्त आधारमा आधारित रहेर विशेषज्ञ कमिटी गठन गरी त्यसको सुझाव तथा सिफारिसका आधारमा प्रदेशको संख्या, नामांकन र सिमाकंन गरिएको भए अहिले प्रस्तावित गरिएको ढाँचाभन्दा बढि उपयुक्त प्रस्ताव तयार हुने थियो । तर प्राविधिक कमिटीको काम समेत समिति आफैले वहन गर्न खोज्दा त्यसरी तयार भएको प्रस्तावमा राजनीतिक दलहरुका बीचमा पर्याप्त छलफल नहुँदा गंभीर त्रुटि र विचलन देखिएको छ । तराई मधेस क्षेत्रमा सकेसम्म कम प्रदेश बनाउने मधेसी सभासदहरुको चाहना र पहाडी क्षेत्रमा पहिचान आधारित धेरैभन्दा धेरै प्रदेशको जनजातिय आकांक्षाका कारणले समितिको काम गंभीर रुपमा प्रभावित भएको छ । यसबाट पहाडमा एक पहिचान एक प्रदेशको मान्यता स्थापित गर्न खोजिएको छ भने तराई मधेसमा वहुपहिचानमा आधारित प्रदेशको मान्यतालाई आत्मसात गरिएको छ । यसबाट संघीय शासन व्यवस्थाको अभ्यासमा नै असन्तुलन पैदा हुने देखिन्छ । संघियता मार्फत जाति, भाषा, समुदाय र क्षेत्रका आकांक्षालाई सन्तुलित ढंगले सम्बोधन गर्ने हो भने प्रादेशीक संरचनाको निर्माणमा देखिएको यस प्रकारको असन्तुलन हटाउन सक्नु पर्दछ । यसका लागि पहाड र तराई क्षेत्रमा प्रदेश निर्माणका सन्दर्भमा एकरुपता कायम गर्ने कोशिस गरिनु पर्दछ ।

यसरी नै प्रदेशको नामांकन र सिमांकनका सन्दर्भमा अवलम्वन गरिएको विधि र प्रकृया पनि अपूर्ण र एकहदसम्म त्रुटीपूर्ण हुन गएको छ । नेपालको जटिल भूवनोट, अहिलेसम्म तयार भएका भौतिक पूर्वाधार, सदियौ देखि एकआपसमा घुलमिल भएर बसेका जनताको मनोविज्ञान र स्थानियस्तरमा विकसित आर्थिक तथा सामाजिक सम्बन्धको पक्षलाई पूर्णत: उपेक्षा गरी पहिचान र समुदाय विशेषको मागलाई आधार बनाई गरिएको सिमाकंन र नामांकनलाई विज्ञहरुको सहयोगमा परिमार्जन नगर्ने हो भने यसबाट निकट भविष्यमा नै जटिलता पैदा हुने निश्चित छ । तसर्थ समितिले तयार गरेको प्रारम्भिक मस्यौदा उपर सम्विधानसभामा छलफल गरी त्यसलाई अन्तिम रुप दिनुभन्दा पहिले सम्विधानसभाले एक विशेषज्ञ कमिटी बनाई उक्त प्रस्तावलाई परिमार्जन गर्नु उपयुक्त हुन्छ । उक्त कमिटीले नै प्रस्तावित प्रदेशको सिमांकन, नामांकन गर्नुका साथै त्यसका लागि उपयुक्त हुने केन्द्र समेत तोकिनु पर्दछ । यद्यपी यसरी तयार भएको प्रस्तावलाई समेत सम्विधानसभाबाट अनुमोदन गर्नु उपयुक्त नै हुनेछ ।

यसका साथै प्रदेशको कार्यकारी नेतृत्वका लागि गरिएको राजनीतिक अग्राधिकारको सवाल लोकतान्त्रिक मुल्यपद्धति र मानव अधिकार सम्वन्धि विश्वव्यापी मान्यताका समेत विरुद्धमा भएको र प्रदेशको अधिकार क्षेत्र अन्तरगत व्यवस्था गरिएको स्वायत्त क्षेत्रका सन्दर्भमा कुनै प्रकारको आधार तय नगरी हचुवाका भरमा सम्विधानको अनुसूचीमा उल्लेख गर्ने कुरा त्रुटिपूर्ण छ । यसले स्वायत्त प्रदेशको भूमिकालाई समेत साँघुरो बनाउने काम गरेको छ । यस प्रकारका त्रुटिहरुलाई समेत सम्विधानसभामा छलफल गरी सच्याइनु उपयुक्त हुन्छ ।

तसर्थ,
उपरोक्त सुझावका साथ प्रारम्भिक मस्यौदा उपरको मेरो फरक मतहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

शंकर पोखरेल
सदस्य
राज्यको पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति
२०६६ माघ ७

| प्रस्तावित व्यवस्था माथिको फरक मत | फरक मत राख्नुका कारणहरु |
|---|---|
| ५(२)को सट्टा निम्न अनुसार राख्ने<br>उपधारा(१) बमोजिम निर्माण गरिने प्रदेशको नाम र क्षेत्रको निर्धारण पहिचान र सामर्थ्यका आधारमा सम्विधानसभाले गठन गरेको विशेषज्ञ कमिटीले तय गरे बमोजिम हुनेछ । | प्रस्तावित प्रदेशको सिमाना, नाम र केन्द्र जस्ता कुराहरुको निर्धारण एक जटिल र सम्वेदनशील काम हो । पहिचानलाई मुलआधार बनाएर तय गरिएको सिमांकनलाई भौगोलिक अनुकुलता, प्रशासनिक सुगमता र आर्थिक अन्तरसम्बन्ध जस्ता सामर्थ्यका आधारमा परिमार्जन गर्नुपर्ने हुन्छ । साथै प्रदेशको नामकरणका सन्दर्भमा पनि जातिवाचक वा समुदाय वाचक नामभन्दा बाहुल्यताको अवस्थामा रहेको समुदायको भाषिक तथा सांस्कृतिक पहिचान खुल्ने गरी सकेसम्म त्यस प्रदेशका बहुसंख्यक जनतालाई स्वीकार्य हुने नाम राखिनु उपयुक्त हुन्छ । यस प्रकारको काममा राजनीतिक व्यक्तिहरु भन्दा प्राविधिक व्यक्तिहरु नै सलग्न गराइनु उपयुक्त हुन्छ । |
| ६४ ~~लाई हटाउने~~ अनुसूची २ हटाउने | विशेष संरचना अन्तरगतका स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको गठनको विषयलाई प्रदेशको क्षेत्राधिकारको विषयका रुपमा प्रस्तावित गरिएको परिप्रेक्षमा सम्विधानको अनुसूचीमा विना कुनै मापदण्ड स्वायत्त क्षेत्रको नाम उल्लेख गर्ने कुरा उपयुक्त नभएकोले । |
| १[illegible]मा खस पर्वते दलितका ठाउँमा पहाडे दलित राख्ने | खस पर्वते दलित शब्दले नेवार समुदाय भित्रका दलितहरुलाई नसमेट्ने भएकोले । |
| धारा ८६ राजनीतिक अग्राधिकार सम्वन्धि प्रस्तावित व्यवस्था हटाउने | समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था सम्विधानमा नै सुनिश्चित भएको र आदिवासी, आदिवासी जनजाती र मधेसी समेतका लागि आत्मनिर्णयको अधिकारको व्यवस्था समेत गरिसकिएको परिप्रेक्षमा राजनीतिक अग्राधिकार सम्वन्धि व्यवस्था आवश्यक नरहेको । जातिय र सामुदायिक पहिचानका आधारमा प्रदेश विशेष निश्चित जाति वा समुदायलाई कार्यकारी नेतृत्वमा अग्राधिकार रहने व्यवस्था लोकतान्त्रिक मुल्यपद्धति र मानव अधिकारका विरुद्धमा समेत हुने भएकोले हटाउनु आवश्यक भएको । राजनीतिक अग्राधिकार सम्वन्धि व्यवस्था यथावत राख्ने कुराले संघियतामा नै प्रतिकुल असर पार्ने अवस्था समेत रहेको । |
| १[illegible](२) मा गरिएको तीन र पाँच प्रतिशतको थप व्यवस्थाले पर्ने प्रभावका सन्दर्भमा प्रस्तावित मस्यौदामा स्पष्ट गरिनु आवश्यक छ । | यस व्यवस्थाले सापेक्षित रुपमा ठूलो संख्यामा रहेको दलितको तुलनामा कम संख्यामा उपस्थित दलितहरुलाई बढी लाभ पुग्ने अवस्था रहेको र थप प्रतिनिधित्वको व्यवस्थाले जनसंख्याका आधारमा सामानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था प्रत्यक्ष रुपमा प्रभावित हुने भएको हुँदा यस सम्वन्धि व्यवस्थालाई स्पष्ट गरिनु आवश्यक छ । यस प्रकारको प्रतिनिधित्व गर्दा कुनै खास समुदायबाट कटौती गर्ने हो कि बाँकी सबै समुदायबाट भन्ने कुरा पनि स्पष्ट नभएको अवस्था छ । कसरी गर्ने भन्ने कुरा स्पष्ट गरी थप प्रतिनिधित्वको व्यवस्था गर्दा सबै क्षेत्रका दलितलाई समान अवसर प्राप्त हुने व्यवस्था गरिनु उपयुक्त हुन्छ । |

२०
१०।८

मिति: २०६६।१०।०७

माननीय सभापतिज्यू,
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

**विषय:- फरक मत पेश गरेको बारे।**

महोदय,

राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले मिति २०६६।१०।६ गते पारित गरेको नेपालको संघीय स्वरुपको प्रस्तावित १४ प्रदेशमा उल्लेखित ताम्सालिङ्ग प्रदेश अन्तर्गत निम्न जिल्लाहरु समावेश हुनुपर्नेमा सो बमोजिम भएको नदेखिएकोले उक्त नक्शाका सम्बन्धमा मेरो फरक मत पेश गरेको छु। प्रस्तावित ताम्सालिङ्ग प्रदेशको नक्शा यसै पत्रमा संलग्न गरेको छु।

ताम्सालिङ्ग प्रदेशमा समावेश हुनुपर्ने जिल्ला तथा गा.वि.स.हरु

१) रसुवा, नुवाकोट, धादिङ्ग, सिन्धुपाल्चोक, रामेछाप, दोलखा, सिन्धुली, काभ्रे र मकवानपुर जिल्ला

२) ललितपुर जिल्लाका पहाडि गा.वि.स. हरु

निवेदक,
मा० प्रेम बहादुर तामाङ्ग
सभासद
संविधानसभा
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

## Tamsaling



२१
१०/6

मिति: २०६६।१०।०७

माननीय सभापतिज्यू,
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

<u>विषय:- फरक मत पेश गरेको बारे ।</u>

महोदय,

राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समितिले मिति २०६६।१०।६ गते पारित गरेको नेपालको संघीय स्वरुपको प्रस्तावित १४ प्रदेशमा उल्लेखित मगरात प्रदेश अन्तर्गत निम्न जिल्लाहरुका निम्न गा.वि.स.हरु समावेश हुनुपर्नेमा सो बमोजिम भएको नदेखिएकोले उक्त नक्शाका सम्बन्धमा मेरो फरक मत पेश गरेको छु ।

<u>मगरात प्रदेशमा समावेश हुनुपर्ने जिल्ला तथा गा.वि.स.हरु</u>

१) दाङ्ग – स्यूजा, सैगा, काभे, ल्वाहारपानी र हाँसीपूर

२) दोल्पा – सगरतार र लाउन

३) नवल परासी – त्रिवेनीसुस्ता, दाउनेदेवी, रुपैलिया, रतनपुर र देवचुली

निवेदक,
मा० ओनसरी घर्ति मगर
सभासद
संविधानसभा
राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

२२
१०/७

मिति: २०६६/१०/०७

माननीय सभापति ज्यू,
राज्य पुर्नसंरचना तथा राज्य शक्तिको बाँडफाँड समिति
संविधान सभा सचिवालय,
सिंहदरबार, काठमाण्डौ ।

**विषय: फरक मत प्रस्तुत गरेको बारे ।**

संविधान सभामा प्रस्तुत गरिने त्यस समितिको 'अवधारणा पत्र तथा मस्यौदा'मा निम्न बमोजिमको फरक मत अभिलेख स्वरुप दर्ज गर्न चाहन्छु ।

**मेरा फरक मतहरु**

१. त्यस समितिको 'अवधारणा पत्रमा आधारीत व्याख्यात्मक टिप्पणी समितिको मस्यौदा' को धारा–५ 'प्रदेश निर्माण' शिर्षकको टिप्पणीमा "नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मीक र भौगोलीक विविधतायुक्त मुलुक भएको **भूबनौटका हिसाबले हिमाल, पहाड, उपत्यका र तराई–मधेशमा विभक्त भएको छ"** उद्धृत वाक्य प्रति मेरो टिप्पणी यस प्रकार छ ।

क. 'तराई–मधेश' पर्यायवाची शब्द होइनन् । मधेशवादी दलहरुका दस्तावेज अनुसार मधेश भनेको 'आर्यावृत' हो । अर्थात मधेश भनेको संस्कृति हो । यसर्थ 'मधेश' शब्दले भू–बनोटलाई बुझाउन सक्तैन ।

ख. यदि 'मधेश' शब्दले 'मध्य देश' अथवा अपभ्रंश 'मधेश' भू–भाग हो भने नेपालको मध्य भाग तराई कसरी मध्य भाग हुन सक्तछ ? पोखरा र काठमाण्डौ उपत्यका मध्य भागमा पर्न सक्तछ । तराईलाई 'मधेश' भन्नुको आशय नेपालको तराई भूभाग भारतीय भूभाग अन्तरगत पर्छ भन्नु हो, जुन कुरा स्वाधीन नेपालीहरुका लागी मान्य हुन सक्तैन ।

ग. यदि नेपालको 'तराई' भूभाग कुनै दुई पहाड बीचको भूभाग अथवा 'चुरे–चुरे', 'चुरे–महाभारत' बीचको भूभाग भएको भए 'तराई' भूभागलाई 'मधेश' मान्न कुनै आपत्ति हुने थिएन । दाङ, चितवन, नवलपरासी, उदयपुर उपत्यका तराईको जस्तो भौगोलिक विशेषता भएका कारण 'Inner Terai' भनेर नेपालको भौतीक भूगोलमा उल्लेख गरियो । मधेशवादी दलहरुले आफ्ना दस्तावेजहरुमा उल्लेख गर्ने गरेको उत्तर हिमालय, दक्षिण बिन्ध्याचल, पूर्व ब्रह्मपुत्र र पश्चिम सिन्धु नदी सम्मको भूभाग 'मधेश' हो भन्नुको तात्पर्य स्वतः 'नेपाल' लाई सिक्कीमीकरण गर्न खोजीएको हो भन्ने आशंका उत्पन्न हुन जान्छ, , जुन कुरा हाम्रा लागी मान्य हुन सक्तैन ।

घ. 'भित्री मधेश' शब्दले आर्यावर्तको भ्रम सृजना गरेको हुँदा अब बन्ने नयां संविधानमा 'भित्री तराई' भनेर उल्लेख गर्न सुझाव दिन्छु ।

ङ. Andrian Sever को 'Nepal Under the Rana Rule in Nepal' र 'Aspects of Modern Nepalese History', डा. त्रिरत्न मानन्धरको 'Some Aspects of Rana Rule in Nepal', हडसनका अतिरिक्त सरदार भीम बहादुर पाण्डेका रचनाहरु र प्रकाश वस्तीको 'हाम्रो कानूनी इतिहासहरुका केही झाँकीहरु' कानूनका पुस्तकहरु हेर्दा प्रधानमन्त्री जंग बहादुर राणा पूर्व ८ तराई अदालत थियो र जंग बहादुर राणा शासन पछि राणा काल भरि तराई अदालत, तराई गोश्वारा र तराई बडा हाकीम रह्यो । पंचायत काल र २०४६ साल पछि राजनैतिक दल र बिद्रोही ने.क.पा. माओवादी बीच शान्ती वार्ता हुन पूर्व सम्म तराई अदालत रह्यो । यसथ नेपालमा 'मधेश' शब्द राजनैतिक स्वार्थबाट अभिप्रेरित रहेको कुरा हाम्रा लागि मान्य हुन सक्तैन । 'मधेश' शब्दले तराईमा आदिमकाल देखि बसोबास गर्दै आएका तराईका आदिवासी र आदिवासी जनजातीहरुको मानमर्दन गरी नव आगन्तुक मधेशीहरुलाई स्थापित गर्ने अर्थलाई बुझाउने भएको हुँदा तराइको भूबनोट बुझाउन 'हिमाल, पहाड, तराई, भित्री तराई' भन्न उपयुक्त हुने छ ।

२. धारा ४ को उपधारा १ को व्याख्यात्मक टिप्पणीमा 'सबै प्रकारका विभेदका विरुद्ध उठेका वर्गीय, जातीय, क्षेत्रीय, भाषीक, लैङ्गि र **मधेश आन्दोलनका आवाजलाई सम्बोदन गर्न'** भन्ने बारे मेरो फरक मत यस प्रकार छ ।

क. २०६४ माघ २ गते तराईको लहान घटना पूर्व काठमाण्डौ, ललितपुर स्थित INGO, SNV कार्यालयमा नेपालका लागि ५ जना महा महीम र १२ जना INGO प्रतिनिधिको सम उपस्थितिमा मधेशवादीहरु बीच छलफल हुँदा संघीयतालाई स्वीकार गर्न सकिने तर 'तराई' लाई 'मधेश' भनेर मान्न सकिदैन भनेर आफ्ना धारणा प्रस्तुत गरेको थिए । साथै विभिन्न कार्यक्रममा तराईलाई मधेश मान्न सकिदैन भन्ने धारणा राख्दै आएको हुदाँ मधेश आन्दोलन भनेर मान्न सकिन्दैन । **बरु तराई आन्दोलन** भन्न सकिन्छ ।

ख. यदि त्यो आन्दोलन संघीयता प्राप्तीका लागि गरिएको थियो भने त्यही रुपमा सम्बोदन गर्न आवश्यक हुन्छ ।

ग. मधेश आन्दोलनलाई सम्बोधन गरे पछि **बरुहट आन्दोलन**लाई किन उल्लेख नगर्ने ?

महेश चौधरी
सदस्य
राज्य पुर्नसंरचना तथा राज्य शक्तिको बाँडफाँड समिति
संवीधान सभा

२३
१०/८

माननीय सभापतिज्यू,
राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समिति,

*विषय: फरक मत बारे ।*

राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिद्धारा संविधान सभामा प्रस्तुत गरिने राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको अवधारणा पत्र तथा प्रारम्भिक मस्यौदाको प्रतिवेदनमा हामी तपसीलका सदस्यहरु तपसील बमोजिमका बुंदाहरुमा तपसील बमोजिमका फरक मत राखेकोले हाम्रो फरक मत प्रतिवेदनमा समावेश गरि दिनु हुन अनुरोध गर्दछौं :

**राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको अवधारणा पत्रको प्रारम्भिक प्रतिवेदनमा असहमतिका बुंदाहरु:**

१. राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रारम्भिक मस्यौदाको प्रारम्भिक प्रतिवेदनमा असहमतिका बुंदाहरुलाई अनुकुल हुने गरी राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको अवधारणा पत्र समेतमा असहमतिका बुंदाहरु समेत मिलाउने

**राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिको प्रारम्भिक मस्यौदाको प्रारम्भिक प्रतिवेदनमा असहमतिका बुंदाहरु:**

| क.सं. | सि. नं. र विषय बस्तु | कहाँ राख्ने | के राख्ने |
|---|---|---|---|
| १ | १. प्रस्तावना | दोश्रो पंतिको लैंगिक तथा पछि | मधेशी |
| २ | १. प्रस्तावना | १५औं पंतिको धर्म निरपेक्ष पछि | बहुराष्ट्रिय |
| ३ | १. प्रस्तावना | १७औं पंतिको लिंग एवं पछि | मधेशी |
| ४ | ३. राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको स्वरुप | बुंदा नं. (२)को आठौं पंतिमा लोकतान्त्रिक पछि | शासन |
| ५ | ३. राज्यको पुर्नसंरचना तथा राज्यशक्तिको स्वरुप | बुंदा नं. (३)को दोश्रो पंतिमा बसोबास गर्ने पछि | मधेशी समुदाय र |
| ६ | ४. संघिय नेपालको तहगत संरचना | बुंदा नं. (३)को पहिलो पंतिमा स्थानीय तह पछि | लाई थप्ने र .... मा देखी तेश्रो पंतिको ..... गरी सम्म हटाउने |
| ७ | ४. संघिय नेपालको तहगत संरचना | बुंदा नं. (४)को दोश्रो पंतिमा रुपमा पछि | .....प्रादेशिक कानुन ..... थप्ने र .... संविधानको देखी तेश्रो पंतिको भए ..... सम्म हटाउने |
| ८ | ४. संघिय नेपालको | बुंदा नं. (५)को पहिलो | .....विशेष संरचनालाई |

— १ —

| | | | |
|---|---|---|---|
| | तहगत संरचना | पंतिमा स्थापना हुने पछि | ... थप्ने र..स्वायत्त क्षेत्र देखी तेश्रो पंतिको ....गर्ने गरी ....सम्म हटाउने |
| ९ | ७. स्थानीय तहको निर्माण | बुंदा नं. (२)को दोश्रो पंतिमा सरकार पछि | .....लाई ... देखी चौथो पंतिको संघिय सरकार ..... सम्म हटाउने |
| १० | ७. स्थानीय तहको निर्माण | बुंदा नं. (३)को पहिलो पंतिमा बमोजिम पछि | .....संघिय सरकार ... देखी दोश्रो पंतिको ..... सम्बन्धित सम्म हटाउने |
| ११ | ८. विशेष संरचना सम्बन्धि व्यवस्था | बुंदा नं. (१)को चौथो पंतिमा क्षेत्रलाई पछि | .....विशेष संरचना .... थप्ने र सो स्थानको स्वायत्त क्षेत्र ... हटाउने |
| १२ | ८. विशेष संरचना सम्बन्धि व्यवस्था | बुंदा नं. २, ३, ४ र ५ हटाउने | |
| १३ | ९. संघ, प्रदेश, स्थानीय तह र विशेष संरचनाको अधिकारको बांडफांड | बुंदा नं. ५,६,७,८,९ र १० हटाउने | .....संघिय सरकार ... देखी दोश्रो पंतिको ..... सम्बन्धित सम्म हटाउने |
| १४ | ११. संघिय एकाईहरु वीच उत्पन्न हुने विवाद समाधान सम्बन्धि व्यवस्था | बुंदा नं. ११ को संघ र प्रदेश, प्रदेश र प्रदेश वीच पछि | पहिलो पंतिको ... प्रदेश र प्रदेश पछि को प्रदेश र ...देखि .... तेश्रो पंतिको क्षेत्रहरु... सम्म हटाउने |

**अनुसूचि -१ मा असहमतिका बुंदाहरु:**

समितिमा बहुमतको आडमा गरिएको प्रदेशको नक्सांकन र विभाजन पहिचान र सामर्थयको आधारको विपरित रहेको, मधेश आन्दोलन र मधेशी जनताको बृहदतर हित विपरित रहेको, मधेशलाई खण्डित गरी भविष्यमा समेत उनीहरुलाई शोषित, पीडित र उपेक्षित गरी रहने विगतको शासकिय मानसिकताको निरन्तरतालाई नै अगाडी बढाई रहने चिन्तनबाट समेत प्रभावित रहेकोले हामीले यसै असहमतिका साथ प्रस्तुत गरेको नक्सालाई मधेशको सन्दर्भमा मान्यता दिईनु पर्दछ । यसका लागी हामीले नक्सा समेत यसै साथ संलग्न गरेकाछौं ।
**( नक्सा संगै संलग्न गरिएको छ )**

**अनुसूचि -२ लाई पुरै हटाउने**

**अनुसूचि -३ मा असहमतिका बुंदाहरु**

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | संघको अधिकारको सूची बाट क्र.सं. २९ हटाई प्रदेशको अधिकारको सूची अर्थात अनुसूची -४ मा समावेश गरी मिलाउने |

-२-

### अनुसूचि -४ मा असहमतिका बुंदाहरु

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | संघको अधिकारको सूचीको क्रम संख्या ४, ५,२४,२५,२७ हटाई प्रदेशको अधिकारको सूची अर्थात यस अनुसूचीमा समावेश गरी क्रम संख्या मिलाउने |
| २ | अनुसूची -५ मा रहेको विषयबस्तुमा रहेका क्रमसंख्या २, ६, ७, ९, १५,१७, १८, २०, २३, हटाई त्यसलाई प्रदेशको अधिकारको सूची अर्थात यस अनुसूचीमा समावेश गरी क्रम संख्या समेत मिलाउने |
| ३ | अनुसूची -७ मा रहेको विषयबस्तु हटाई त्यसलाई प्रदेशको अधिकारको सूची अर्थात यस अनुसूचीमा समावेश गरी क्रम संख्या समेत मिलाउने |

### अनुसूचि -५ मा असहमतिका बुंदाहरु

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | यस अनुसूचीको विषयबस्तुमा रहेका क्रमसंख्या २, ६, ७, ९, १५,१७, १८, २०, २३, हटाई प्रदेशको अधिकारको सूची अर्थात अनुसूची- ४मा समावेश गरी क्रम संख्या समेत मिलाउने |

### अनुसूचि -७ मा असहमतिका बुंदाहरु

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | अनुसूची -७ मा रहेको विषयबस्तु हटाई त्यसलाई प्रदेशको अधिकारको सूचीमा समावेश गरी क्रम संख्या समेत मिलाउने |

**असहमति लेख्ने संबिधान सभाका माननीय सदस्यज्यूहरु:**

मा. अनिल कुमार झा, सदभावना पार्टी ..........

मा. जयप्रकाश प्रसाद गुप्ता, मधेशी जन अधिकार फोरम, नेपाल ..........

मा. महेन्द्र प्रसाद यादव, तराई मधेश लोकतान्त्रिक पार्टी..........

मा. रामजनम चौधरी, मधेशी जन अधिकार फोरम, नेपाल (लोकतान्त्रिक)..........

मा. सर्वदेव प्रसाद ओझा, मधेशी जन अधिकार फोरम, नेपाल (लोकतान्त्रिक)..........

२०६६ माघ ७ गते बिहिवार

-४-